प्रदेश सभा

# सार्वजनिक लेखा समिति

# दोश्रो प्रतिवेदन

## २०८१

सार्वजनिक लेखा समिति सचिवालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

फोन नं. : ०९१-५२१७३०
E-mail : publicac2076@gmail.com

प्रदेश सभा

# सार्वजनिक लेखा समिति

# दोश्रो प्रतिवेदन

## २०८१

सार्वजनिक लेखा समिति सचिवालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली
फोन नं. : ०९१-५२१७३०
E-mail : publicac2076@gmail.com

# सार्वजनिक लेखा समितिका पदाधिकारीहरु

सभापति
मा. विक्रम सिंह धामी

सदस्य
मा. अक्कल बहादुर रावल

सदस्य
मा. खेमा देवी विष्ट

सदस्य
मा. गिता कुमारी चौधरी

सदस्य
मा. गिता देवी माल

सदस्य
मा. दीर्घ बहादुर सोडारी

सदस्य
मा. प्रकाश बहादुर देउवा

सदस्य
मा. बेल बहादुर रानामगर

सदस्य
मा. मधु देवी भारती

सदस्य
मा. मान बहादुर धामी

सदस्य
मा. सन्तोष कुमारी शर्मा थापा

# मन्तव्य

**माननीय सभामुखज्यू,**

दोश्रो प्रदेश सभाको विषयगत समितिको रुपमा रहेको सार्वजनिक लेखा समितिको दोश्रो वार्षिक प्रतिवेदनलाई यस सम्मानित सदनमा प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवको अनुभूति गरेको छु । प्रदेश सरकारबाट भए गरेका आर्थिक गतिविधिहरुको निगरानी गरी सरकारलाई पारदर्शि, जवाफदेही, उत्तरदायी बनाई नागरिक सन्तुष्टी अभिवृद्धि गर्ने र सरकारको प्रभावकारिता र लोकप्रियता बढाउन समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसका अतिरिक्त प्रत्येक वर्ष महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गर्ने प्रदेशगत वार्षिक प्रतिवेदनमा प्रदेशका सम्पूर्ण निकायहरुको आय र व्ययको विवरण सहितको सैद्धान्तिक र लगती बेरुजु माथि दफावार छलफल गरी देखिएको बेरुजुलाई फछ्यौट गराउने कार्यमा समेत यस समितिले अहम भूमिका खेल्दै आएको व्यहोरा सम्मानित सदनलाई जानकारी नै छ ।

**माननीय सभामुखज्यू,**

यस समितिको गठन भए पश्चात शुरुका १८ वैठक मेरो नेतृत्वमा बसेका थिए । प्रदेश सभाका सबै विषयगत समितिका सभापतिहरुको निर्वाचन भइसकेपछि माननीय विर बहादुर थापा सभापतिमा निर्वाचित हुनु भयो । विभिन्न राजनीतिक उतारचढापका कारण समितिका सभापति माननीय विर बहादुर थापा प्रदेश सरकारको मन्त्री नियुक्त भइसकेपछि पुनः समितिको ज्येष्ठ सदस्य अर्थात मेरो सभापतित्वमा समितिका वैठकहरु बस्न थालेका हुन् । हालसम्म समितिले विभिन्न कार्यमा सहजता, प्रभावकारीता तथा छिटो छरितो रुपमा कार्यसंचालन गर्नका लागि उपसमितिहरु गठन गर्दै आइरहेको छ । सर्वप्रथम समितिले भिडियो कन्फिरेन्स सम्बन्धमा छानविन गर्न उपसमिति गठन गरेको थियो । यस सम्बन्धमा उपसमितिले प्रतिवेदन पेश गरिसकेपछि समितिले छलफल गरी सरकारलाई आवश्यक निर्देशन दिइसकेको छ ।

महालेखापरीक्षकको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन माथि छलफल गरी टुङ्ग्याएको र अन्य प्रतिवेदनहरु माथि लामो समयदेखि छलफल हुन नसकेको अवस्थामा यस समितिको गठन पश्चात हामीले आर्थिक वर्ष २०७६/०७७ को प्रतिवेदनमाथि छलफल गर्ने कार्य शुरु गरेका थियौं । यस सम्बन्धमा प्रतिवेदनका दफाहरु माथि दफावार छलफल गरी राय सहितको प्रतिवेदन पेश गर्न दुई पटक उपसमिति गठन गरी उपसमितिले पेश गरेको प्रतिवेदनका आधारमा सम्बन्धित निकायहरुलाई आवश्यक निर्देशन दिने कार्य समेत गरेको अवस्था छ ।

यस समितिले प्रदेश सरकारका निकायहरुले गर्ने आर्थिक गतिविधिहरु तथा भइरहेको खर्च पारदर्शी र मितव्ययी ढंगले गरिराखेको छ/छैन, खर्च गर्दा सम्बन्धित ऐन, नियम तथा कार्यविधिको पूर्ण परिपालना गरेको छ/छैन भन्ने सम्बन्धमा सम्बन्धित निकायबाट कागजातहरु झिकाई अध्ययन गर्ने र विज्ञ सहितको स्थलगत अवलोकन गर्ने गरेको छ । आर्थिक वर्ष २०७६/०७७ को बेरुजु माथि अध्ययन गर्ने क्रममा समितिले प्रदेश सरकारका विभिन्न निकायहरुबाट जम्मा ३ करोड २७ लाख ४० हजार ५ सय ५६ मात्र रकम असुल उपर गर्नुपर्ने देखेकोले उक्त रकम असुल गर्न निर्देशन दिएको छ । त्यस्तै प्रदेश सरकार (कार्य विभाजन) नियमावलीमा उल्लेखित आफ्नो विषयक्षेत्रगत कानूनहरु सबै तर्जुमा नगरेको, खरिद कार्य

गर्दा प्रतिष्पर्धालाई सीमित पार्ने गरी सोझै खरिद गरिएको, अन्य खरिदमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार नगरिएको, कतिपय निकायहरुले अनुदान वितरण गर्दा खर्चको सुनिश्चितता हुने आधार तथा प्रमाण र अनुगमन प्रतिवेदन समेत पेश नगरेको, धेरै निकायहरुले आर्थिक वर्षको अन्तमा सामाग्री खरिद गरी मौज्दात राख्ने गरिएको, कृषि क्षेत्रमा वितरण गरिने अनुदान रकमको दुरुपयोग हुने गरेको, शिक्षा, स्वास्थ्य तथा वन क्षेत्रमा समेत आवश्यक कार्यविधि तथा प्रक्रिया पुरा नगरी काम गर्ने गरेको लगायतका कार्यहरु भेटिएको हुँदा समितिले आवश्यक निर्देशनहरु जारी गर्ने कार्य गरेको छ ।

यसै गरी कतिपय निकायहरुले बजेट सीमा भन्दा बढी खर्च गरेको, बजेट तथा कार्यक्रमहरु सन्तोषजनक रुपमा कार्यान्वयन हुने नगरेको, विभिन्न कर तथा शुल्कको उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा गर्न बाँकी रहेको, वर्षान्तमा खर्च गर्ने प्रवृत्ति, बजेटको रकमान्तर लगायतका विषयमा आवश्यक निर्देशन दिनुका साथै अनियमित तथा असुल गर्नु पर्ने बेरुजुहरु फछ्र्यौट गरी सम्परीक्षण गर्न सबै निकायहरुलाई निर्देशन दिइएको सम्मानित सभालाई जानकारी गराउन चाहान्छु ।

अन्त्यमा, समितिको कार्यलाई मार्गदर्शन गरी अभिभावकीय भूमिका निभाउनु हुने माननीय सभामुखज्यू र माननीय उपसभामुखज्यू प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु । साथै समितिमा प्रत्येक वैठकहरुमा सक्रियतापूर्वक सहभागी भई समितिका गतिविधिहरुलाई प्रभावकारी रुपमा संचालन गर्न भूमिका निर्वाह गर्नुहुने समितिका माननीय सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन तथा अन्य विषयमा छलफलको क्रममा समितिमा उपस्थित भई समितिको निर्देशन कार्यान्वयनमा सहयोग पुर्याउनु हुने मन्त्रालयका माननीय मन्त्रीज्यूहरु, प्रमुखसचिवज्यू, सचिवज्यूहरु तथा अन्य पदाधिकारी तथा कर्मचारीज्यूहरुमा म हार्दिक आभार व्यक्त गर्दछु । समितिको काममा समन्वयात्मक सहयोग पुऱ्याउनु हुने प्रदेश सभा सचिवज्यू, सचिवालयका कर्मचारीहरु, पत्रकारज्यूहरु लगायतलाई म समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहान्छु । समितिका प्रत्येक क्रियाकलापमा साथ रही सहयोग गर्ने तथा प्रतिवेदनलाई यो रुपमा तयार गर्ने समिति सचिवज्यू लगायत समिति सचिवालयका कर्मचारीहरुलाई म विशेष धन्यवाद दिन चाहान्छु ।

**माननीय सभामुखज्यू,**

माननीय सभामुख महोदयको अनुमतिले अब म सार्वजनिक लेखा समितिको दोश्रो प्रतिवेदन, २०८१ सम्मानित सभा समक्ष स्वीकृतिका लागि पेश गर्दछु ।

धन्यवाद ।

मिति : २०८१ पौष ०४ गते

.................................

मा. विक्रम सिंह धामी

सभापति

सार्वजनिक लेखा समिति

# विषयसूची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| | परिच्छेद-१<br>प्रारम्भिक | |
| १.१ | समितिको परिचय | १ |
| १.२ | समितिको गठन | २-३ |
| १.३ | समितिको कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार | ३-४ |
| १.४ | समितिको सचिवालय | ४ |
| १.५ | समिति संचालन सम्बन्धी थप विवरण | ४ |
| | परिच्छेद-२<br>समितिका मुख्य गतिविधिहरु, निर्णयहरु तथा माननीयहरुको कार्यगत तथा उपस्थिति विवरण | |
| २.१ | समितिले हालसम्म सम्पन्न गरेका मुख्य मुख्य गतिविधिहरु | ५-६ |
| २.२ | समितिको वैठकका निर्णयहरु | ६-२६ |
| २.३ | सार्वजनिक लेखा समितिको गठन मिति २०८०/०२/१७ देखि मिति २०८१/०७/२६ गतेसम्म समिति तथा उपसमितिमा रही कार्य सम्पन्न गर्नु भएका तथा कार्य गरिरहनु भएका माननीयहरुको कार्यगत विवरण | २७-२८ |
| २.४ | मासिक रुपमा भए गरेका समिति वैठकका विवरणहरु | २९-३० |
| | परिच्छेद-३<br>महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा<br>भएका कामकारबाहीहरुको विवरण | |
| ३.१ | महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमाथि छलफल गर्न गठन भएका उपसमितिहरु | ३१ |
| ३.२ | प्रदेश सभा सचिवालय | ३२ |
| ३.३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३३ |
| ३.४ | आर्थिक मामिला मन्त्रालय | ३४-४२ |
| ३.५ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४३-४४ |
| ३.६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ४५-४७ |
| ३.७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ४८-५२ |
| ३.८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५३-६४ |
| ३.९ | सामाजिक विकास मन्त्रालय | ६५-७२ |
| ३.१० | मुख्यन्यायाधिवक्ताको कार्यालय | ७३ |
| | परिच्छेद-४<br>विभिन्न समयमा गठन भएका उपसमितिका प्रतिवेदनहरु | |
| ४.१ | भिडियो प्रकरण सम्बन्धमा छानविन उपसमिति | ७४-८५ |
| ४.२ | बेरुजु अध्ययन उपसमिति | ८६-१०५ |

# परिच्छेद-एक

## प्रारम्भिक

### १.१ समितिको परिचय :

सार्वजनिक लेखा समिति प्रदेश सभाको एउटा महत्वपूर्ण समिति र स्थायी समिति हो । यसले सरकारका आर्थिक गतिविधिहरुको निगरानी गरी आर्थिक सुशासन कायम गराउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि सरकारी खर्च र लेखाको अनुगमन र परीक्षण गर्ने, सरकारको नीति निर्माण तहदेखि तिनको कार्यान्वयनको चरण र कार्यसम्पन्न भए पश्चात खर्चको यथार्थ अवस्थाको निगरानी गरी सार्वजनिक काम कारबाहीमा पार्दर्शिता, मितव्ययीता, जवाफदेहिता, औचित्यता र प्रभावकारिताको सुनिश्चित गराउने कार्य गर्दछ । सरकारका गतिविधिहरुको प्रत्यक्ष निगरानी गरी अख्तियारको दुरुपयोग हुन नदिई त्यसलाई नियन्त्रण गर्न आवश्यक निर्देशन दिने हुँदा समितिको सभापतिमा प्रतिपक्ष दलबाट चयन गर्ने अन्तर्राष्ट्रिय प्रचलन रहँदै आएको छ ।

सार्वजनिक लेखा समितिको इतिहास हेर्ने हो भने यसको गठन बेलायतको संसदबाट सन् १८६१ मा भएको पाइन्छ । उक्त समिति गैरराजनीतिक रुपमा काम गर्ने अपेक्षाका साथ राज्यकोषको खर्च संसदले चाहे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययीतापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्ने उद्देश्यका साथ भएको थियो । नेपालमा सार्वजनिक लेखा समितिको शुरुवात वि.सं. २०१६ साल देखि नै भएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले सार्वजनिक लेखा समितिलाई संवैधानिक व्यवस्था गरेको थियो भने हाल प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न सहयोग पुऱ्याउने र सरकारका गतिविधिहरुको निगरानी गरी सचेत गराउने उद्देश्यले नेपालको संविधानको धारा १९३ र सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १५१ बमोजिम विभिन्न समितिहरु गठन गर्न सकिने प्रावधान रहेको छ । सोही प्रावधान बमोजिम सुदूरपश्चिम प्रदेश सभाको प्रथम अधिवेशनको नवौं बैठकबाट सार्वजनिक लेखा समितिको गठन भएको हो ।

प्रदेश सभाका अन्य विषयगत समितिहरु मध्ये सार्वजनिक लेखा समिति महत्वपूर्ण समिति भएकाले यस्ले प्रदेशमा वित्तीय सुशासन कायम गर्न, सार्वजनिक पदाधिकारीहरुलाई उत्तरदायी बनाउने, जवाफदेहिता प्रबर्द्धन गर्ने तथा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन माथि अध्ययन तथा छलफल गरी बेरुजुलाई नियमित गराउने, असुल उपर गराउने, प्रमाण कागजात पेश नगरेको अवस्थामा प्रमाण पेश गर्न लगाउने तथा छानविन गर्नुपर्ने किसिमको बेरुजु माथि छानविन गरी कारबाहीका लागि सिफारिस गर्ने कार्य गर्दछ ।

## १.२ समितिको गठन :

नेपालको संविधानको धारा १९३ बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न सहयोग पुऱ्याउने र सरकारका गतिविधिहरुको निगरानी गरी सचेत गराउने उद्देश्यले सार्वजनिक लेखा समितिको गठन भएको हो । सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा प्रदेश सभा अन्तरगत गठन हुने समितिमा बढीमा ११ जना सदस्य मनोनयन गर्न सक्ने प्रावधान नियमावलीमा व्यवस्था गरिएको छ । सुदूरपश्चिम प्रदेश सभाको प्रथम अधिवेशनको नवौं बैठकबाट सार्वजनिक लेखा समितिको गठन भए पश्चात पहिलो बैठक मिति २०८० साल जेठ १७ गते बसेको थियो । सर्वप्रथम समितिमा मनोनयन भएका माननीय सदस्यज्यूहरुमध्ये ज्येष्ठ सदस्य माननीय विक्रम सिंह धामीज्यूको सभापतित्वमा बैठकहरु बसेका थिए । माननीय विर बहादुर थापा समितिको सभापतिमा निर्वाचित भए पश्चात मिति २०८०/०९/२५ गते बसेको १९ औं वैठकबाट वाहाँको सभापतित्वमा वैठकहरु संचालन भएका थिए भने माननीय सभापति प्रदेश सरकारको मन्त्री भइसकेपछि पुनः मिति २०८१/०२/३० गते बसेको ३९ औं वैठकबाट समितिका ज्येष्ठ सदस्य माननीय विक्रम सिंह धामीज्यूको सभापतित्वमा वैठकहरु बसी रहेका छन् ।

समितिमा सदस्यहरुको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल वा स्वतन्त्र सदस्य संख्या, महिला, दलित, आदिवासी/जनजाति, खस-आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतको समानुपातिक प्रतिनिधित्व गराउने व्यवस्था रहेको छ भने कुनै सदस्य एकै साथ एकभन्दा बढी विषयगत समितिको सदस्य हुन नसक्ने प्रावधान रहेको छ । उक्त व्यवस्था बमोजिम सर्वप्रथम समितिको गठन गर्दा जम्मा १० जना सदस्यहरु मनोनयन गरिएको थियो । विभिन्न समयमा समितिका सदस्यज्यूहरु मन्त्रिपरिषदमा सहभागी हुने क्रमसँगै समितिका सदस्यहरु हेरफेर भइ रहनु भएको छ ।

**सार्वजनिक लेखा समितिमा रहनु भएका माननीय सदस्यज्यूहरुको नामावली :**

| क्र.सं. | नाम, थर | जिल्ला | सम्बद्ध राजनीतिक दल |
|---|---|---|---|
| १ | माननीय विक्रम सिंह धामी | दार्चुला | नेपाली कांग्रेस |
| २ | माननीय अक्कल बहादुर रावल | अछाम | नेकपा माओवादी केन्द्र |
| ३ | माननीय खेमा देवी विष्ट | कैलाली | रा.प्र.पा |
| ४ | माननीय गीता कुमारी चौधरी | कंचनपुर | नेपाली कांग्रेस |
| ५ | माननीय गीता देवी माल | डडेल्धुरा | नेकपा माओवादी केन्द्र |
| ६ | माननीय दीर्घ बहादुर सोडारी | कैलाली | नेकपा एकिकृत समाजवादी |
| ७ | माननीय प्रकाश बहादुर देउवा | कैलाली | नेपाली कांग्रेस |
| ८ | माननीय बेल बहादुर रानामगर | कंचनपुर | नेपाली कांग्रेस |

| | | | |
|---|---|---|---|
| ९ | माननीय मधु देवी भारती | कंचनपुर | नेपाली कांग्रेस |
| १० | माननीय मान बहादुर धामी | दार्चुला | नेकपा माओवादी केन्द्र |
| ११ | माननीय सन्तोष कुमारी शर्मा(थापा) | कैलाली | नेकपा एमाले |

**१.३ समितिको कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार :**

**कार्यक्षेत्र :**

सार्वजनिक लेखा समितिको कार्यविधि, २०७६ को दफा ३ बमोजिम समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ ।

- महालेखापरीक्षकको प्रतिवेदनले प्रदेश सरकार अन्तर्गतका कार्यालयका विषयमा औँल्याएका बेरुजु र महालेखापरीक्षकको प्रतिवेदन अध्ययन गरी उक्त औँल्याइएको बेरुजु फछ्र्यौट गर्न गराउन तालुकदार मन्त्रालयलाई निर्देशन दिने ।
- प्रदेश सरकारको पूर्ण वा आंशिक ऋण वा अनुदानमा संचालित संस्था र कार्यक्रमको आर्थिक गतिविधिको छानविन तथा सुनुवाई गर्ने ।
- प्रदेश सरकारको सार्वजनिक सम्पतिको दुरुपयोग सम्बन्धी उजुरीका साथै आयोजनासँग सम्बन्धित उजुरी उपर सम्बन्धित कार्यको विज्ञहरु सम्मिलित उपसमिति गठन गरी छानविन तथा सुनुवाई गर्ने।

**समितिको काम, कर्तव्य र अधिकार :**

सार्वजनिक लेखा समितिको कार्यविधि, २०७६ को दफा ४ बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

- प्रदेश राज्यकोषको खर्च प्रदेश सभाले चाहे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र प्रदेश सरकारको कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्ने,
- सरकारलाई सभा प्रति उत्तरदायी र जवाफदेही बनाउनका लागि सरकारबाट भए गरेका कामकारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिने,
- सभामा पेश गरिएका प्रादेशिक संवैधानिक आयोगका वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजु जाँच गरी औँल्याइएका बेरुजु असुल उपर गर्न प्रयास नगर्ने त्यस्ता आयोगद्वारा भए गरेका कामकारबाही र सो सम्बन्धमा समेत अध्ययन गरी तालुकदार निकायलाई आवश्यक निर्देशन दिने,
- समितिको कार्यक्षेत्र भित्रका विषयमा प्राप्त उजुरी, सञ्चार माध्यममा आएका विषयहरु, सरोकारवालाको चासो एवं समितिले आवश्यक ठानेका विषयहरुमा तत्काल स्थलगत अनुगमन, निरिक्षण वा जाँच गरी गराई सो विषयसँग सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

- सभाबाट प्राप्त महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेखित बेरुजु, अनियमितता जाँच गरी आवश्यक निर्देशन दिने,
- सभाबाट प्राप्त महालेखापरीक्षकको प्रतिवेदनमा स्थानीय तहको आफ्नै श्रोतबाट संचालित कार्यक्रमको विवरण स्थानीय तहमा गठित सार्वजनिक लेखा समितिलाई हस्तान्तरण गर्ने ।

## १.४ सार्वजनिक लेखा समितिको सचिवालय :

सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १७२ मा समितिको सचिवालय सम्बन्धी व्यवस्था गरिएको छ । प्रदेश सभा सचिवालय अन्तर्गत प्रत्येक समितिको सचिवालय रहन्छ । सचिव प्रत्येक समितिको पदेन सचिव हुने र सचिवले आफू मातहतको अधिकृतलाई समितिको सचिव भई काम गर्न तोक्न सक्ने व्यवस्था रहेको छ । समिति सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन सम्बन्धित मन्त्रालय वा अन्तरगत निकायसँग आवश्यक जानकारी माग गर्न सक्नेछ । सचिव र समिति सचिवले सभापतिको अनुमति लिई बैठकमा विचाराधिन विषयमा आफ्ना राय दिन सक्ने व्यवस्था नियमावलीमा गरिएको छ ।

**समिति सचिवालयमा कार्यरत कर्मचारीहरु :**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री बलदेव कपाडी | समिति सचिव |
| २ | श्री प्रेम कटेल | कम्प्युटर अधिकृत |
| ३ | श्री धर्मानन्द भट्ट | माइक संचालक |
| ४ | श्री हर्क बहादुर बोगटी | कार्यालय सहयोगी |

## १.५ समिति संचालन सम्बन्धी थप विवरण :

- समितिको वैठकमा लगातार पाँच पटकसम्म सभापतिको अनुमति विना अनुपस्थित रहने सदस्यलाई सभापतिको सिफारिसमा सभामुखले समितिबाट हटाउन सक्नेछ र सो को जानकारी सभालाई गराउने व्यवस्था रहेको छ ।
- समितिको वैठकमा उपस्थित समितिका सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिने, मत बराबर भएमा सभापतिले निर्णायक मत दिने र समितिको बैठकको निर्णय सभापतिबाट प्रमाणित गर्ने प्रावधान रहेको छ ।
- समितिले आफ्नो कार्य सम्पादनका क्रममा उपसमिति गठन गर्नुपर्ने महशुस गरेमा आफ्नो कार्यक्षेत्रको परिधि भित्र रही उपसमिति गठन गर्न सक्ने र त्यस्तो उपसमिति गठन गर्दा उपसमितिले सम्पादन गर्नुपर्ने कार्य, कार्य सम्पन्न गरिसक्नु पर्ने समयावधि समेत निर्धारण गरी सदस्यहरुको नाम सहित बैठक समक्ष प्रस्ताव गर्ने व्यवस्था रहेको छ ।

# परिच्छेद-२

## समितिका मुख्य गतिविधिहरु, निर्णयहरु तथा माननीयहरुको कार्यगत तथा उपस्थिति

### २.१ सार्वजनिक लेखा समितिले हालसम्म सम्पन्न गरेका मुख्य मुख्य गतिविधिहरु :

प्रदेश सभाको विषयगत समितिहरु मध्ये महत्वपूर्ण समितिको रुपमा रहेको सार्वजनिक लेखा समितिले गठन भए पश्चात मिति २०८०/०२/१७ गते पहिलो वैठक बसी २०८१/०७/२६ गतेसम्म जम्मा ५२ वटा वैठक मार्फत सार्वजनिक लेखा, समितिका परेको उजुरी तथा गुनासाहरु र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन माथि छलफल गरी निर्देशन दिने कार्यहरु गर्दै आइरहेको छ । सार्वजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन माथि छलफल गर्ने क्रममा आर्थिक हिनामिना तथा कानूनको पालना नगरिएको अवस्थामा सम्बन्धित निकायलाई सचेत गराउने र आर्थिक सुशासन कायम गराउने कार्य गरिएको र यसका लागि समितिले उपसमितिहरु गठन गरेको र उपसमितिले गहन एवम् वृहत अध्ययन गरी बुझाएको प्रतिवेदन उपर अध्ययन एवं विश्लेषण र व्यापक छलफल गरी दिएका सुझावका आधारमा सम्बन्धित निकायलाई निर्देशनहरु दिइरहेको छ ।

त्यस्तै सुदूरपश्चिम प्रदेशको वन निर्देशनालय, धनगढी, कैलालीमा कार्यरत तत्कालीन निमित्त वन निर्देशक कृष्ण दत्त भट्टको सार्वजनिक भएको भिडियो प्रकरण सम्बन्धमा समितिमा उजुरी पर्दा समितिले यस सम्बन्धमा अध्ययन गर्न समिति सदस्य माननीय मान बहादुर धामीज्यू संयोजकत्वमा उपसमिति गठन गरी उक्त उपसमितिले विस्तृत अध्ययन गरी समितिमा प्रतिवेदन पेश गरेको थियो । तत्पश्चात समितिले उक्त प्रतिवेदन माथि गहन अध्ययन तथा व्यापक छलफल गरी निज कृष्ण दत्त भट्टलाई सचेत गराउनका लागि सम्बन्धित निकायहरुलाई निर्देशन दिएको थियो ।

त्यस्तै, कृषि ज्ञान केन्द्र, डडेल्धुराबाट आर्थिक वर्ष २०७६/०७७ मा डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. ५ स्थित दोगडा भूमिराज फलफुल प्रशोधन उद्योगलाई रु ४६,७५,०००। (अक्षरेपि छयालिस लाख पचहत्तर हजार मात्र) अनुदान उपलब्ध गराउदा सम्झौताको शुरु प्रक्रिया देखि भुक्तानीसम्म प्रचलित ऐन, नियमको प्रतिकुल हुने गरी गरेको साथै उक्त उद्योग अर्को व्यक्तिको नाममा नामसारी समेत गरेको भनी उपसमितिबाट अध्ययनका क्रममा खुल्न आएको हुँदा समितिमा थप छलफल तथा अध्ययन गरी सम्झौता गर्दाका बखत ऐन, नियम प्रतिकुल कार्य गराउने जिम्मेवार कर्मचारी/उद्योगलाई प्रचलित कानून बमोजिम कारबाही गरी दुई महिना भित्र समितिमा जानकारी दिन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको थियो ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आर्थिक वर्ष २०७६/०७७ को बेरुजु माथि अध्ययन गर्ने क्रममा कैलाली जिल्लाका विभिन्न स्थानीय तहहरुमा कृषि हाटबजार निर्माणका लागि दिइएको अनुदान

रकमको सदपयोग भए नभएको सम्बन्धमा समितिले स्थलगत अवलोकन गरी तपसिल बमोजिम निर्देशन दिएको थियो ।

**निर्देशनहरु :**

१. मन्त्रालयबाट संचालन गरिने विभिन्न अनुदान कार्यक्रम कार्यान्वयनमा स्थानीय तहहरुलाई समेत जिम्मेवार र जवाफदेही बनाउन, आपसी समन्वय र सहकार्यमा संचालन गर्ने गरी ऐन/नियम/कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने ।
२. मन्त्रालयबाट वितरण गरिने अनुदान कार्यक्रमहरु न्यूनतम समयावधिसम्म संचालन गर्नु पर्ने र संचालन नगरेमा अनुदान रकम फिर्ता गर्नु पर्ने गरी कानूनी व्यवस्था गर्ने ।
३. वास्तविक किसानको हकहितमा अनुदान रकमको सदुपयोग भए नभएको सुनिश्चित गर्न कार्य सम्पन्न पश्चात न्यूनतम समयावधिसम्म निरन्तर स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्ने गरी कानूनी व्यवस्था गर्ने ।
४. टिकापुर नगरपालिका वडा नं. १ मा रहेको कृषि बजार व्यवस्थापन समितिले निर्माण गरेको कृषि हाटबजार नियमित संचालनमा रहेकाले भुक्तानी भएको रकम रु १४,१०,०००। (चौध लाख दश हजार मात्र) लगत कट्टा गर्ने ।
५. कृषि हाटबजार तथा संस्कृति संरक्षण समिति, लम्कीचुहा न.पा-८, प्रगतिशिल हाटबजारका लागि ट्रस सहितको स्टल निर्माण उपभोक्ता समिति, बर्दगोरिया गा.पा-५, नगरस्तरीय कृषि हाटबजार तथा व्यवस्थापन समिति, घोडाघोडी न.पा.-१, कृषि उपज संकलन कृषक समूह, गौरीगंगा न.पा.-९ र सामुदायिक कृषि तथा पशु हाटबजार, धनगढी-१८ मा निर्माण गरिएको कृषि हाटबजारहरु निर्माण भएदेखि संचालनमा नआउदा वितरण गरिएको अनुदान रकमको दुरुपयोग भएको देखिएको हुँदा उक्त हाटबजारहरुलाई अनुदान वितरणको उद्देश्य बमोजिम तीन महिना भित्र संचालनमा ल्याउने र सो को प्रतिवेदन समितिमा पेश गर्ने ।

## २.२ समितिको बैठकका निर्णयहरु :

### वैठक संख्या : १
### मिति : २०८०/०२/१७

१. समितिका सदस्य माननीय विक्रम सिंह धामी जन्ममितिका आधारमा अन्य सदस्यहरु भन्दा ज्येष्ठ भएकाले समिति सभापति निर्वाचित नभएसम्मका लागि वहाँको अध्यक्षतामा वैठक संचालन गर्ने ।
२. समितिमा मनोनित माननीय सदस्यहरु बिच परिचयात्मक कार्यक्रम सहित शुभकामना आदान प्रदान गरी समितिको आगामी कार्यदिशा सम्बन्धमा छलफल गरियो ।
३. सार्वजनिक लेखा समितिको कार्यविधि, २०७६ लाई थप अध्ययन गरी आगामी वैठकमा छलफल गर्ने।

## बैठक संख्या : २
## मिति : २०८०/०२/१९

१. सार्वजनिक लेखा समितिको कार्यविधि, २०७६ लाई संशोधन सहित पारित गरियो ।

२. सुदूरपश्चिम प्रदेश सभाको प्रथम कार्यकालमा समितिले गरेका कामकारबाहीहरुको बारेमा समिति सचिवालयबाट जानकारी लिइयो ।

## बैठक संख्या : ३
## मिति : २०८०/०२/३२

१. प्रतिनिधि सभा अन्तरगत सार्वजनिक लेखा समिति र सुदूरपश्चिम प्रदेश सभा अन्तरगत सार्वजनिक लेखा समिति बिच अन्तरक्रिया कार्यक्रम संचालन गर्नका लागि संघीय संसद काठमाडौं जानुपर्ने भएको हुँदा आवश्यक पर्ने रकम व्यवस्थापनका लागि प्रदेश सभा सचिवालयलाई निर्देशन दिने ।

२. समितिको आगामी बैठक मिति २०८०/०३/०२ गते बिहान ११:०० बजे बस्ने निर्णय गरियो ।

## बैठक संख्या : ४
## मिति : २०८०/०३/०२

१. समितिले महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन माथि छलफल प्रारम्भ गरेको जानकारी महालेखापरीक्षकको कार्यालयलाई गराउने ।

२. उक्त प्रतिवेदनको परिच्छेद-३ मा भएका लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको दफा १(एक) देखि दफा २६(छब्बिस) सम्म भएको हालसम्मको प्रगति सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग १५(पन्ध्र) दिन भित्र जवाफ माग गर्ने ।

## बैठक संख्या : ५
## मिति : २०८०/०३/०४

१. सार्वजनिक लेखा समितिको आर्थिक वर्ष २०७९/०८० को वार्षिक विनियोजन बजेट बमोजिम अन्तर प्रदेश भ्रमण कार्यक्रम रहेको हुँदा कर्णाली र गण्डकी प्रदेशका सार्वजनिक लेखा समितिहरुसँग असल अभ्यास आदान प्रदान तथा उक्त प्रदेशहरुमा अवलोकन भ्रमण गर्नका लागि मिति २०८०/०३/०५ गतेदेखी समितिका पदाधिकारीहरु तथा समिति सचिवालयका कर्मचारीहरुले अवलोकन भ्रमण गर्ने निर्णय गरियो ।

२. सार्वजनिक लेखा समितिको आर्थिक वर्ष २०७९/०८० को वार्षिक विनियोजित बजेट बमोजिम खर्च शिर्षक नं. २२५२२ र क्रियाकलाप नं. २.७.५.१५ को अनुगमन, अवलोकन, भ्रमण र अन्तरक्रिया कार्यक्रम अन्तरगत रु ७,५०,०००।- (अक्षेरुपी सात लाख पचास हजार मात्र) बजेट विनियोजन

भएको देखिएकोले समितिका पदाधिकारीहरुका लागि समितिको कार्यक्षेत्र भित्र पर्ने विविध विषयहरुमा विज्ञहरुसँग अन्तरक्रिया तथा छलफल कार्यक्रमको आयोजना गर्नका लागि सचिवालयलाई निर्देशन दिने।

**वैठक संख्या : ६**

**मिति : २०८०/०४/३१**

१. मिति २०८०/०३/०२ गते बसेको समितिको वैठकको निर्णय बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेशलाई महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदनको परिच्छेद-३ मा भएका **लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा**को दफा १(एक) देखि दफा २६(छब्बिस) सम्मको हालसम्मको प्रगति विवरण माग गर्न पत्राचार गरिएकोमा उक्त विवरण समितिमा प्राप्त हुन नआएकोले पत्र प्राप्त भएको मितिले ३(तीन) दिनभित्र पुनः ताकेता नगर्ने गरी खुलाई पठाउन पत्राचार गर्ने।

२. समितिको अर्को वैठक मिति २०८०/०४/३२ गते दिनको ३:०० बजे बस्ने ।

**वैठक संख्या : ७**

**मिति : २०८०/०४/३२**

१. प्रदेश सभा सचिवालयका सवारी साधनहरु अनधिकृत रुपमा प्रयोग भईरहेको भन्ने व्यापक जनगुनासो समितिमा प्राप्त हुन आएकोले सो सम्बन्धमा के भएको हो ? सचिवालयका सवारी साधनहरु के कसरी प्रयोग भइरहेका छन् सो सम्बन्धमा यथार्थ विवरण खुल्ने गरी पठाउन निर्देशन दिने ।

२. समितिको अर्को वैठक मिति २०८०/०५/०४ गते बिहान ११:०० बजे बस्ने ।

**वैठक संख्या : ८**

**मिति : २०८०/०५/०४**

१) यस समितिको मिति २०८०/०३/०२ गते बसेको वैठकबाट महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदनको परिच्छेद-३ मा भएका लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको दफा १(एक) देखि दफा २६(छब्बिस) सम्मको हालसम्मको प्रगति सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग १५(पन्ध्र) दिन भित्र जवाफ माग गर्ने निर्णयानुसार समिति सचिवालयको मिति २०८०/०३/०४ गतेको ताहाँ कार्यालयमा पठाइएको पत्र र समितिको मिति २०८०/०४/३१ गतेको निर्णयानुसार उक्त विवरण समितिमा प्राप्त हुन नआएकोले पत्र प्राप्त भएको मितिले ३(तीन) दिनभित्र पुनः ताकेता नगर्ने गरी खुलाई पठाउन पत्राचार गर्ने निर्णय भएकोमा हालसम्म

पनि उक्त विवरणहरु समितिमा नपठाइएकोले के कति कारणले समितिमा नपठाइएको हो ? यस प्रदेशको आर्थिक वर्ष २०७६/०७७ देखि हालसम्मका महालेखापरीक्षकका वार्षिक प्रतिवेदनहरु समितिमा छलफल गर्न बाँकी रहेको अवस्थामा यसलाई तिव्रता दिई प्रदेशका विभिन्न निकायहरुमा कायम रहेको बेरुजुलाई न्यूनीकरण गर्न समिति अग्रसर रहेको अवस्थामा ताहाँ कार्यालयबाट समितिको निर्देशनलाई पालना नगरेको देखिएकाले माग गरिएको विवरण र यसको जवाफ सहित मिति २०८०/०५/१० गते बिहान ११:०० बजे बस्ने समितिको वैठकमा प्रमुख सचिवलाई आमन्त्रण गर्ने।

२) सुदूरपश्चिम प्रदेशको वन निर्देशनालय, धनगढी, कैलालीमा कार्यरत निमित्त वन निर्देशक श्री कृष्ण दत्त भट्टको सार्वजनिक भएको भिडियो प्रकरण सम्बन्धमा समितिमा उजुरी परेकाले यस माथि छानविन गरी १५ दिन भित्र समितिमा प्रतिवेदन पेश गर्ने गरी कार्यादेश दिई तपशिल बमोजिमका पदाधिकारीहरु रहने गरी “भिडियो प्रकरण सम्बन्धमा छानविन उपसमिति” गठन गर्ने ।

<u>तपशिल</u>

| | | |
|---|---|---|
| १) माननीय मान बहादुर धामी | - | संयोजक |
| २) माननीय विर बहादुर थापा | - | सदस्य |
| ३) माननीय खेमा देवी विष्ट | - | सदस्य |
| ४) माननीय बेल बहादुर राना मगर | - | सदस्य |
| ५) माननीय टिका थापा | - | सदस्य |

## वैठक संख्या : ९
## मिति : २०८०/०५/१०

१. सुदूरपश्चिम प्रदेशको महालेखापरीक्षकको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदनको परिच्छेद-३ को दफा (१) देखि दफा (२२) सम्मका दफाहरुमा भएका **लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा** र महालेखापरीक्षकको आर्थिक वर्ष २०७८/०७९ वार्षिक प्रतिवेदनको परिच्छेद-३ को दफा (१) देखि दफा (२६) सम्मका दफाहरुमा भएका **लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको** हालसम्मको प्रगति सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग १५(पन्ध्र) दिन भित्र विवरणहरु माग गर्ने ।

## वैठक संख्या : १०
## मिति : २०८०/०५/२१

१. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ मा उल्लेखित व्यवस्था बमोजिम प्रदेश सभाका पदाधिकारीहरुलाई सवारी साधन तथा ईन्धनको सुविधा उपलब्ध

गराउने र ऐन विपरीत उपलब्ध गराइएका सवारी साधनहरु अविलम्ब फिर्ता गर्न लगाई ३ (तीन) दिनभित्र ऐन विपरीत उपलब्ध गराइएका सवारी साधनहरुको हालसम्मको मर्मत खर्चको विवरण समेत उल्लेख गरी यस समितिमा जानकारी गराउन प्रदेश सभा सचिवालयलाई निर्देशन दिने ।

२. भिडियो प्रकरण सम्बन्धमा छानबिन उपसमितिलाई मिति २०८०/०५/१९ गतेसम्मको समयावधि तोकिएकोमा उक्त अवधि समाप्त हुन गएकाले म्याद समाप्त भएको मितिदेखि ५(पाँच) दिनको लागि म्याद थप गर्ने ।

३. समितिको अर्को वैठक मिति २०८०/०५/२२ गते बिहान ११:०० बजे बस्ने ।

**वैठक संख्या : १२**

**मिति : २०८०/०५/२४**

१. महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदनको परिच्छेद-३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको दफा ८ देखि दफा २६ सम्म दफाबार रुपमा छलफल भयो ।

२. आर्थिक वर्ष २०७६/७७ को "महालेखापरीक्षकको प्रतिवेदनमा औँल्याइएका प्रमुख व्यहोराको दफा १ देखि दफा २६ सम्मका सम्पूर्ण दफाहरुका सम्बन्धमा मन्त्रालयहरुको प्रगति के कति रहेको छ र प्रतिवेदनमा औँल्याइएका बेरुजुलाई सम्परीक्षण गरी बेरुजु न्यूनीकरणमा मन्त्रालयको कार्ययोजना बारे अन्तरक्रिया तथा छलफल गर्नका लागि प्रमुख सचिव लगायत सम्पूर्ण मन्त्रालयका सचिवज्यूहरुलाई मिति २०८०/०५/२८ गते बिहीबार बिहान ११:३० बजे बस्ने समितिको वैठकमा आमन्त्रण गर्ने निर्णय गरियो।

**वैठक संख्या : १३**

**मिति : २०८०/०६/०४**

<u>निर्णय नं. १</u>

आर्थिक वर्ष २०७६/०७७ को महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको परिच्छेद-३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको दफा १ देखि दफा २६ सम्मका दफाहरुमा दफावार छलफल गरी तपशिल बमोजिमका निर्देशनहरु दिइयो ।

<u>निर्देशनहरुः-</u>

१. प्रदेशबाट संचालित विकास परियोजनाहरु निश्चित मापदण्डको आधारमा छनौट गर्न प्रदेश परियोजना वैक निर्माण गरी वैंकमा समावेश योजनालाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने ।

२. सुदुरपश्चिम प्रदेश सरकारको बजेटको सफल कार्यान्वयन तथा निर्माण थालनी गरिएका विभिन्न योजनाहरुलाई निर्माण सम्पन्न गर्नका लागि प्रदेशको मध्यमकालीन खर्च संरचना अनुसार कुनै पनि आयोजनाहरु अधुरो नरहने गरी बजेट विनियोजन गर्ने । साथै संरचनामा उल्लेखित लक्ष्य, गन्तव्य र सूचकहरुको अनुगमन, मुल्यांकन तथा प्रतिवेदन गर्ने प्रयोजनका लागि संयन्त्र बनाउने ।

३. भौतिक पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाहरुको गुणस्तर परीक्षणका लागि पर्याप्त संख्यामा प्रयोगशालाको स्थापना गरी दक्ष जनशक्ति व्यवस्थापन गर्ने ।

<u>निर्णय नं. २</u>

भिडियो प्रकरण सम्बन्धमा छानबिन उपसमितिको प्रतिवेदन ग्रहण गरी अध्ययनका लागि सम्पूर्ण सदस्यहरुलाई वितरण गरियो ।

## वैठक संख्या : १४
## मिति : २०८०/०६/१६

१. अधिकृतस्तर दशौं कृष्ण दत्त भट्ट वन निर्देशनालयको निमित्त वन निर्देशक भएको अवधिमा डिभिजन वन कार्यालय कैलाली, कंचनपुर, डोटी, अछाम, बाजुरा र बझाङ्ग जिल्लामा कार्यरत डिभिजन प्रमुखहरुको नामावली पत्र प्राप्त भएको मितिले २४ घण्टा भित्र पठाउन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई पत्राचार गर्ने ।

२. कैलाली, कंचनपुर, डोटी, अछाम, बाजुरा र बझाङ्ग जिल्लामा कार्यरत तत्कालीन डिभिजन प्रमुखहरुलाई समितिको अर्को वैठकमा आमन्त्रण गर्ने ।

३. महालेखापरिक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन माथि मन्त्रालयगत रुपमा छलफल गरी गठन भएको मितिले २ (दुई) महिना भित्र समितिमा प्रतिवेदन पेश गर्न तपशिल बमोजिमका दुई वटा बेरुजु छलफल उपसमितिहरु गठन गर्ने ।

<u>**बेरुजु छलफल उपसमितिमा रहनु हुने माननीय सदस्यहरुको नामावली**</u>

| क्र.सं. | मन्त्रालय/निकाय/सचिवालय/कार्यालय | मा.सदस्यहरुको नाम | पद |
|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | माननीय विक्रम सिंह धामी | संयोजक |
| | भौतिक पूर्वाधार विकास मन्त्रालय | माननीय टिका थापा | सदस्य |
| | आर्थिक मामिला मन्त्रालय | माननीय बेल बहादुर राना मगर | सदस्य |
| | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | माननीय मान बहादुर धामी | सदस्य |
| | | माननीय सन्तोष कुमारी शर्मा थापा | सदस्य |
| | प्रदेश सभा सचिवालय | माननीय विर बहादुर थापा | संयोजक |

| | | | |
|---|---|---|---|
| २ | आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>सामाजिक विकास मन्त्रालय<br>उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>मुख्य न्यायाधिवक्ताको कार्यालय | माननीय अक्कल बहादुर रावल | सदस्य |
| | | माननीय खेमा देवी विष्ट | सदस्य |
| | | माननीय गीता कुमारी चौधरी | सदस्य |
| | | माननीय मधु देवी भारती | सदस्य |

## वैठक संख्या : १५
## मिति : २०८०/०९/०३

१. सुदूरपश्चिम प्रदेशको वन निर्देशनालय, धनगढी, कैलालीमा कार्यरत तत्कालीन निमित्त वन निर्देशक कृष्ण दत्त भट्टको सार्वजनिक भएको भिडियो प्रकरण सम्बन्धमा उक्त अवधिमा डिभिजन वन कार्यालय कैलाली, कंचनपुर, डोटी, अछाम, बाजुरा र बझाङ्ग जिल्लामा कार्यरत डिभिजन प्रमुखहरुसँग भिडियो कन्फिरेन्स मार्फत जवाफ लिँदा निज कृष्ण दत्त भट्टसँग भिडियोमा उल्लेख भए बमोजिम कुनै पनि किसिमको आर्थिक लेनदेन नभएको भन्ने जवाफ आएको ।

   सार्वजनिक भएको भिडियोमा देखिएको हाउभाव र अडियोको अध्ययन गर्दा निजले मदिरा सेवन गरी बोलेको जस्तो देखिएको हुँदा निज निजामती सेवाको उच्च पदस्थ अधिकारीले आफ्नो पदीय आचरण र व्यवहार पालना नगरेका कारण सामाजिक संजालमा भिडियो सार्वजनिक भएको सहर्षै अनुमान गर्न सकिन्छ ।

   अत : निज कृष्ण दत्त भट्टलाई अब आइन्दा आचरण विपरित चरित्र पदर्शन हुने गरी प्रस्तुत नहुन र ईमान्दारीपूर्वक पदीय आचरणको पालना गर्न सचेत गराउने कार्यका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले डडेल्धुरा जिल्ला अजयमेरु गाउपालिका वडा नं. ३ मा अवस्थित भद्रपुर एकीकृत कृषि तथा पशुपन्छी फर्मको संचालकमा कृष्ण दत्त भट्टकी श्रीमती जानकी चटौतको सहभागिता नरहेको भनी झुट्टा विवरण उपसमितिमा पेश गरेकाले अब आइन्दा आवश्यक अध्ययन गरी यथार्थ विवरणहरु मात्र पेश गर्न सचेत गराउने ।

३. समितिको अर्को वैठक आजै दिनको ३:०० बजे बस्ने ।

## वैठक संख्या : १६
## मिति : २०८०/०९/०३

१. प्रदेश सभाको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार व.उ.शि.नं. २०२००११३, खर्च शिर्षक नं. २२५२२ मा सार्वजनिक लेखा समितिको अन्तर प्रदेश अवलोकन भ्रमण कार्यक्रमका लागि रु ५,००,०००।- (अक्षेरुपी पाँच लाख मात्र) बजेट विनियोजन भएकोले समितिले मधेश प्रदेश र कोषी प्रदेशमा सार्वजनिक लेखा समितिसँग असल अभ्यास आदान प्रदान गर्न र उक्त प्रदेशहरुका

विभिन्न स्थानहरुमा अवलोकन भ्रमण गर्नका लागि समितिका पदाधिकारीज्यूहरु लगायत तपशिल बमोजिमका कर्मचारीहरुको टोली मिति २०८०/०९/०७ देखि मिति २०८०/०९/१५ गतेसम्म खटीइ जाने र उक्त कार्यका लागि आवश्यक व्यवस्थापन गर्न सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपशिल**

भ्रमण कार्यक्रममा सहभागि पदाधिकारीज्यूहरु तथा कर्मचारीहरुको विवरण :

| क्र.सं. | पदाधिकारीहरु | पद | क्र.सं. | कर्मचारीहरु | पद |
|---|---|---|---|---|---|
| १ | माननीय विक्रम सिंह धामी | ज्येष्ठ सदस्य | १ | श्री भिम बहादुर ऐर | समिति सचिव |
| २ | माननीय अक्कल बहादुर रावल | सदस्य | २ | श्री प्रेम कटेल | क.अधिकृत |
| ३ | माननीय खेमा देवी विष्ट | सदस्य | ३ | श्री डमरु राज उप्रेती | सहायक |
| ४ | माननीय गीता कुमारी चौधरी | सदस्य | ४ | श्री धर्मानन्द भट्ट | मा.स. |
| ५ | माननीय टिका थापा | सदस्य | ५ | श्री जगदिशचन्द्र जोशी | क्या.मेन |
| ६ | माननीय बीर बहादुर थापा | सदस्य | ६ | श्री टेकेन्द्र बहादुर सिंह | ह.स.चा. |
| ७ | माननीय बेल बहादुर रानामगर | सदस्य | ७ | श्री दिपक सिंह धामी | ह.स.चा. |
| ८ | माननीय मधु देवी भारती | सदस्य | ८ | श्री उत्तम भण्डारी | ह.स.चा. |
| ९ | माननीय मान बहादुर धामी | सदस्य | ९ | श्री विक्रम कुँवर | का.स. |
| १० | माननीय सन्तोष कुमारी शर्मा(थापा) | सदस्य | | | |

## वैठक संख्या : १७
## मिति : २०८०/०९/२३

१. समितिको मिति २०८०/०६/१६ गते बसेको वैठकबाट महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन माथि मन्त्रालयगत रुपमा छलफल गरी गठन भएको मितिले २ (दुई) महिना भित्र प्रतिवेदन पेश गर्न बेरुजु छलफल उपसमितिहरु गठन गरिएकोमा उक्त अवधि समाप्त भईसकेको हुँदा थप ३ (तीन) महिनाको म्याद थप गर्ने निर्णय गरियो ।

## वैठक संख्या : १८
## मिति : २०८०/०९/२५

१. सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम (१) बमोजिम माननीय सभामुखज्यूले मिति २०८० पौष २५ गते यस समितिको सभापति पदको निर्वाचन हुने गरी मिति तोक्नु भए बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम (३) बमोजिम दर्ता भएको एक मात्र प्रस्तावको प्रस्तावक माननीय सन्तोष कुमारी शर्मा थापा र समर्थक माननीय अक्कल बहादुर रावल भएको "माननीय विर बहादुर थापालाई सार्वजनिक लेखा समितिको सभापति पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावलाई समितिको वैठकमा प्रस्तुत गर्दा माननीय

विर बहादुर थापालाई सार्वजनिक लेखा समितिको सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गऱ्यो ।

२. यस समितिमा माननीय विर बहादुर थापा सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएकोले सो को जानकारी माननीय सभामुखज्यूलाई गराउने ।

३. समितिको अर्को वैठक आजै दिनको ३:०० बजे बस्ने ।

**वैठक संख्या : १९**

**मिति : २०८०/०९/२५**

१. यस समितिको १८ औं वैठकबाट समितिको सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएका माननीय विर बहादुर थापाज्यूलाई बधाई दिई सफल कार्यकालको शुभकामना दिइयो ।

२. समितिको अर्को वैठकको अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरियो ।

**वैठक संख्या : २१**

**मिति : २०८१/०१/३०**

१. आजको वैठकमा सुदूरपश्चिम प्रदेशको महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन माथि छलफल गरी समितिमा प्रतिवेदन पेश गर्न गठन गरिएका बेरुजु छलफल उपसमितिहरुको कार्यप्रगतिका बारेमा छलफल भयो । सो सम्बन्धमा दुवै उपसमितिहरुले हालसम्मको कार्यप्रगति समेटी तयार पारेको प्रतिवेदन मिति २०८१/०२/०४ गते बस्ने समितिको वैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**वैठक संख्या : २२**

**मिति : २०८१/०२/०७**

१. उपसमितिबाट प्राप्त भएका प्रतिवेदनहरु माननीय सभापतिज्यूसमक्ष प्रस्तुत गरे पश्चात ग्रहण गर्ने निर्णय गरियो ।

२. बेरुजु सम्बन्धी छलफल गरी समितिमा प्रतिवेदन पेश गर्न गठित उपसमितिहरुले तोकिएको जिम्मेवारी सम्पन्न गरी समितिमा प्रतिवेदन पेश गरेको हुँदा दुवै उपसमितिहरुलाई धन्यवाद दिने ।

३. महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को प्रतिवेदनमा उल्लेखित बेरुजु सम्बन्धी छलफल गर्न प्रमुख सचिवज्यू लगायत प्रदेश अन्तरगतका सबै मन्त्रालयका सचिवज्यूहरु र मुख्य न्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ताज्यू समेतलाई मिति २०८१/०२/०९ गते बुधबार दिउसो १२:०० बजे बस्ने समितिको वैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

## वैठक संख्या : २३
## मिति : २०८१/०२/०९

**छलफलको विषय :**

१. प्रमुख सचिवज्यू लगायत सबै मन्त्रालयका सचिवज्यूहरुसँग आर्थिक वर्ष २०७६/०७७ को बेरुजु सम्बन्धी छलफल गर्ने ।

**निर्णयहरु :**

१. महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदनमा उल्लेखित बेरुजु सम्बन्धमा सबै निकायहरुबाट फछ्र्यौट भएको बेरुजु रकम तथा बाँकी बेरुजुको अवस्थाका बारेमा जानकारी गराई बाँकी बेरुजुको सम्बन्धमा आवश्यक प्रमाण कागजात संकलन गरी यथाशिघ्र फछ्र्यौट गराउन निर्देशन दिने निर्णय गरियो ।

## वैठक संख्या : २४
## मिति : २०८१/०२/१४

**छलफलको विषय :**

१. समसामयिक विषयमा छलफल हुने ।

**निर्णयहरु :**

१. महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन माथि सुदूरपश्चिम प्रदेशका सबै मन्त्रालय/निकायका सचिवज्यूहरु र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधिसँगको त्रिपक्षीय छलफल यथाशिघ्र संचालन गर्नु पर्ने भएको हुँदा उक्त कार्यका लागि महालेखापरीक्षकको कार्यालयबाट प्रतिनिधि खटाई पठाईदिन हुन भनी पत्राचार गर्ने निर्णय गरियो ।
२. महालेखापरीक्षकको आर्थिक वर्ष २०७७/०७८ को चौथो वार्षिक प्रतिवेदन, २०७९ मा मन्त्रालय र निकायगत व्यहोराको सम्पूर्ण दफाहरुमा उल्लेखित सैद्धान्तिक र लगती बेरुजुका सम्बन्धमा प्रत्येक दफासँग सम्बन्धित प्रमाण कागजात सहितको दफावार जवाफ पठाउने साथै उक्त प्रतिवेदनको अनुसूची-९ मा रहेको लगती बेरुजुका सम्बन्धमा हालसम्म के कति रकम फछ्र्यौट भएको छ, फछ्र्यौट भएको भए सो को प्रमाण संलग्न गरी बाँकी बेरुजु के कति छ र उक्त बाँकी बेरुजु फछ्र्यौट गराउन कति समय लाग्छ सो समेत खुलाई पठाउन मिति २०८१/०३/०५ गतेसम्मको समयसीमा तोकी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा सचिवालय, प्रदेश स्थित सबै मन्त्रालयहरु, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश नीति तथा योजना आयोगमा पत्राचार गर्ने ।

## वैठक संख्या : २५
## मिति : २०८१/०२/१६

**छलफलको विषय :**

१. म.ले.प. प्रतिवेदन माथि त्रिपक्षीय छलफल गर्न कार्यतालिका निर्धारण गर्ने ।

२. सबै सचिवज्यूहरुलाई छलफलमा आमन्त्रण गर्ने ।

**निर्णयहरु :**

१. महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि र सुदूरपश्चिम प्रदेशका सबै मन्त्रालय/निकायका सचिवज्यूहरुको उपस्थितिमा मिति २०८१ जेठ १८ गतेदेखि महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन माथि त्रिपक्षीय छलफल गर्न तपसिल बमोजिमको कार्यतालिका निर्धारण गरियो ।

**तपसिल**

| क्र.सं. | कार्यालय/मन्त्रालय/निकाय | मिति | समय |
|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८१/०२/१८ | ८:००-९:३० |
| २ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | | ९:३०-११:०० |
| ३ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | | १२:००-२:०० |
| ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | | २:००-४:०० |
| ५ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २०८१/०२/१९ | ८:००-२:०० |
| ६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | | २:३०-३:३० |
| ७ | सामाजिक विकास मन्त्रालय | २०८१/०२/२० | ८:००-१:०० |
| ८ | प्रदेश सभा सचिवालय | | १:००-१:३० |
| ९ | आर्थिक मामिला मन्त्रालय | | १:३०-३:३० |

२. उल्लेखित कार्यतालिका बमोजिम सबै प्रदेश मन्त्रालय/कार्यालय/निकायका सचिवज्यूहरु र महालेखापरीक्षकको कार्यालयका प्रतिनिधिज्यूको उपस्थितिमा महालेखापरीक्षकको प्रतिवेदन माथि दफावार रुपमा त्रिपक्षीय छलफल गर्न सबै मन्त्रालय/कार्यालय/निकायका सचिवज्यूहरुलाई उल्लेखित मिति र समयमा प्रतिवेदनका दफाहरुसँग सम्बन्धित कागजातहरुका साथ समितिको वैठकमा आमन्त्रण गर्ने ।

## वैठक संख्या : ४२
## मिति : २०८१/०५/०६

**छलफलको विषय :**

१) कृषि हाटबजारको अवलोकन सम्बन्धमा ।

**निर्णयहरु :**

१. महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदनमा उल्लेखित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको बेरुजुको दफा ६.२ मा कैलाली जिल्लाको लम्कीचुहा न.पा, घोडाघोडी न.पा, गौरीगंगा न.पा, टिकापुर न.पा, बर्दगोरिया गा.पा र धनगढी उ.न.पा का विभिन्न स्थानहरुमा कृषि हाटबजार निर्माणका लागि १ करोड १२ लाख ०२ हजार निकासा दिइदा कार्य सम्पन्न प्रतिवेदन पेश नगरेको र खरिद प्रक्रियालाई प्रतिस्पर्धात्मक नगरिएको सम्बन्धमा स्थलगत अवलोकन मार्फत खर्च भए अनुसारको कार्य भए नभएको एकिन गर्न मिति २०८१/०५/०७ देखि ऐ १० गतेसम्म समितिका पदाधिकारीहरु तथा समिति सचिवालयका कर्मचारीहरुको टोलीबाट अवलोकन गर्ने ।

२. अवलोकनमा आवश्यक पर्ने बजेटको व्यवस्थापनका लागि प्रदेश सभा सचिवालयलाई निर्देशन दिने ।

## बैठक संख्या : ४३
## मिति : २०८१/०५/१३

**छलफलको विषय :**

१) कृषि हाटबजार सम्बन्धमा ।

२) भौतिक पूर्वाधार विकास मन्त्रालयको बेरुजु सम्बन्धी छलफल ।

**निर्णयहरु :**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आर्थिक वर्ष २०७६/०७७ मा कैलाली जिल्लाका विभिन्न स्थानीय तहहरुमा कृषि हाटबजार निर्माणका लागि दिइएको अनुदान रकमको सदपयोग भए नभएको सम्बन्धमा समितिले स्थलगत अवलोकन गर्दा तपसिल बमोजिम देखियो :

**स्थलगत अवलोकनबाट देखिएका व्यहोरा :**

१. कृषि हाटबजार तथा संस्कृति संरक्षण समिति, लम्कीचुहा न.पा-८, प्रगतिशिल हाटबजारका लागि ट्रस सहितको स्टोल निर्माण उपभोक्ता समिति, बर्दगोरिया गा.पा-५, नगरस्तरीय कृषि हाटबजार तथा व्यवस्थापन समिति, घोडाघोडी न.पा.-१, कृषि उपज संकलन कृषक समूह, गौरीगंगा न.पा.-९ र सामुदायिक कृषि तथा पशु हाटबजार, धनगढी-१८ गरी पाँचै वटा कृषि हाटबजारहरुमा ट्रस सहितका संरचनाहरु निर्माण भएका, कृषि हाटबजारका लागि आवश्यक पर्ने जमिन समेत रहेको देखिन्छ तर यी सबै स्थानहरुमा कुनै पनि हाटबजारहरु निर्माण भएदेखि हालसम्म संचालनमा आएका छैनन् । हाटबजारको संचालनका लागि स्थानीय तहले समेत चासो नदेखाएको र अनुदान वितरण गर्ने निकायबाट समेत अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन नहुँदा अनुदान रकमको चरम दुरुपयोग भएको देखियो ।

उक्त आर्थिक वर्षमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट कृषि हाटबजार निर्माणका लागि अनुदान रकम वितरण गर्दा औचित्यता र आवश्यकता पुष्टि नहुने गरी वितरण गरेको, हाटबजार निर्माण

स्थलको छनौट गर्दा बजारस्थल र जनघनत्व बढी हुने स्थानमा निर्माण गर्नुपर्नेमा नगरेको, बर्दगोरिया गाउँपालिकामा हाटबजार निर्माण स्थल बौनियाँ बजार तोकिएकोमा पछि स्थानान्तरण गरी अन्यत्र आवश्यक नभएको क्षेत्रमा सार्दा संचालनमा आउन नसकेको, धनगढी उपमहानगरपालिका वडा नं. १८ मा रहेको कृषि हाटबजार निर्माण पश्चात प्रयोगमा नआउदा घाँस र झाडीले भरिएको हुँदा यस तर्फ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको ध्यान नगएको देखिन्छ । मन्त्रालयले योजना बैंकमा समावेश भएका योजनाहरु प्राथमिकताक्रम अनुसार छनौट गरी कार्यान्वयन नगर्नु, अनुदान वितरण गर्दा आवश्यकता र औचित्यता पुष्टि हुने गरी वास्तविक किसान केन्द्रित भई वितरण नगर्नु र अनुदान वितरणमा छनौट प्रक्रिया देखि कार्यान्वयन हुँदा र कार्यान्वयन पश्चात समेत समय समयमा अनुगमन गरी अनुदानको उद्देश्य पुरा भए नभएको सुनिश्चित गर्नुपर्नेमा त्यसो नगरेको देखिन्छ ।

२. कृषि ज्ञान केन्द्र, कंचनपुरबाट प्राप्त कागजातका आधारमा कृषि बजार व्यवस्थापन समिति, टिकापुर न.पा.- १ मा प्रदेश सरकारबाट विनियोजित रु १५ लाख मध्ये १४,१०,०००। (चौध लाख दश हजार मात्र) खर्च भई श्रमदानबाट रु २,४८,८२३। (दुई लाख अडचालिस हजार आठ सय तेइस मात्र) सहित रु १६,५८,८२३। (सोह्र लाख अन्ठाउन्न हजार आठ सय तेइस मात्र) खर्च भएको देखिन्छ । समितिबाट स्थलगत अवलोकन गर्दा उक्त स्थानमा ट्रस सहितका भौतिक संरचनाहरु निर्माण भई त्यसै स्थानमा नगरपालिकाले समेत थप लगानी गरी थप संरचनाहरु निर्माण गरी हाल हाटबजार संचालनमा रहेको छ । उक्त हाटबजार टिकापुर बजारमा अवस्थित रहेकोले समेत हाटबजार व्यवस्थापन समितिले त्यसबाट आमदानी गरिरहेको देखिन्छ ।

**<u>निर्देशनहरु :</u>**

१. मन्त्रालयबाट संचालन गरिने विभिन्न अनुदान कार्यक्रम कार्यान्वयनमा स्थानीय तहहरुलाई समेत जिम्मेवार र जवाफदेही बनाउन, आपसी समन्वय र सहकार्यमा संचालन गर्ने गरी ऐन/नियम/कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने ।
२. मन्त्रालयबाट वितरण गरिने अनुदान कार्यक्रमहरु न्यूनतम समयावधिसम्म संचालन गर्नु पर्ने र संचालन नगरेमा अनुदान रकम फिर्ता गर्नु पर्ने गरी कानूनी व्यवस्था गर्ने ।
३. वास्तविक किसानको हकहितमा अनुदान रकमको सदुपयोग भए नभएको सुनिश्चित गर्न कार्य सम्पन्न पश्चात न्यूनतम समयावधिसम्म निरन्तर स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्ने गरी कानूनी व्यवस्था गर्ने ।
४. टिकापुर नगरपालिका वडा नं. १ मा रहेको कृषि बजार व्यवस्थापन समितिले निर्माण गरेको कृषि हाटबजार नियमित संचालनमा रहेकाले भुक्तानी भएको रकम रु १४,१०,०००। (चौध लाख दश हजार मात्र) लगत कट्टा गर्ने ।
५. कृषि हाटबजार तथा संस्कृति संरक्षण समिति, लम्कीचुहा न.पा-८, प्रगतिशिल हाटबजारका लागि ट्रस सहितको स्टल निर्माण उपभोक्ता समिति, बर्दगोरिया गा.पा-५, नगरस्तरीय कृषि हाटबजार तथा व्यवस्थापन समिति, घोडाघोडी न.पा.-१, कृषि उपज संकलन कृषक समूह, गौरीगंगा न.पा.-९ र सामुदायिक कृषि तथा पशु हाटबजार, धनगढी-१८ मा निर्माण गरिएको कृषि हाटबजारहरु निर्माण भएदेखि संचालनमा नआउदा वितरण गरिएको अनुदान रकमको दुरुपयोग भएको देखिएको हुँदा उक्त

हाटबजारहरुलाई अनुदान वितरणको उद्देश्य बमोजिम तीन महिना भित्र संचालनमा ल्याउने र सो को प्रतिवेदन समितिमा पेश गर्ने ।

## वैठक संख्या : ४७
## मिति : २०८१/०५/२५

<u>छलफलको विषय</u> :

१) टेडी सिचाइ आयोजना सम्बन्धमा ।

२) उपसमिति गठन सम्बन्धमा ।

३) समसामयिक ।

<u>निर्णयहरु</u> :

१. कैलाली जिल्ला कैलारी गाउँपालिका वडा नं. ८ मा निर्माण भएको टेडी सिचाई आयोजनाको मिति २०८१/०५/२६ र ऐ २७ गते स्थलगत अवलोकन गर्नु पर्ने भएकोले सो को व्यवस्थापनका लागि प्रदेश सभा सचिवालयलाई निर्देशन दिने ।

२. महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदनमा उल्लेखित सामाजिक विकास मन्त्रालयको दफा ८ मा शिक्षा विकास निर्देशनालयले ८४ विद्यालयका ट्रस भवनको निर्माण कार्य गरी रु ४ करोड २३ लाख १९ हजार भुक्तानी गरेको सम्बन्धमा र दफा ९ मा उल्लेखित कैलाली, डोटी, बाजुरा र बझाङका १२ विद्यालयहरुले एउटै फोटो प्रमाणित गरी पेश गरेको आधारमा रु ६० लाख भुक्तानी दिएको सम्बन्धमा स्थलगत अवलोकन गरी वास्तविक वस्तुस्थिति विवरण सहित १५ (पन्ध्र) दिन भित्र समितिमा प्रतिवेदन पेश गर्न तपसिल बमोजिको उपसमिति गठन गरियो ।

<u>बेरुजु अध्ययन उपसमिति</u>

| | |
|---|---|
| १. माननीय सन्तोष कुमारी शर्मा थापा | - संयोजक |
| २. माननीय अक्कल बहादुर रावल | - सदस्य |
| ३. माननीय खेमा देवी विष्ट | - सदस्य |
| ४. माननीय गीता देवी माल | - सदस्य |
| ५. माननीय बेल बहादुर रानामगर | - सदस्य |

## वैठक संख्या : ४८
## मिति : २०८१/०६/०६

<u>छलफलको विषय</u> :

१. टेडी सिचाई योजना सम्बन्धमा ।

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको दफा ५ र दफा ६ सम्बन्धी अध्ययन गर्न उपसमिति गठन सम्बन्धमा ।

३. समसामयिक विषय ।

**<u>निर्णयहरु</u> :**

१. कैलाली जिल्लाको कैलारी गाउँपालिका वडा नं. ८ मा अवस्थित टेडी सिचाई योजनाको स्थलगत अवलोकनबाट उक्त योजना वि.सं. २०४९ सालमा निर्माणको ठेक्का सम्झौता भई वि.सं. २०५२ सालमा सिचाई सुविधा शुरु गरेको साथै विभिन्न आर्थिक वर्षहरुमा संघीय सरकारबाट रकम विनियोजन हुँदै आइरहेको र संघीयता लागु भई संघीय सरकारबाट प्रदेश सरकारलाई उक्त योजना हस्तान्तरण गरे पश्चात आर्थिक वर्ष २०७६/०७७ देखि हालसम्म प्रदेश सरकारबाट अन्दाजी ५ करोड रकम विनियोजन गरेकोमा हालसम्म निर्माण कार्य सम्पन्न नभएको देखिएको हुँदा सो सम्बन्धमा छलफल गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव, जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय, कैलालीका प्रमुख तथा पथरिया मोहना सिचाई व्यवस्थापन कार्यालय, कैलालीका प्रमुखलाई मिति २०८१/०६/१० गते बिहीबार दिनको २:०० बजे बस्ने समितिको बैठकमा आमन्त्रण गर्ने ।

२. महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदनमा उल्लेखित सामाजिक विकास मन्त्रालयको दफा ८ दफा ९ माथि अध्ययन गरी १५ (पन्ध्र) दिन भित्र समितिमा प्रतिवेदन पेश गर्न गठन गरिएको बेरुजु अध्ययन उपसमितिलाई भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको दफा ४ र दफा ५ सम्बन्धमा समेत अध्ययन गरी प्रतिवेदन पेश गर्न २ (दुई) महिनाको थप समय प्रदान गर्ने ।

३. आर्थिक वर्ष २०८०/०८१ मा प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रबाट खरिद गरिएको Hospital Waste Management System सम्बन्धी शुरु प्रक्रिया देखिका सम्पूर्ण कागजातहरु पत्र प्राप्त भएको मितिले १० दिन भित्र यस समितिमा उपलब्ध गराउन सामाजिक विकास मन्त्रालयलाई पत्राचार गर्ने ।

## बैठक संख्या : ५०
## मिति : २०८१/०७/२२

**<u>छलफलको विषय</u> :**

१. बेरुजु अध्ययन उपसमितिको प्रतिवेदन सम्बन्धमा ।

२. समितिले दिएका निर्देशनहरु कार्यान्वयनको अवस्था सम्बन्धमा ।

३. विद्यालयमा भएको अनियमितता सम्बन्धमा ।

४. समसामयिक विषयमा ।

**<u>निर्णयहरु</u> :**

१. बेरुजु अध्ययन उपसमितिले तयार पारेको प्रतिवेदन समितिमा पेश गरी अध्ययनका लागि माननीय सदस्यहरुलाई वितरण गरियो ।

२. मिति २०८०/०९/०३ गते बसेको समितिको बैठकको निर्णय बमोजिम सुदूरपश्चिम प्रदेशको वन निर्देशनालयमा कार्यरत तत्कालीन वन निर्देशक कृष्ण दत्त भट्टको सार्वजनिक भएको भिडियो प्रकरण सम्बन्धमा निज कृष्ण दत्त भट्टलाई अब आइन्दा आचरण विपरित चरित्र पदर्शन हुने गरी प्रस्तुत नहुन र

ईमान्दारीपूर्वक पदीय आचरणको पालना गर्न सचेत गराउने कार्यका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने निर्णय भएकोमा उक्त निर्देशन पालना भए नभएको सम्बन्धमा पत्र प्राप्त भएको मितिले १० (दश) दिन भित्र खुलाई पठाउन पत्राचार गर्ने ।

३. कैलाली जिल्लाको गौरीगंगा नगरपालिका वडा नं. १ मा अवस्थित नवजीवन आधारभूत विद्यालयमा प्रदेश सरकारबाट आर्थिक वर्ष २०७७/०७८ मा दुई कोठे भवन निर्माणका लागि रु १६,००,०००। (अक्षरेपी सोह्र लाख मात्र) बजेट विनियोजन भएकोमा निर्माण सम्पन्न नगरी अधुरो रहेका कारण भवन जिर्ण बन्दै गइरहेको र प्रयोगमा समेत आउन नसकेको देखिन्छ । अतः उक्त निर्माण कार्यको कार्यान्वयन कुन निकायबाट गरिएको हो, निर्माण सम्पन्न के कारणले नभएको हो, यस सम्बन्धमा शुरु प्रक्रिया देखि भुक्तानी सम्मका सम्पूर्ण कागजातहरु १० (दश) दिन भित्र समितिमा पठाउन निर्देशन दिने।

## वैठक संख्या : ५१
## मिति : २०८१/०७/२५

**छलफलको विषय** :

१. बेरुजु अध्ययन उपसमितिले पेश गरेको प्रतिवेदन माथि छलफल ।

२. Hospital Waste Management System सम्बन्धमा ।

३. समितिको प्रतिवेदनको मस्यौदा तयारी सम्बन्धमा ।

४. विविध विषयमा ।

**निर्णयहरु** :

१. सामाजिक विकास मन्त्रालयबाट आर्थिक वर्ष २०८०/०८१ मा खरिद गरिएको Hospital Waste Management System को सम्बन्धमा सम्पूर्ण कागजातहरुको अध्ययन गर्ने, स्थलगत निरिक्षण गर्ने, विभिन्न विज्ञहरुको राय परामर्श लिने लगायतका कार्यहरु गरी ३ (तीन) महिना भित्र समितिमा प्रतिवेदन पेश गर्ने कार्यका लागि समिति सदस्य माननीय सन्तोष कुमारी शर्मा थापाको संयोजकत्वमा तपसिल बमोजिमको अध्ययन उपसमिति गठन गरियो ।

**तपसिल**

| | |
|---|---|
| माननीय सन्तोष कुमारी शर्मा थापा | - संयोजक |
| माननीय अक्कल बहादुर रावल | - सदस्य |
| माननीय खेमा देवी विष्ट | - सदस्य |
| माननीय गीता कुमारी चौधरी | - सदस्य |
| माननीय गीता देवी माल | - सदस्य |

२. सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदनको मस्यौदा तयारीका लागि श्री प्रेम कटेललाई निर्देशन दिने।

३. समितिको अर्को वैठक मिति २०८१ साल कार्तिक २६ गते सोमबार बिहान ११:०० बजे बस्ने ।

**वैठक संख्या : ५२**

**मिति : २०८१/०७/२६**

**निर्णय नं. १ :**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग सम्बन्धित महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदनको तपसिलका दफाहरुमा तपसिल बमोजिम निर्देशन दिने :

**दफा ५ मा निर्णय :**

रु २५ लाखका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतका विभिन्न १५ वटा ब्लक संचालक समितिहरुलाई कानून विपरीत उपलब्ध गराएको व्यवस्थापन खर्च रु ७,२६,६२५। (अक्षेरेपि सात लाख छब्बिस हजार छ सय पच्चीस मात्र) र वैठक खर्च रु ९,००,०००। (अक्षेरेपि नौ लाख मात्र) गरी जम्मा १६,२६,६२५। (अक्षेरेपि सोह्र लाख छब्बीस हजार छ सय पच्चीस मात्र) र रु ५ लाखका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतका विभिन्न फर्महरुलाई उपलब्ध गराएको व्यवस्थापन खर्च वापतको रकम रु ७,५०,४६०। (अक्षेरेपि सात लाख पचास हजार चार सय साठी मात्र) सम्बन्धित जिम्मेवार कर्मचारीहरुबाट दुई महिना भित्र असुल गरी यस समितिलाई जानकारी गराउन भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने ।

**रु २५ लाखका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतका ब्लक संचालक समितिहरुको विवरण :**

| क्र.सं. | संचालक समितिको नाम | ठेगाना | व्यवस्थापन खर्च | वैठक खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | घण्टेश्वर तरकारी ब्लक | जोरायल-१, डोटी | - | ७५,०००। | |
| २ | सलोन आलु ब्लक | परशुराम-१, डडेल्धुरा | ३०,२००। | ९०,०००। | |
| ३ | बिरबेताल मकै उत्पादन ब्लक | अजयमेरु-२, डडेल्धुरा | ७०,०००। | ४०,०००। | |
| ४ | जोरायल धान ब्लक | जोरायल-३,४ डोटी | ६७,०००। | ९०,०००। | |
| ५ | परिगाउँ धान उत्पादन ब्लक | परशुराम-५ डडेल्धुरा | ६७,०००। | ९०,०००। | |
| ६ | शिखर धान उत्पादन ब्लक | शिखर-८,१० डोटी | ६७,०००। | ९०,०००। | |
| ७ | जनसहारा केरा उत्पादन ब्लक | आलिताल-७ डडेल्धुरा | ३५,०००। | ५०,०००। | |
| ८ | हम्तड मकैबाली उत्पादन | आलिताल-८ डडेल्धुरा | २०,०००। | - | |
| ९ | बैजनाथ मसला बाली उत्पादन ब्लक | अजयमेरु-२, डडेल्धुरा | ४०,०००। | ४५,०००। | |
| १० | बडीकेदार अदुवा बेसार ब्लक | बडीकेदार-५ डोटी | १,००,०००। | ७५,०००। | |
| ११ | सिमचौर अदुवा ब्लक | बोगटान फुडसिल-१ डोटी | १,००,०००। | ७५,०००। | |
| १२ | सिताराम तरकारी ब्लक | के.आई.सिं-६ डोटी | - | ७५,०००। | |
| १३ | डागेश्वरी भटमास ब्लक | अजयमेरु-६ डडेल्धुरा | ३०,०००। | ६०,०००। | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | सवडी भटमास ब्लक | बोगटान फुडसिल-४ डोटी | ४२,७५०। | ४५,०००। | |
| १५ | सालमुनी बहुद्देश्यीय कृषि तथा पशुपन्छी फर्म | दि.सि.न.पा.-३ डोटी | अन्य विविध खर्च ५७,६७५। | - | |
| कुल जम्मा | | | ७,२६,६२५। | ९,००,०००। | |

**रु ५ लाखका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतका फर्महरुको विवरण :**

| क्र.सं. | फर्मको नाम | ठेगाना | व्यवस्थापन खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | कैलपाल कृषि पशुपन्छी तथा जडिबुटी | भागेश्वर-४ डडेल्धुरा | ७,५००। | |
| २ | कैलपाल बहुउद्देश्यीय कृषि फर्म | गन्यापधुरा-४ डडेल्धुरा | २०,०००। | |
| ३ | दाजुभाई कृषि तथा पशुपन्छी फर्म | भागेश्वर-२ डडेल्धुरा | १२,५००। | |
| ४ | भागेश्वर बहुउद्देश्यीय | गन्यापधुरा-१, डडेल्धुरा | ७,५००। | |
| ५ | डोगडी अदुवा पकेट | आलीताल-६, डडेल्धुरा | छैन | |
| ६ | शिवनाथ तरकारी उत्पादन पकेट | अ.न.पा.-१, डडेल्धुरा | ७,५००। | |
| ७ | निम्तोला मकै उत्पादन | नवदुर्गा-१, डडेल्धुरा | ३,५००। | |
| ८ | कमैसिल मौरी पकेट | नवदुर्गा-१, डडेल्धुरा | ७,५००। | |
| ९ | लक्षी कृषि तथा पशुपालन व्यवसाय | अजयमेरु-६, डडेल्धुरा | ५,०००। | |
| १० | समैजी कलेना केरा संचालक समिति | परशुराम-१, डडेल्धुरा | ७,५००। | |
| ११ | केदारनाथ कृषि तथा पशुपालन फर्म | आलीताल-६, डडेल्धुरा | १०,०००। | |
| १२ | मकवानपुर मकै उत्पादक पकेट | आलीताल-५, डडेल्धुरा | १०,०००। | |
| १३ | शैलेश्वर ताजा तरकारी प्याकेट | अमरगढी-७, डडेल्धुरा | १०,०००। | |
| १४ | भागेश्वर गणेश शम्भु कृषि तथा पशुपन्छी फर्म | भागेश्वर-४, डडेल्धुरा | ७,५००। | |
| १५ | ससरङ्गी कृषक तोरी पाकेट | परशुराम-६, डडेल्धुरा | ११,५००। | |
| १६ | शिवशक्ति कृषि तथा पशुपन्छी फर्म | दि.सि.न.पा.-४ डोटी | २,५००। | स्थानीय तहको सिफारिस नभएको |
| १७ | भुमिराज कृषि तथा पशुपन्छी पालन फर्म | अमरगढी-८, डडेल्धुरा | ३,५००। | |
| १८ | ढुवाली खेत आलु उत्पादन पकेट | आलीताल-८, डडेल्धुरा | १५,०००। | |
| १९ | मष्टा भटमास पाकेट | गन्यापधुरा-३, डडेल्धुरा | १५,०००। | |
| २० | गौडेश्वर तरकारी पाकेट | नवदुर्गा-१, डडेल्धुरा | ९,५००। | |
| २१ | धारी तरकारी उत्पादन पाकेट | अजयमेरु-४, डडेल्धुरा | ७,५००। | |
| २२ | हरियाली ताजा तरकारी उत्पादन | अजयमेरु-४, डडेल्धुरा | ७,५००। | |
| २३ | कैलपाल मसला उत्पादन पकेट | भागेश्वर-५, डडेल्धुरा | २५,०००। | |
| २४ | साउँद बहुउद्देश्यीय कृषि फर्म | दि.सि.न.पा.-९ डोटी | छैन | |
| २५ | कालिका फलफुल पकेट | जोरायल-६, डोटी | छैन | |
| २६ | नमुना महिला साना तरकारी उत्पादन | जोरायल-३, डोटी | छैन | |
| २७ | लक्ष्मी अदुवा बाली पकेट | पूर्वीचौकी-३, डोटी | ४,७५०। | |
| २८ | खप्तड आलु पाकेट | पूर्वीचौकी-२, डोटी | छैन | |
| २९ | मष्टा आलु बाली पकेट | बोगटान-१, डोटी | १०,०००। | |
| ३० | प्रगतिशिल तरकारी बाली पकेट | बोगटान-६, डोटी | १२,७५०। | |
| ३१ | समैजी साना आलु उत्पादन | जोरायल-२, डोटी | १४,०००। | |
| ३२ | आदर्श महिला अदुवा उत्पादन | बडिकेदार-५, डोटी | ३,०००। | |
| ३३ | नमुना प्रगतिशिल मौरीपालन | बडिकेदार-५, डोटी | छैन | |

| | | | | |
|---|---|---|---|---|
| ३४ | लालीगुराँस माहुरी पकेट संचालन | बोगटान-१, डोटी | छैन | |
| ३५ | काफली गन्यास फलफुल तथा तरकारी फर्म | जोरायल-५, डोटी | छैन | |
| ३६ | सिर्जनशिल तरकारी पकेट संचालन समिति | दि.सि.न.पा.-४, डोटी | छैन | |
| ३७ | मल्लो तरकारी फर्म | जोरायल-१, डोटी | ६,६००। | |
| ३८ | सिद्धनाथ तरकारी उत्पादन पकेट | शिखर-११, डोटी | ६,२५०। | |
| ३९ | हरियाली तरकारी पाकेट | आदर्श-५, डोटी | ६,०००। | |
| ४० | ठुलदाई कृषि फर्म | शिखर-१०, डोटी | छैन | |
| ४१ | आगन कृषि फर्म | बोग्टान-२, डोटी | छैन | |
| ४२ | बहादुर रोकाया कृषि प्रा.लि. | आदर्श-३, डोटी | ४,०००। | |
| ४३ | सानीखैगाड मकै पकेट | जोरायल-१, डोटी | ५,९५०। | |
| ४४ | मष्टा तरकारी बाली पकेट | शिखर-९, डोटी | छैन | |
| ४५ | विमला बहुउद्देश्यीय कृषि फर्म | सायल-५, डोटी | छैन | गोबर मलको दर उच्च रहेको |
| ४६ | चौफाल अदुवा बेसार खेती | शिखर-६, डोटी | ४,७५०। | |
| ४७ | देव कृषि तथा पशुपन्छी पालन फर्म | दि.सि.न.पा-८, डोटी | ५,०००। | |
| ४८ | अर्गानिक मह उत्पादन पकेट | आलीताल-४, डडेल्धुरा | ७,५००। | |
| ४९ | एस.बि. कृषि तथा पशुपालन फर्म | अजयमेरु-२, डडेल्धुरा | १२,६२५। | |
| ५० | भित्रीसैन मकै उत्पादन पाकेट | आलीताल-५, डडेल्धुरा | २०,०००। | |
| ५१ | जहल तिलेता आलु उत्पादन पकेट | आलीताल-५, डडेल्धुरा | १५,०००। | |
| ५२ | बिरबेताल बहुउद्देश्यीय फर्म | अजयमेरु-३, डडेल्धुरा | १७,०००। | |
| ५३ | भैरव तरकारी पकेट संचालन | अजयमेरु-२, डडेल्धुरा | छैन | |
| ५४ | रुपाल मकै पकेट | भागेश्वर-२, डडेल्धुरा | छैन | |
| ५५ | बटेत तरकारी पकेट | नवदुर्गा-३, डडेल्धुरा | ७,३००। | |
| ५६ | दुर्गादिवी अदुवा बाली पकेट | जोरायल-२, डोटी | २५,०००। | |
| ५७ | वनस्पति तथा कृषि नरसरी उत्पादन | अमरगढी-४, डडेल्धुरा | छैन | |
| ५८ | देवराज सुन्तला जात नरसरी | भागेश्वर-५, डडेल्धुरा | २,८००। | |
| ५९ | जनचाहाना तरकारी पकेट | भागेश्वर-४, डडेल्धुरा | छैन | |
| ६० | कैलपाल बहुउद्देश्यीय तरकारी पकेट | गन्यापधुरा-३, डडेल्धुरा | १३,५००। | |
| ६१ | लालीगुराँस भटमास पकेट | पूर्वीचौकी-१, डोटी | ८,०००। | |
| ६२ | कालीका तरकारी पकेट | पुर्वीचौकी-१, डोटी | ३,०००। | |
| ६३ | मालिका फलफुल तरकारी पकेट | सायल-६, डोटी | १२,७५०। | |
| ६४ | बडिकेदार पशुपालन कृषि तथा जडिबुटी फर्म | बडिकेदार-४, डोटी | १३,२५०। | |
| ६५ | एलिसा कृषि तथा पशुपन्छी फर्म | दि.सि.न.पा-१, डोटी | ४,४१०। | |
| ६६ | मोहन्याल भटमास पकेट | के.आई.सिं-२, डोटी | १२,०००। | |
| ६७ | छडिमेलछडी मसला बाली पकेट | बडिकेदार-५, डोटी | ४,७५०। | |
| ६८ | स्वाबलम्बन मकै पकेट | के.आई.सिं-१, डोटी | १२,०००। | |
| ६९ | नवदुर्गा बहुउद्देश्यीय सुन्तला पकेट | बोगटान-७, डोटी | १३,२५०। | |
| ७० | सुर्यज्योती कृषि तरकारी फर्म | के.आई.सिं-६, डोटी | ११,८२५। | |
| ७१ | ढुम्के कृषि तथा पशुपन्छी फर्म | दि.सि.न.पा-७, डोटी | छैन | |
| ७२ | सवडी तरकारी पकेट | बोगटान-४, डोटी | ६,२५०। | |
| ७३ | देहिमाण्डौं सिर्जनशील कृषि तथा पशुपालन फर्म | आदर्श-३, डोटी | १५,७००। | |
| ७४ | जनचेतना तरकारी पकेट संचालक समिति | सायल-५, डोटी | ४,०००। | |

| | | | | |
|---|---|---|---|---|
| ७५ | सफल अदुवा बाली पकेट | सायल-३, डोटी | ४,७५०। | |
| ७६ | उवादेउ तरकारी बाली पकेट | बोगटान-४, डोटी | छैन | |
| ७७ | त्रिवेणी आलु पकेट संचालक समिति | सायल-३, डोटी | १०,०००। | |
| ७८ | जयश्री मष्टा बहुउद्देश्यीय कृषि तथा पशुपन्छी पालन फर्म | के.आई.सिं-३, डोटी | छैन | |
| ७९ | जनजाती मसला बाली पकेट | बडिकेदार-४, डोटी | ४,७५०। | |
| ८० | ओली उत्थान तरकारी पकेट | के.आई.सिं-३, डोटी | ३,०००। | |
| ८१ | भगवती तरकारी बाली पकेट | के.आई.सिं-५, डोटी | ४,०००। | |
| ८२ | सफल तरकारी पकेट | दि.सि.न.पा-५, डोटी | १०,०००। | |
| ८३ | उदिप कृषि तथा भेटनरी फर्म | नवदुर्गा-४, डडेल्धुरा | ७,०००। | |
| ८४ | समैजी कलेना केरा पकेट | परशुराम-१, डडेल्धुरा | ७,५००। | |
| ८५ | तेकुण्डाडा केरा उत्पादन पकेट | आलीताल-८, डडेल्धुरा | १०,०००। | |
| ८६ | करेनी धनुके आलु उत्पादन | परशुराम-८, डडेल्धुरा | १५,०००। | |
| ८७ | कोलखान सुन्तला पकेट | परशुराम-१, डडेल्धुरा | २०,०००। | |
| ८८ | केदार बाखापालन तथा कृषि तरकारी | अजयमेरु-४, डडेल्धुरा | २०,०००। | |
| ८९ | सुरपाल तोरी उत्पादन पकेट | परशुराम-११, डडेल्धुरा | ७,५००। | |
| ९० | नवदुर्गा मकै पकेट | नवदुर्गा-१, डडेल्धुरा | ७,५००। | |
| ९१ | कोटेली आलु उत्पादन पकेट | नवदुर्गा-१, डडेल्धुरा | २२,५००। | |
| ९२ | बाँजकोटी मकै पकेट | पूर्वीचौकी-३, डोटी | १५,०००। | |
| ९३ | बडिमालिका ताजा तरकारी उत्पादन पकेट | के.आई.सिं-६, डोटी | ५,०००। | |
| ९४ | कैलपाल कृषि तथा भैंसीपालन फर्म | गन्यापधुरा-१, डडेल्धुरा | ७,०००। | |
| ९५ | लोपा अदुवा उत्पादन पकेट | परशुराम-३, डडेल्धुरा | २२,०००। | |
| ९६ | कोदो उत्पादन पकेट | आदर्श-३, डोटी | १०,०००। | |
| ९७ | गणेशायनमः कृषि फर्म | अमरगढी-१, डडेल्धुरा | छैन | |
| **जम्मा** | | | ७,५०,४६०। | |

**<u>दफा ४ मा निर्णय :</u>** कृषि ज्ञान केन्द्र, डडेल्धुराले आर्थिक वर्ष २०७६/०७७ मा दोगडा भूमिराज फलफुल प्रशोधन उद्योग, अमरगढी-५, डडेल्धुरालाई रु ४६,७५,०००। (अक्षेरेपि छयालिस लाख पचहत्तर हजार मात्र) उपलब्ध गराउदा सम्झौताको शुरु प्रक्रिया देखि भुक्तानीसम्म प्रचलित ऐन, नियमको प्रतिकुल हुने गरी गरेको साथै उक्त उद्योग अर्को व्यक्तिको नाममा नामसारी समेत गरेको खुलेकाले सम्झौता गर्दाका बखत ऐन, नियम प्रतिकुल कार्य गराउने जिम्मेवार कर्मचारी/उद्योगलाई प्रचलित कानून बमोजिम कारबाही गरी दुई महिना भित्र समितिमा जानकारी दिन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने।

**निर्णय नं. २ :**

सामाजिक विकास मन्त्रालयसँग सम्बन्धित महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदनको तपसिलका दफाहरुमा तपसिल बमोजिम निर्देशन दिने :

**दफा ८ मा निर्णय :** श्री शक्ति आधारभूत विद्यालय, कमलबजार-२, अछामको दुई कोठे ट्रस भवन निर्माणका लागि शिक्षा विकास निर्देशनालयबाट प्रथम किस्ता बापत रु ३,२०,०००। (अक्षरेपि तीन लाख बीस हजार मात्र) रकम उपलब्ध गराइएकोमा सम्झौता अनुसारको काम नगरी पेश्की फछ्यौट गर्न समेत नआएको र निर्देशनालयले पटक पटक ताकेता गर्दा समेत जवाफ नदिएकाले उक्त पेश्की रकम असुल गर्ने।

**दफा ९ मा निर्णय :**

Specification बमोजिम 1 Mbps क्षमताको Internet जडान नगरेका तपसिलका प्रत्येक विद्यालयहरुबाट विलमा उल्लेख भएको रकम रु १८,०००। (अक्षरेपि अठाह्र हजार मात्र) का दरले असुल गर्ने ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | असुल गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री तमैराज आधारभूत विद्यालय | जोगीकोइराली लेकम-४, दार्चुला | १८,०००। | |
| २ | श्री भैरव माध्यामिक विद्यालय | गौरीगंगा-६, कैलाली | १८,०००। | |
| ३ | श्री जनता राष्ट्रिय माध्यामिक विद्यालय | धनगढी-१३, कैलाली | १८,०००। | |
| ४ | श्री कन्या माध्यामिक विद्यालय | बटुलसेरा, बु.न.पा.-६, बझाङ्ग | १८,०००। | |
| ५ | श्री भवानी आधारभूत विद्यालय | बुँगल-६, बझाङ्ग | १८,०००। | |
| ६ | श्री महादेव माध्यामिक विद्यालय | अठपाली, बुँगल-७, बझाङ्ग | १८,०००। | |
| **जम्मा** | | | **१,०८,०००।** | |

**२.३ सार्वजनिक लेखा समिति गठन भएको मिति २०८०/०२/१७ देखि मिति २०८१/०७/२६ गतेसम्म प्रतिनिधित्व गरी समिति/उपसमितिमा रही कार्यसम्पन्न गर्नु भएका तथा कार्य गरिरहनु भएका माननीय सदस्यज्यूहरुको कार्यगत विवरण :**

| |
|---|
| सार्वजनिक लेखा समितिको २०८१/०७/२६ गतेसम्म बसेको जम्मा वैठक संख्या : ५२ |
| समितिको पहिलो वैठक बसेको मिति : २०८०/०२/१७ |
| आर्थिक वर्ष २०७९/०८० मा समितिको जम्मा वैठक संख्या : ५ |
| आर्थिक वर्ष २०८०/०८१ मा समितिको जम्मा वैठक संख्या : ३६ |
| आर्थिक वर्ष २०८१/०८२ मा मिति २०८१/०७/२६ समितिको जम्मा वैठक संख्या : ११ |

| क्र.सं. | नाम, थर | पद | समितिमा उपस्थित रहनु भएको वैठक संख्या | समितिमा अनुपस्थित रहनु भएको वैठक संख्या | समितिमा रहनु भएको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | माननीय विक्रम सिंह धामी | सभापति | ५० | २ | २०८०/०२/१७ देखि २०८१/०७/२६ | |
| २ | माननीय अक्कल बहादुर रावल | सदस्य | ४२ | १० | २०८०/०२/१७ देखि २०८१/०७/२६ | |
| ३ | माननीय खेमा देवी विष्ट | सदस्य | ४१ | ११ | २०८०/०२/१७ देखि २०८१/०७/२६ | |
| ४ | माननीय गीता कुमारी चौधरी | सदस्य | ४१ | ११ | २०८०/०२/१७ देखि २०८१/०७/२६ | |
| ५ | माननीय गीता देवी माल | सदस्य | ११ | - | २०८१/०५/०६ देखि २०८१/०७/२६ | |
| ६ | माननीय टिका थापा | सदस्य | १८ | २ | २०८०/०२/१७ देखि २०८१/०२/२९ सम्म | |
| ७ | माननीय बीर बहादुर थापा | सदस्य | ३६ | २ | २०८०/०२/१७ देखि २०८१/०२/२९ सम्म | |
| ८ | माननीय बेल बहादुर रानामगर | सदस्य | ३७ | १५ | २०८०/०२/१७ देखि २०८१/०७/२६ | |
| ९ | माननीय मधु देवी भारती | सदस्य | ३९ | १३ | २०८०/०२/१७ देखि २०८१/०७/२६ | |
| १० | माननीय मान बहादुर धामी | सदस्य | २४ | २८ | २०८०/०२/१७ देखि २०८१/०७/२६ | |
| ११ | माननीय सन्तोष कुमारी शर्मा थापा | सदस्य | ४५ | ७ | २०८०/०२/१७ देखि २०८१/०७/२६ | |
| १२ | माननीय लक्ष्मण किशोर चौधरी | सदस्य | - | ३ | २०८१/०२/३० देखि २०८१/०३/०४ सम्म | |
| १३ | माननीय दीर्घ बहादुर सोडारी | सदस्य | ६ | ४ | २०८१/०५/१७ देखि २०८१/०७/२६ | |
| १४ | माननीय प्रकाश बहादुर देउवा | सदस्य | ३ | १० | २०८१/०३/०२ देखि २०८१/०७/२६ | |

## २.४ मासिक रुपमा भए गरेका समिति वैठकका विवरणहरु :
## (२०८० जेठ १७ गतेदेखि २०८१ कार्तिक २६ गतेसम्म)

| महिना | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
|---|---|---|---|
| साउन | - | २०८०/०४/३१, २०८०/०४/३२<br>जम्मा वैठक संख्या - २ | - |
| भाद्र | - | २०८०/०५/०४, २०८०/०५/१०, २०८०/०५/२१, २०८०/०५/२२, २०८०/०५/२२<br>जम्मा वैठक संख्या - ५ | २०८१/०५/०६, २०८१/०५/१३, २०८१/०५/१४, २०८१/०५/१६, २०८१/०५/१७, २०८१/०५/२५<br>जम्मा वैठक संख्या - ६ |
| असोज | - | २०८०/०६/०४, २०८०/०६/१६<br>जम्मा वैठक संख्या - २ | २०८१/०६/०६, २०८१/०६/१०<br>जम्मा वैठक संख्या २ |
| कार्तिक | - | - | २०८१/०७/२२, २०८१/०७/२५, २०८१/०७/२६<br>जम्मा वैठक संख्या - ३ |
| मंसिर | - | - | |
| पौष | - | २०८०/०९/०३, २०८०/०९/०३, २०८०/०९/२३, २०८०/०९/२५, २०८०/०९/२५,<br>जम्मा वैठक संख्या - ५ | |
| माघ | - | २०८०/१०/१९, २०८०/१०/३०<br>जम्मा वैठक संख्या - २ | |
| फाल्गुन | - | - | |
| चैत | - | - | |
| वैशाख | - | - | |

| | | | |
|---|---|---|---|
| जेठ | २०८०/०२/१७, २०८०/०२/१९, २०८०/०२/२३<br><br>जम्मा वैठक संख्या - ३ | २०८१/०२/०७, २०८१/०२/०९, २०८१/०२/१४, २०८१/०२/१६, २०८१/०२/१८ मा जम्मा ४ वैठक, २०८१/०२/१९ मा जम्मा ३ वैठक, २०८१/०२/२० मा जम्मा २ वैठक, २०८१/०२/२१, २०८१/०२/२२, २०८१/०२/२३, २०८१/०२/२४, २०८१/०२/२९<br>जम्मा वैठक संख्या - १८ | |
| असार | २०८०/०३/०२, २०८०/०३/०४<br>जम्मा वैठक संख्या - २ | २०८१/०३/०२, २०८१/०३/०४<br>जम्मा वैठक संख्या - २ | |

## परिच्छेद-३

### ३.१ महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमाथि छलफल गर्न गठन भएका उपसमितिहरु :

**(उपसमितिहरु गठन मिति : २०८०/०६/१६)**

| क्र.सं. | मन्त्रालय/निकाय/सचिवालय/कार्यालय | मा.सदस्यहरुको नाम | पद |
|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>भौतिक पूर्वाधार विकास मन्त्रालय,<br>आर्थिक मामिला मन्त्रालय,<br>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | माननीय विक्रम सिंह धामी | संयोजक |
| | | माननीय टिका थापा | सदस्य |
| | | माननीय बेल बहादुर राना मगर | सदस्य |
| | | माननीय मान बहादुर धामी | सदस्य |
| | | माननीय सन्तोष कुमारी शर्मा थापा | सदस्य |
| २ | प्रदेश सभा सचिवालय,<br>आन्तरिक मामिला तथा कानून मन्त्रालय,<br>सामाजिक विकास मन्त्रालय,<br>उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,<br>मुख्य न्यायाधिवक्ताको कार्यालय | माननीय विर बहादुर थापा | संयोजक |
| | | माननीय अक्कल बहादुर रावल | सदस्य |
| | | माननीय खेमा देवी विष्ट | सदस्य |
| | | माननीय गीता कुमारी चौधरी | सदस्य |
| | | माननीय मधु देवी भारती | सदस्य |

**(उपसमितिहरु गठन मिति : २०८१/०५/२५)**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयका केही दफाहरुमा थप अध्ययन गर्न गठित उपसमिति :**

१. माननीय सन्तोष कुमारी शर्मा थापा - संयोजक
२. माननीय अक्कल बहादुर रावल - सदस्य
३. माननीय खेमा देवी विष्ट - सदस्य
४. माननीय गीता देवी माल - सदस्य
५. माननीय बेल बहादुर रानामगर - सदस्य

## महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन, २०७८ उपर भएका छलफलका निर्णयहरु :

**निकायगत बेरुजु माथिका निर्णयहरु :** **बैठक संख्या :** ४१ **मिति :** २०८१/०३/०४ गते

३.२ प्रदेश सभा सचिवालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**निर्णयहरु :**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **विधेयक पारित -** प्रदेश सभा सचिवालयले प्रदेश सभाको सञ्चालन तथा व्यवस्थापन कार्यसूची बमोजिम गर्ने व्यवस्था छ । कार्यसूची अनुसार पहिलो र दोश्रो अधिवेशनबाट ४७ विधेयक पारित गरेको छ । | केही गर्नु नपर्ने |
| २ | **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार रु २० लाख भन्दा माथिको खरिद बोलपत्रको माध्यमबाट गर्ने व्यवस्था छ । सचिवालयले यो वर्ष ११ आपूर्तिकर्तासँग पटक पटक गरी रु २२ लाख ३० हजार फर्निचर सोझै खरिद गरेको छ । खरिद ऐनमा भएको व्यवस्था अबलम्बन गरी खरिदलाई प्रतिस्पर्धी बनाउनु पर्दछ । | अब उपरान्त खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया पुरा गरी खरिद कार्यलाई प्रतिस्पर्धी बनाउने र उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |

निकायगत बेरुजु माथिका निर्णयहरु : वैठक संख्या : ३५ मिति : २०८१/०२/२१ गते

३.३ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

निर्णयहरु :

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **वार्षिक प्रगति -** कार्यालयले चालु बजेट शीर्षकबाट निजामती कर्मचारीका सन्ततिको लागि आवासीय विद्यालय भवन निर्माण गर्न रु. १ करोड खर्च गरेको छ । नियमन, अनुगमन, मूल्याङ्कन र समन्वय गर्ने जिम्मेवारी भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले विषयगत मन्त्रालयबाट सम्पादन हुने कार्यक्रम आफैंले सञ्चालन गरेको उचित देखिएन । | तत्कालीन समयमा क्षेत्रीय प्रशासकलाई भएको अधिकार सम्बन्धित प्रदेशको प्रमुख सचिवलाई प्रत्यायोजन भएकोले निजामती कर्मचारीका सन्ततिको लागि आवासीय विद्यालय सम्बन्धी कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्दै आएकोमा हाल उक्त विद्यालयको सम्पूर्ण कार्य सामाजिक विकास मन्त्रालयलाई हस्तान्तरण गरिएको हुँदा उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| २ | **नीति कार्यान्वयन -** कार्यालयले कार्यक्षेत्र बाहिर काठमाडौंमा सम्पर्क कार्यालय स्थापना गरी कार्यालयको बजेटबाट टेलिभिजन, कम्प्युटर, फर्निचर खरिद र कार्यालय मर्मत तथा रंगरोगनमा रु. ६ लाख ८५ हजार खर्च गरेको छ । कानूनी व्यवस्था र नीतिगत निर्णय बेगर काठमाडौंमा समेत कार्यालय स्थापना गरी खर्च गर्नु औचित्यपूर्ण देखिएन । | मिति २०७५/०९/०६ गते नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनाको बुँदा नं. १६ मा मुख्यमन्त्री निवासको अन्तरिम व्यवस्थापन तथा सम्पर्क कार्यालय निर्माण गर्ने उल्लेख भए बमोजिम उक्त कार्यालय स्थापना भएको र निर्माण सम्पन्न पश्चात टेलिभिजन, कम्प्युटर, फर्निचर लगायत अत्यावश्यक सामाग्री खरिद गरिएको उल्लेख भइआएकोले उक्त बेरुजु लगत कट्टा गर्ने । |
| ३ | **दिगो विकास लक्ष्यको कार्यान्वयन -** दिगो विकास लक्ष्यको कार्यान्वयनको लागि राष्ट्रिय योजना आयोगले उपलब्ध गराएको मार्गदर्शन अनुसार प्रादेशिक तथा स्थानीय लक्ष्य गन्तव्य र सूचकहरू तोकी सोही अनुसार संस्थागत प्रबन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली कार्यान्वयनमा ल्याउनु पर्दछ । प्रदेशस्तरमा लक्ष्य कार्यान्वयनको सम्बन्धमा निर्देशक समिति तथा समन्वय समिति गठन भएको छैन । | बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९ मा प्रदेश दिगो विकास लक्ष्य निर्देशक समिति सम्बन्धी व्यवस्था भएको देखिएको साथै दिगो विकास लक्ष्यको लक्ष्य नं. १६ र १७ को कार्यान्वयनका लागि बजेट विनियोजन गरेको देखिएकोले उक्त बेरुजुको लगत कट्टा गर्ने । |

<u>निकायगत बेरुजु माथिका निर्णयहरु</u> : **वैठक संख्या : ४१** **मिति : २०८१/०३/०४ गते**

३.४ आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

<u>निर्णयहरु</u> :

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारीः** सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा विभिन्न २४ विषयका नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन तथा नियमनको जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकिएकोमा ९ विषयक्षेत्रका प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा गरेको देखिएन । | सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा तोकिएका विभिन्न विषयका नीति, कानून, मापदण्डहरु अविलम्ब तर्जुमा गरी कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |
| २ | **बजेट कार्यान्वयन** - बजेट कार्यान्वयन प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेशबाट सञ्चालित योजनाको लक्ष्य, नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोत समेतलाई मध्यनजर राखी बजेट बनाउनुपर्ने व्यवस्था छ । बजेट अनुमानको तुलनामा २०७४/७५ मा २५.५ प्रतिशत, २०७५/७६ मा ५६.५० प्रतिशत र २०७६/७७ मा ६२.५२ प्रतिशत मात्र खर्च भई तीन वर्षमा औसत ५९ प्रतिशत मात्र खर्च भएको छ । बजेट अनुमान कै हाराहरीमा आय प्राप्त भएको तर खर्च न्यून भएको कारण बचत रकम हरेक वर्ष वृद्धि हुँदै गएको छ । खर्च गर्ने दक्षता वृद्धि नभएको कारण बजेट यथार्थमा आधारित देखिएन । खर्च दक्षता बढाई बजेटलाई यथार्थपरक बनाउनु पर्दछ । | बजेटलाई यथार्थपरक बनाउन मध्यकालीन खर्च संरचनालाई मध्येनजर गरी प्रदेश सरकारको योजना तर्जुमा दिग्दर्शनको पूर्ण पालना गर्ने, बहुवर्षीय र अधुरा रहेका योजनाहरुको कार्यान्वयनलाई प्राथमिकता दिने, नयाँ योजनाहरु छनौट गर्दा आवश्यकता र औचित्यताको पहिचान गरी कार्यान्वयनयोग्य योजनाहरु मात्र छनौट गर्न निर्देशन दिने । |
| ३ | **एकीकृत वित्तीय विवरण** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र नियमावली, २०७६ बमोजिम प्रदेश सञ्चित कोष एवम् अन्य सरकारी कोषहरूको एकिकृत वार्षिक वित्तीय विवरण गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकिकृत वित्तीय प्रतिवेदनमा प्रदेश सञ्चित कोषको रु. २५ अर्ब ६८ करोड ९४ लाख ७४ हजारको | केही गर्नु नपर्ने । |

| | | |
|---|---|---|
| | आय व्यय विवरण पेश भएको छ । | |
| ४.१ | वित्तीय समानीकरण लगायतको अनुदान बजेट रू. १४ अर्व ५० करोड ३० लाखमध्ये रू.१३ अर्व २८ करोड ९ लाख ५१ हजार अर्थात् ९१.५७ प्रतिशत निकासा प्राप्त भएको छ । अनुदान मध्ये समानीकरण अनुदान बजेट अनुसार नै निकासा भएकोमा सशर्त अनुदान बजेटको ९७ प्रतिशत, समपूरक अनुदान बजेटको ५६.६१ प्रतिशत र विशेष अनुदान बजेटको ३५ प्रतिशत प्राप्त भएको छ । | केही गर्नु नपर्ने । |
| ४.२ | अनुदान निकासा रु. १३ अर्व २८ करोड ९ लाख ५१ हजार मध्ये रु. ९ अर्व २५ करोड ३८ लाख ५७ हजार अर्थात् ६९.६७ प्रतिशत खर्च भएको छ । समानीकरण अनुदान रु. ७ अर्व ९५ करोड २४ लाख मध्ये रु.४ अर्व ४२ करोड ६७ लाख २० हजार खर्च भई रू. ३ अर्व ५२ करोड ५६ लाख ८० हजार बचत रहेको छ । सशर्त, समपुरक र विशेष अनुदान वापत खर्च हुन नसकेको रू. ५० करोड १४ लाख १४ हजार फिर्ता हुन बाँकी देखाएको छ । | संघीय सरकारबाट प्राप्त सशर्त, समपुरक र विशेष अनुदान रकम सोही आर्थिक वर्षमा खर्च हुन नसक्दा योजना अधुरो रहन सक्ने सम्भावनालाई मध्येनजर गरी अब आइन्दा खर्च गर्ने निकायको कार्यसम्पादन स्तरमा सुधार गरी खर्चको दक्षता वृद्धि गर्न निर्देशन दिने । |
| ५ | **स्थानीय तहलाई वित्तीय हस्तान्तरण** - प्रदेशस्थित कार्यालयको वर्षान्तमा खर्च नभई बाँकी रहेको विनियोजन रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा यो बर्ष प्रदेश मातहतका ८८ स्थानीय तहलाई सशर्त, समपूरक र विशेष अनुदान रु.१ अर्ब ६७ करोड ९५ लाख ४४ हजार निकासा भएकोमा पुरै रकम खर्च देखाएको छ । निकासा भएको अनुदान रकम मध्ये सम्बन्धित स्थानीय तहले खर्च नगरी बाँकी रकम फिर्ता भएको तथा फिर्ता हुन बाँकीको सम्बन्धमा लेखा अद्यावधिक गरेको छैन । | स्थानीय तहलाई निकासा दिएको रकमको सम्बन्धमा लेखा अद्यावधिक गरेकोले लगत कट्टा गर्ने । |
| ६ | **प्रदेश विभाज्य कोष** - प्रदेश विभाज्य कोषमा वन क्षेत्रको रोयल्टी र सवारी साधन कर समेत रु. ५७ करोड ४३ लाख ८ हजार प्राप्त भएको छ । जसमध्ये सङ्घीय सरकारबाट बाँडफाँट हुने राजस्वको रूपमा रहेको वन क्षेत्रको रोयल्टी वापत प्राप्त रु. १४ करोड ४२ लाख ३५ हजार मध्ये प्रदेश सरकारलाई प्राप्त हुन बाँकी रु. ४ करोड ५० लाख ९८ हजार रहेको छ । प्रदेश सरकारबाट बाँडफाँट हुने राजस्वको रूपमा रहेको सवारी साधन कर वापत संकलित रु ४३ करोड ७३ हजार मध्ये | विभाज्य कोषमा प्राप्त भएको रु ३ करोड ५५ लाख ११ हजार बाँडफाँड सम्बन्धी हिसान मिलान भइसकेकोले लगत कट्टा गर्ने । |

| | | |
|---|---|---|
| | २०७७ आषाढसम्म रु. ३९ करोड ४५ लाख ६२ हजारको बाँडफाँट भई ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र बाँकी ४० प्रतिशत स्थानीय विभाज्य कोषमा ट्रान्सफर भएको छ । आषाढ मसान्त पछि विभाज्य कोषमा प्राप्त भएको रु. ३ करोड ५५ लाख ११ हजार बाँडफाँट हुन बाँकी रहेको छ । | |
| ७ | **बजेट वक्तव्यको कार्यान्वयन -** सुदूरपश्चिम प्रदेशको २०७६।७७ को बजेट वक्तव्यमा प्रदेशको राजस्व क्षेत्र फराकिलो बनाउने, करप्रणालीलाई लगानीमैत्री बनाउने, आवधिक योजना निर्माण, युवा स्वरोजगार कार्यक्रम सञ्चालन, प्राथमिकता प्राप्त आयोजनालाई स्रोत सुनिश्चितता प्रदान र परियोजना बैंक निर्माण गरी प्राथमिकता प्राप्त आयोजनाहरूलाई कार्यान्वयन गर्ने उल्लेख गरेकोमा यी कार्यक्रम कार्यान्वयनमा आएका छैनन् । बजेटको कार्यान्वयन पक्षमा जोड दिदै बजेट प्रणालीमा सुधार ल्याउनु पर्दछ । | अब उपरान्त स्थानीय आवश्यकताका आधारमा योजनाको छनौट गरी आयोजना वैंकमा समावेश गर्ने, विभिन्न सरोकारवाला निकायहरु बीच पूर्व बजेट छलफल गर्ने साथै आयोजना वैंकमा क्रमवद्ध रुपमा आवश्यकताका आधारमा राखिएका योजनाहरुलाई मात्र छनौट गरी बजेट वक्तव्यमा समावेश गर्ने र कार्यान्वयनको चरणमा लिन निर्देशन दिने । |
| ८ | **आयोजना स्वीकृति -** विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी आयोजना स्वीकृत भएको हुनुपर्दछ । यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्नेमा मन्त्रालयले उपरोक्त अनुसारको प्रकृया पूरा नगरी कार्यक्रम तथा वजेट स्वीकृत गरेको छ । | अब उपरान्त विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक तथा प्रशासकीय उपयुक्तताको आधारमा प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत गर्न निर्देशन दिने । |
| ९ | **मध्यमकालिन खर्च संरचना -** शहरी विकास तथा भवन निर्माण कार्यालय डोटीका ५ योजनामा रु. १ करोड ६४ लाख ४३ हजार र पशु सेवा विज्ञ केन्द्र बाजुराको १ योजनामा रु.५७ लाख ४० हजार खर्च भई सम्पन्न नभएका योजनामा चालु आर्थिक वर्ष २०७७।७८ मा बजेट विनियोजन नभै अधुरै रहेका लगायतका उदाहरणले विनियोजन कुशलता कायम भएको अवस्था देखिँदैन । मध्यमकालिन खर्च संरचनामा उल्लिखित लक्ष्य, गन्तव्य र सूचकहरूको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन गर्ने संयन्त्रको व्यवस्था नगरेकाले मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा आएको | शहरी विकास तथा भवन निर्माण कार्यालय, डोटीका ५ योजनामा रु १ करोड ६४ लाख ४३ हजार र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाजुराको १ योजनामा रु ५७ लाख ४० हजार खर्च भएकोमा उक्त योजनाहरु हाल सम्पन्न भए नभएको खुलाई सम्पन्न भएको भए कार्यसम्पन्न प्रमाण पेश गरी उल्लेखित बेरुजुको लगत कट्टा गर्ने र अब उपरान्त बजेट विनियोजन गर्दा मध्यमकालिन खर्च संरचना बमोजिम हुने गरी विनियोजन गर्न |

| | | |
|---|---|---|
| | देखिएन । | निर्देशन दिने । |
| १० | **बर्षान्तमा रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ (२) मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोश्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनक रूपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा मन्त्रालयले त्यस्तो बजेट समर्पण गर्न लगाई आवश्यक अन्य शिर्षकमा रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । कूल बजेट रु. २८ अर्ब १५ करोड ६५ लाख ७१ हजारमध्ये प्रदेश पूर्वाधार, स्थानीय तह समपूरक तथा विशेष अनुदान तर्फको रु. १ अर्ब र अर्थ विविध तर्फको रु. २ अर्ब ५८ करोड ४३ लाख १८ हजार समेत रु. ३ अर्ब ५८ करोड ४३ लाख १८ हजार (विनियोजित बजेटको १२.७१ प्रतिशत) बर्षान्तमा विभिन्न शीर्षकमा रकमान्तर गरेको छ । दोस्रो चौमासिक सम्म खर्च हुन नसकेको बजेट समर्पण गर्ने तथा समयमै रकमान्तर गर्नु पर्नेमा कार्यान्वयन सुनिश्चितता बेगरको कार्यक्रममा बर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | अब उपरान्त कार्यान्वयन सुनिश्चितता नभएका कार्यक्रमका लागि वर्षान्तमा रकमान्तर गर्ने कार्यलाई नियन्त्रण गरी रकमान्तरलाई व्यवस्थित गर्न मन्त्रालयले ऐनमा तोकिएको समयभित्र रकमान्तर गरी बजेट समर्पण गर्न निर्देशन दिने । |
| ११ | **राजस्व अभिलेख -** प्रदेश आर्थिक ऐन, २०७६ बमोजिम राजस्व असुलीको लक्ष्य रु.८ अर्ब ८१ करोड ४० लाख १७ हजार तोकिएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सञ्चित कोष हिसावमा आय तर्फ राजस्व रु. ६ अर्ब ३० करोड २७ लाख ७१ हजार (७१.५ प्रतिशत) असुली देखाएको छ । असुली भएको राजस्व मध्ये रु. ४३ करोड ३८ लाख ६७ हजार राजस्व व्यवस्थापन प्रणाली (आर.एम.आई.एस.) मा प्रविष्टी नभएकोले राजस्व आयको हिसाब अद्यावधिक भएको देखिएन । राजस्व अनुमान र खुद असुलीबिचको अन्तर कम गर्न प्रदेशस्तरीय राजस्व नीति तथा प्रशासनलाई प्रभावकारी बनाउनु पर्दछ । | हाल राजस्व व्यवस्थापन सूचना प्रणाली मार्फत व्यवस्थित गर्ने गरिएकोले केही गर्नु नपर्ने । |
| १२ | **ढुंगा, गिटी, बालुवाको कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४च को खण्ड ३ र ४ मा ढुंगा गिटी वालुवामा संकलन गरिने कर प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा रहने र सोको दर प्रदेशले निर्धारण गर्ने | ढुंगा, गिट्टी, बालुवा विक्रिबाट संकलन गरिएको रकम दाखिला सम्बन्धमा संघीय आर्थिक ऐन र स्थानीय सरकार संचालन ऐन, २०७४ मा अस्पष्टता भएको देखिएकोले यसको निराकरणका |

| | | |
|---|---|---|
| | र स्थानीय तहले संकलन गरी प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था भएकोमा उक्त दफा सङ्घीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२क थप गरेर ढुंगा गिटी वालुवा विक्रिबाट प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहको एकल अधिकार कायम गरेको तर सोही अनुरूप प्रदेश कानुन संशोधन गर्नुपर्नेमा नगरेको कारणले सो करबाट संकलित राजस्व बाँडफाँटमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२क विपरीत हुने गरी सङ्घीय मन्त्रिपरिषदले ढुंगा गिटी वालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी उक्त करमा प्रदेश र स्थानीय तहको साझा अधिकार नै कायम गरेको देखिएबाट थप अस्पष्टता सृजना गरेको देखियो । | लागि आवश्यक पहल गर्न निर्देशन दिने । |
| १३ | **अनुगमन -** गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा अवण्डा बजेट, वर्षान्तमा रकमान्तर, मध्यमकालिन खर्च संरचनाको कार्यान्वयन नभएको लगायतको व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ । | लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएका व्यहोराहरु अनिवार्य पालना गर्न निर्देशन दिने । |
| १४.१ | प्रदेश सञ्चित कोषको हिसाव राख्ने तथा राख्न लगाउने काम प्रदेश लेखा नियन्त्रक कार्यालयलाई तोकिएको छ । सुदूरपश्चिम प्रदेश सरकारको यो आ.व. को सञ्चित कोष हिसावमा फरक पर्न गएको मौज्दात रु. १८ अर्ब ६ करोड ७० लाख २ हजार सम्बन्धमा सोधभर्ना गर्न बाँकी रकम, खर्च हुन नसकेको अनुदान रकम सङ्घीय सरकारलाई फिर्ता हुन बाँकी रकम तथा सङ्घीय सरकारबाट राजस्व बाँडफाँट वापत प्राप्त हुन बाँकी रकम लगायतको विवरण भएको प्रतिवेदन उल्लेख छ । प्राप्त हुनुपर्ने र फिर्ता गर्नुपर्ने लगायतको हिसाव समयमै अद्यावधिक गर्नुपर्दछ। | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली बमोजिम तोकिएको समयावधिमा प्राप्त हुनुपर्ने र फिर्ता गर्नुपर्ने लगायतको हिसाब अद्यावधिक भइसकेको, म.ले.प. को ढाँचा अनुसार नै विवरणहरु अद्यावधिक हुने गरेको, प्रदेश अन्तरगतको स्थिर सम्पत्तिको मुल्याङ्कन सहितको सम्पत्ति र दायित्वको लेखाङ्कन तथा प्रतिवेदन PAMS मार्फत हुने गरेको देखिएकोले केही गर्नु नपर्ने । |
| १४.२ | प्रदेश लेखा नियन्त्रक कार्यालयले प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक आर्थिक विवरण तयार गरे तापनि म.ले.प.फा.नं. २७१ को ढाँचामा तयार गरेको देखिएन । साथै बजेट तुलनात्मक विवरण र लेखा नीति तथा टिप्पणीहरू प्रतिवेदनमा समावेश छैन । ऐनले निर्दिष्ट गरेको लेखाको ढाँचा तथा आधार अनुसार लेखाइन हुनुपर्दछ । | |

| | | |
|---|---|---|
| १४.३ | यो वर्ष प्रदेश अन्तर्गतको स्थिर सम्पत्तिको मूल्याङ्कन सहितको सम्पत्ति र दायित्वको लेखाङ्कन तथा प्रतिवेदन गरेको छैन । तोकिएका म.ले.प. फारमहरूको प्रयोग गरी सम्पत्ति र दायित्वको एकिकृत वित्तीय विवरण तयार गर्नुपर्दछ । | |
| १४.४ | प्रदेश सरकारको मन्त्रालयगत राजस्व आम्दानीको विवरण अनुसार रु.६ अर्ब ८७ करोड ७० लाख ७९ हजार राजस्व आम्दानी भएको देखिएकोमा प्रदेश सञ्चित कोषमा रु. ६ अर्ब ३० करोड २७ लाख ७१ हजार आम्दानी देखिएको छ । प्रदेश विभाज्य कोषमा रु. ५७ करोड ४३ लाख ८ हजार आम्दानी बाँधिएको छ । | |
| १४.५ | प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सञ्चित कोषको एकिकृत आर्थिक विवरण अनुसार कर तथा गैर कर राजस्व रु. ६ अर्ब १९ करोड ५८ लाख ९४ हजार प्राप्त भएकोमध्ये रु. ४ करोड ५० लाख ९८ हजार सङ्घीय सरकारबाट राजस्व बाँडफाँट भई प्राप्त हुन बाँकी रोयल्टी रकम उल्लेख गरेको छ । लगती तथा हसवली राजस्व यकिन गरी सोही अनुसार लेखा अद्यावधिक गर्नु पर्दछ । | |
| १५ | **सञ्चित कोषको खर्च -** यो वर्ष विनियोजन ऐन अनुसार सञ्चित कोषमाथि व्ययभार हुने रकम रु. ३० लाख २४ हजार र सञ्चित कोषबाट व्यय हुने रु. २८ अर्ब १५ करोड ६५ लाख ७१ हजार अनुमान गरिएको भएता पनि मध्यमकालिन खर्च संरचना, बजेट बक्तव्य तथा प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको वार्षिक प्रतिवेदन अनुसार वार्षिक कूल विनियोजन रकम रु. २८ अर्ब १६ करोड २० लाख ३५ हजार भएकोले सञ्चितकोष माथि व्ययभार हुने रकम रु. ५४ लाख ६४ हजार अनुमान गरिएको उल्लेख छ । सञ्चित कोषमाथि व्ययभार हुने रकमको यथार्थ खर्चको विवरण तयार गरेको छैन । | यस पश्चातका प्रत्येक आर्थिक वर्षहरुमा सुधार गरिएकोले केही गर्नु नपर्ने । |
| १६ | **सञ्चित कोषमा आय -** सञ्चित कोषको एकिकृत वित्तीय विवरण अनुसार आयतर्फ राजस्व रु.६ अर्ब ३० करोड २७ लाख ७१ हजार र सङ्घीय सरकारबाट रु. १३ अर्ब २८ करोड ९ लाख ५१ हजार हस्तान्तरित अनुदान (समानिकरण, सशर्त, समपुरक र विशेष ) प्राप्त भएको देखिन्छ । सङ्घीय सरकारबाट राजस्व बाँडफाँट भै | उक्त रकम प्रदेश सञ्चित कोषमा दाखिला भइसकेकोले के गर्नु नपर्ने । |

| | | |
|---|---|---|
| | प्राप्त हुने रोयल्टी रकम रु. ४ करोड ५० लाख ९८ हजार प्रदेश सञ्चित कोषमा आउन बाँकी छ । | |
| १७ | **सञ्चित कोषबाट व्यय -** व्ययतर्फ रु. ८ अर्ब ३२ करोड ३६ लाख ४१ हजार चालु खर्च रहेकोमा पारिश्रमिक तथा सुविधामा रु. १ अर्ब ४१ करोड ९९ लाख ४ हजार अनुदानतर्फ रु.३ अर्ब १३ करोड ३ हजार तथा सामाजिक सुरक्षामा रु. २४ करोड ४१ लाख ५७ हजार खर्च भएको छ भने पुँजिगतमा रु.९ अर्ब २८ करोड ८३ लाख ४८ हजार खर्च भएको छ । यस वर्ष प्रदेश सञ्चित कोषमा वचत भएको रकम रु. ७ अर्ब ५८ करोड ८ लाख ३ हजार रहेको छ । | केही गर्नु नपर्ने । |
| १८ | **धरौटी -** एकिकृत वित्तीय विवरण अनुसार रु. १ अर्ब २३ करोड ५ लाख ५४ हजार धरौटी गत वर्षको जिम्मेवारी रहेको, यो वर्ष रु. ५० करोड १४ लाख ६२ हजार आम्दानी भएकोमा धरौटी फिर्ता तथा सदरस्याहा गरी रु. २४ करोड ३२ लाख २ हजार खर्च भई रु. १ अर्ब ४८ करोड ८८ लाख १४ हजार मौज्दात रहेको छ । | केही गर्नु नपर्ने । |
| १९ | **कार्य सञ्चालन कोष -** प्रदेश अन्तर्गत ९ जिल्लाका ९१ कार्यालयमा कार्यसञ्चालन कोष सञ्चालनमा रहेको छ । गत वर्षको जिम्मेवारी समेत यो वर्ष रु. ९६ करोड १९ लाख २२ हजार कोषमा आम्दानी भएकोमा रु.६६ करोड १९ लाख २५ हजार खर्च भई रु. २९ करोड ९९ लाख ९६ हजार मौज्दात रहेकोमा बैंकमा रु.३० करोड ५ लाख ४७ हजार रहेको देखिएबाट बैंकमा रु. ५ लाख ५० हजार बढी जम्मा भएको छ । फरक परेको रकम हिसाब मिलान गर्नुपर्दछ । | वैकमा रु ५ लाख ५० हजार बढी जम्मा भएको रकमको हिसाब मिलान भइसकेकोले केही गर्नु नपर्ने । |
| २० | **कोभिड १९ कोषको हिसाव -** आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्ष कोषमा प्रदेश सरकारबाट रु ४० करोड र विभिन्न पदाधिकारी कर्मचारी उद्योगी व्यापारी तथा व्यक्तिहरुबाट रू ३ करोड ७७ लाख ६० हजार समेत कूल रु ४३ करोड ७७ लाख ६० हजार आम्दानी भएकोमा विभिन्न संघीय निकायहरु मार्फत रू. १ करोड ४० लाख, प्रदेश कार्यालयहरु मार्फत | मौज्दात रकम प्रदेश संचित कोषमा दाखिला गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई पत्राचार गरिएको साथै आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट दाखिला गरिसकेको प्रमाण प्राप्त गरी लगत कट्टा गर्ने । |

| | | |
|---|---|---|
| | रु २० करोड ४० हजार र स्थानीय तहहरु मार्फत रु २१ करोड ३० लाख ४४ हजार समेत कूल रू ४२ करोड ७० लाख ८४ हजार खर्च भई रू १ करोड ६ लाख ७५ हजार मौज्दात बाँकि रहेको देखियो । उल्लिखित रकम प्रदेश संचित कोषमा लेखाङ्कन भएको देखिदैन । | |
| २१ | प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्र भित्रका स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने रकमको अद्यावधिक अभिलेख राखी सञ्चित कोषमा आम्दानी बाँधेको देखिएन । राजस्व व्यवस्थापन सूचना प्रणालीबाट संघीय विभाज्य कोषमा आम्दानी बाँधेकोमध्ये प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर हुन बाँकी रहेको रकम यकिन गरी आम्दानी बाधेको छैन । | ऐनमा दुविधा भएको कारण सबै स्थानीय तहले नपठाएको देखिएकोले बाँझिएका ऐनहरु यथाशिघ्र संशोधनका लागि आवश्यक पहल गर्न निर्देशन दिने । |
| २२ | **खाताबन्दी पछि निकासा -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३४ मा प्रत्येक वर्षको असार २५ गते भित्र प्रदेश अन्तर्गतका कर्यालयहरूले खाताबन्दी गर्नु पर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आषाढ २५ गते पश्चात्त पूँजीगततर्फ रु.३ अर्ब ६ करोड १२ लाख ३२ हजार बजेट निकासा भएको छ । जुन यो आर्थिक वर्षमा विनियोजित पुँजिगत खर्चको २३.४२ प्रतिशत हुन्छ । नियमानुसार आर्थिक कारोवार हुनुपर्दछ । | अब उपरान्त आर्थिक वर्षको अन्त्यतिर खाताबन्दी पछि बजेट निकासा नगर्न निर्देशन दिने । |
| २३ | **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयले गर्ने र आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजुहरू अन्तिम लेखापरीक्षण हुनु अगावै फच्यौट तथा सम्परीक्षण गराई राखुपर्ने व्यवस्था । प्रदेश अन्तर्गतका ९ जिल्ला स्थित १४९ कार्यालयहरूको आन्तरिक लेखापरीक्षणबाट अनियमित रु. ८ करोड ४५ लाख ५९ हजार, असुल गर्ने रु. २६ लाख ६० हजार, पेस्की बाँकी रु.१ अर्ब २१ करोड ८२ लाख ६१ हजारसमेत रु. १ अर्ब ३० करोड ५४ लाख ८० हजार बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण हुँदा सम्म नियमानुसार फच्यौट | आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुँदासम्म समेत नियमानुसार फछ्यौट तथा सम्परीक्षण नगर्ने कार्यलाई नियन्त्रण गर्न तपसिल बमोजिम निर्देशन दिने :<br>**<u>तपसिल</u>**<br>१. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३४ बमोजिम प्रत्येक मन्त्रालय/निकायमा रहेको आन्तरिक नियन्त्रण समितिलाई प्रभावकारी बनाउन प्रमुख सचिव वा मुख्यमन्त्री तथा |

| | | |
|---|---|---|
| | तथा सम्परीक्षण भएको देखिएन । | मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूको संयोजकत्वमा अनुगमन संयन्त्रको निर्माण गरी निरन्तर अनुगमन गर्ने ।<br>२. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३५ को उपदफा ८ मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगाबै फछ्यौट तथा सम्परीक्षण गराइसक्नु पर्ने व्यवस्था भए तापनि हालसम्म बेवास्ता गरेको देखिएकोले दण्ड तथा पुरस्कार प्रणाली मार्फत अनिवार्य गराउने । |
| २४ | **आर्थिक तथा वित्तीय सुशासन -** आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्अनुरुप कर्मचारीको व्यवस्था गरेको पाइएन । प्रभावकारी वित्तीय व्यवस्थापन मार्फत सार्वजनिक आय तथा व्ययको सर्वोत्तम परिचालन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत वित्तीय व्यवस्थापनमा पारदर्शीता र जवाफदेहिता अभिवृद्धि गर्न सार्वजनिक आय र व्ययको अद्यावधिक स्थितिको लेखाङ्कन गर्दा प्रतिवेदन प्रणाली व्यवस्थित बनाउनु आवश्यक छ । समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने, ठेक्का बन्दोवस्त, चालु खर्चको सीमा निर्धारण, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गर्ने जस्ता क्षेत्रमा चुनौति रहेका छन् । बजेट सूचना व्यवस्थापन प्रणाली, लागत लाभ विश्लेषण सहितको योजना तथा कार्यक्रम सार्वजनिक क्षेत्र लेखामान, कम्प्युटरमा आधारित लेखा प्रणालीको प्रयोग जस्ता क्षेत्रमा सुधार गरी वित्तीय व्यवस्थापनमा जवाफदेहिता अभिवृद्धि गर्नु पर्दछ । | आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन लेखापरीक्षण सम्बन्धी छुट्टै संयन्त्र खडा गर्न आवश्यक व्यवस्था गर्ने । |

**निकायगत बेरुजु माथिका निर्णयहरु :** **बैठक संख्या : ३६** **मिति : २०८१/०२/२२ गते**

३.५ आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**निर्णयहरु :**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली बमोजिम मन्त्रालयले गर्नुपर्ने ४३ वटा कार्यहरू मध्ये हालसम्म प्रदेश प्रहरी सञ्चालन, प्रदेश भित्रका सडक सुरक्षा मापदण्ड तर्जुमा तथा कार्यान्वयन, प्रदेश भित्र न्यायिक र अर्धन्यायिक निकायले गरेका फैसला कार्यान्वयन, अन्तरप्रदेश सम्बन्ध सुदृढीकरण, सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ती प्राप्ति सम्बन्धी प्रादेशिक नीति कानुन तर्जुमा, पारिवारिक मामिला सम्बन्धी नीति कानुन मापदण्ड तर्जुमा, विपद जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति कानुन मापदण्ड योजना तर्जुमा र कार्यान्वयन लगायत सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा सम्बन्धी कार्यहरू गरेको छैन । | सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली बमोजिम मन्त्रालयले गर्नुपर्ने ४३ वटा कार्यहरुमा बनाउन बाँकी रहेका कानूनहरु यथाशिघ्र बनाउन निर्देशन दिने र लगत कट्टा गर्ने । |
| २ | **कानुन निर्माण -** मन्त्रालयले हालसम्म राय, परामर्श र सहमति प्रदान गरेका ४४ कानुन मध्ये ४२ कानुन पारित भएका छन् । २३ कार्यविधि, ९ निर्देशिका र ७ गठन आदेश तथा मार्गदर्शनमा सैद्धान्तिक सहमति एवम् राय परामर्श प्रदान गरेको छ । | केही गर्नु नपर्ने । |
| ३ | **बजेट कार्यान्वयन -** बजेट वक्तव्यको बुँदा नं. ८२ देखि ८७ सम्म उल्लेख भएका कार्यक्रममध्ये विपद पूर्व सम्भावित जोखिम नक्साङ्कन, विपद सामाग्रीको भण्डारण गर्न जिल्लागत रूपमा गोदाम निर्माण, शहरी क्षेत्रको सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन स्थानीय तहसँगको समन्वयमा उच्च जनघनत्व, रणनीति र महत्त्वका स्थानमा सि.सि. क्यामरा जडान, प्रदेश प्रहरीको भौतिक पूर्वाधारको व्यवस्था र सोको व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन । बजेटमा | अब उपरान्त पूर्व तयारी भएका कार्यक्रमहरु मात्र बजेट वक्तव्यमा समावेश गर्ने र वक्तव्यमा समावेश भएका सम्पूर्ण कार्यक्रमहरु अनिवार्य रुपमा कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | समावेश कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ । | |
| ४ | **सिन्डीकेट नियन्त्रण -** प्रदेश भित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापनको जिम्मेवारी यस मन्त्रालयको रहेको छ । प्रदेश भित्रका सडक सुरक्षा, ट्राफिक व्यवस्थापन, यातायात क्षेत्रको सिण्डिकेट एवम् कार्टेलिङ नियन्त्रण सम्बन्धी प्रदेश ऐन नियम, कार्यविधि एवम् मापदण्ड हालसम्म तर्जुमा हुन नसक्दा यातायात क्षेत्रको कार्टेलिङ र सिन्डिकेट नियन्त्रण गर्ने कार्य प्रभावकारी हुन सकेको छैन । | हाल सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन जारी भइ उल्लेखित विषयहरु ऐनमा समेटिएको हुँदा केही गर्नु नपर्ने । |
| ५ | **गैर सरकारी संघ संस्था -** प्रदेश भित्रका गैर सरकारी संघ संस्थाको अभिलेख र समन्वय गर्ने यस मन्त्रालयले प्रदेश भित्र दर्ता भई सञ्चालनमा आएका गैर सरकारी संघ संस्थाको दर्ता, सञ्चालन/नविकरण तथा नियमनका लागि आवश्यक ऐन तथा नियमावली तर्जुमा गरी सकेको छैन । सङ्घीय सरकार मातहत रहेको उक्त कार्य प्रदेश सरकार अर्न्तगत हस्तान्तरण भई आएता पनि संघमा दर्ता, सञ्चालन, नविकरण भएका यस्ता गैर सरकारी संस्थाको अभिलेख प्रदेशमा प्राप्त हुन नसकेकोले मन्त्रालयमा गैर सरकारी संघ संस्थाको अभिलेख अद्यावधिक र समन्वय हुन नसकेको अवस्था छ । | सुदूरपश्चिम प्रदेश भित्रका गैर सरकारी संघ संस्थाको दर्ता, संचालन/नविकरण तथा नियमनका लागि विधेयक मस्यौदाको चरणमा रहेको जानकारी भएकोले उक्त विधेयकलाई १(एक) महिना भित्र प्रदेश सभामा दर्ता गराउन निर्देशन दिने । |
| ६ | **विद्युतीय संचार -** प्रदेश स्तरमा सञ्चालित विद्युतीय संचार माध्यमको सञ्चालन सम्बन्धी नीति कानुन र मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने र संचार माध्यम सञ्चालन गर्न अनुमति इजाजत दिन नविकरण गर्ने तथा नियमन गर्ने कार्य तोकेकोमा रेडियो, एफ.एम र टेलिभिजन प्रशारण सम्बन्धी ऐन, २०७६ कार्यान्वयनमा आए तापनि नयाँ विद्युतीय संचार माध्यम दर्ता गर्ने कार्य प्रारम्भ भएको छैन । | समग्र विद्युतीय संचार माध्यमलाई समेट्ने गरी विधेयक मस्यौदाको चरणमा रहेको जानकारी भएकोले उक्त विधेयकलाई १(एक) महिना भित्र प्रदेश सभामा दर्ता गराउन निर्देशन दिने । |

**निकायगत बेरुजु माथिका निर्णयहरु :** **बैठक संख्या : ३७** **मिति : २०८१/०२/२३ गते**

३.६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**निर्णयहरु :**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्यविभाजन) नियमावलीमा मन्त्रालयलाई ६२ विषयमा नीति, मापदण्ड तथा योजना तर्जुमा गर्ने र सहजीकरण तथा समन्वय गर्ने गरी कार्यक्षेत्र तोकिएकोमा व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी नीति तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण, उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, प्रदेशस्तरमा वन व्यवस्थापन, जलवायू परिवर्तन अनुकूलन लगायतका विषयमा कानुन, नीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन भएको देखिएन। | सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावलीमा मन्त्रालयलाई तोकिएका ६२ विषय मध्ये हालसम्म तर्जुमा गर्न बाँकी रहेका नीति, मापदण्ड तथा योजनाहरु तर्जुमा गर्न के कति समय लाग्छ सो सम्बन्धी कार्यतालिका बनाई समितिमा पठाउने र उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| २ | **बजेट वक्तव्यको कार्यान्वयन -** प्रदेशको बजेट बक्तव्यको सि.नं. ६८ देखि ८१ सम्म उल्लेख भएका कार्यक्रममध्ये मन्त्रालयले कृषि प्रणाली र स्थानीय स्रोत साधनलाई उद्योगसँग जोड्दै अर्थतन्त्रलाई आधुनिकीकरण गर्न उद्योग क्षेत्रलाई विशेष जोड दिने, सूचना प्रविधिको उपयोग मार्फत उद्योग प्रशासनमा सुधार गर्ने, एक स्थानीय तह एक औद्योगिक उत्पादन कार्यक्रमलाई प्राथमिकतामा राखी सञ्चालन गरिने, स्थानीय तहका लघु तथा साना उद्यमीलाई अनुदान दिने, रामारोशन पर्यटन विकास समिति गठन गरी कार्य प्रारम्भ गर्ने, खप्तड एकिकृत विकास कार्यक्रम सञ्चालन गर्ने, लगायतका कार्यक्रमहरू कार्यान्वयनमा आएका छैनन् । | अब उपरान्त पूर्व तयारी भएका कार्यक्रमहरु मात्र बजेट वक्तव्यमा समावेश गर्ने र वक्तव्यमा समावेश भएका सम्पूर्ण कार्यक्रमहरु अनिवार्य रुपमा कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | **अवण्डा -** सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १६ मा विनियोजन ऐन अनुसार विनियोजित रकम ७ दिनभित्र बाँडफाँट गरिसक्नुपर्ने व्यवस्था छ । सुदुरपश्चिम प्रदेश विनियोजन ऐन, २०७६ अनुसार यो वर्ष मन्त्रालयको लागि रु. २ अर्ब ३७ करोड ६ लाख २७ हजार विनियोजन भएकोमा | हाललाई मन्त्रालयले बजेट अबण्डा राख्ने नगरेको हुँदा लगत कट्टा गर्ने । |

| | | |
|---|---|---|
| | रु. ११ करोड ३९ लाख ८ हजार अर्थात ४.८ प्रतिशत खर्च गर्ने अख्तियारी नदिई अवण्डा राखेको छ । उक्त बजेट असार महिनामा विभिन्न ७ कार्यक्रममा विनियोजन गरी निकासा दिएको छ । | |
| ४ | **अनुदानको हिसाव -** संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रु. १९ करोड ८५ लाख १५ हजार मातहतका निकायहरूलाई निकासा दिएको छ । खर्च भएको र बाँकी रहेको लेखा अद्यावधिक गर्नुपर्नेमा सो गरेको नदेखिँदा अनुदान दिएको, खर्च गरेको र सञ्चित कोष दाखिला गर्नुपर्ने बाँकीको हिसाव अद्यावधिक गर्नु पर्दछ । | खर्च भएको र बाँकी भएको रकमको लेखा अद्यावधिक गरी समितिमा प्रमाण पेश गर्ने र उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| ५ | **वन अतिक्रमण -** वन ऐन, २०७६ को दफा ४९ (क) बमोजिम वन क्षेत्रको जग्गा फाँड्ने, जोत्ने, खन्ने, आवाद गर्ने, घर छाप्रो बनाउने कार्य गरेमा तोकिए बमोजिम कसुर हुने व्यवस्था छ । त्यसै गरी वन अतिक्रमण नियन्त्रण नीति, २०६८ मा तोकिएको कार्यविधी अपनाई कार्यालयले अतिक्रमण हटाउनु पर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, डडेल्धुराबाट प्राप्त विवरण अनुसार कूल वन क्षेत्र १ लाख १५ हजार १६९ हेक्टर मध्ये ४०० हेक्टर वन क्षेत्र अतिक्रमण भएको देखियो । वन क्षेत्रको अतिक्रमण हटाई संरक्षण गर्नुपर्दछ । | वन क्षेत्रको अतिक्रमण अति संवेदनशील कार्य भएकोले सबै सरोकारवालाहरुको समन्वयमा बाँकी रहेको वन क्षेत्रको अतिक्रमण यथाशिघ्र हटाउन निर्देशन दिने । |
| ६ | **कार्ययोजना कार्यान्वयन -** डिभिजन वन कार्यालय, डडेल्धुराको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना बमोजिम यो वर्ष कार्यालयले १८ हजार ९३० क्यूफिट काठ बिक्री गर्ने लक्ष्य राखेकोमा ७३ घन फिट (०.४ प्रतिशत), दाउरा १ हजार ३३६ चट्टा बिक्री गर्ने लक्ष्य रहेकोमा ३५७ चट्टा (२६.७२ प्रतिशत), जडिबुटि ५८६ मेट्रिक टन बिक्री गर्ने लक्ष्य रहेकोमा १३५ मेट्रिक टन (२३ प्रतिशत) र खोटो १५०० मेट्रिक टन. संकलन गर्ने लक्ष्य रहेकोमा ७५६ मेट्रिक टन (५० प्रतिशत) बिक्री भएको छ । लक्ष्य भन्दा न्यून प्रगति भएको देखिएकोले कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । | वन क्षेत्रसँग सम्बन्धित कानूनहरु समयानुकुल परिमार्जन गर्ने साथै अव उपरान्त कार्ययोजना निर्माण गर्दा कार्यान्वयनयोग्य कार्ययोजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७ | **काठ व्यवस्थापन -** १९३ सामुदायिक वनलाई ६ लाख ४० हजार २७७ घन फिट काठ कटान गर्न स्वीकृति दिएकोमा २ लाख ३१ हजार ५१३ घन फिट बढी काठ | डिभिजन वन कार्यालयहरु कैलाली र कंचनपुरबाट ६ लाख ४० हजार २७७ घन फिट काठ कटान गर्न स्वीकृति दिएकोमा २ |

| | | |
|---|---|---|
| | कटान गरेको देखियो । कटान भएको काठ मध्ये नेपाल सरकारले रोक्का राखेको कारण ५ लाख ४५ हजार ४३३ घन फिट काठ वनमै रहेको देखिन्छ । घाटगद्धी भएको ३ लाख २६ हजार ३६६ घन फिटमध्ये ६२ हजार १७३ घन फिट बिक्री गरी २ लाख ६४ हजार १९३ घन फिट बिक्री गर्न बाँकी देखिन्छ । नेपाल सरकारसँग समन्वय गरी वनमा रहेको काठको व्यवस्थापन तथा बिक्री गर्नु पर्दछ । स्वीकृती दिएको भन्दा बढी कटान गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | लाख ३१ हजार ५१३ घन फिट बढी काठ कटान गरी स्वीकृत भन्दा बढी संख्यामा काठ कटान गरेको देखिएकोले के कति कारणले बढी काठ काटेको हो, यस किसिमको प्रवृत्तिलाई नियन्त्रण गर्न मन्त्रालयबाट के भइरहेको छ साथै उक्त काठ कटान गरे वापत के कति राजश्व संकलन भएको छ खुलाई पठाउन निर्देशन दिने । |
| ८ | **अधुरो निर्माण कार्य -** प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाईले २०७७।०३।२४ मा भक्नेनीधाम कञ्चनपुरमा नेपाल आमाको मूर्ति निर्माणको लागि रु.८३ लाख ४२ हजारमा सम्झौता गरी रु.३५ लाख ९५ हजार भुक्तानी गरेको छ । उक्त निर्माण कार्यको निर्माण व्यवसायीले म्याद थप माग नगरेको र यो वर्ष उक्त कार्यक्रमको लागि बजेट व्यवस्था समेत नभएको कारण म्याद थप नभई निर्माण कार्य अधुरो रहेको छ । | कंचनपुरको भक्नेनीधाममा नेपाल आमाको मूर्ति निर्माणमा रु ३५ लाख ९५ हजार भुक्तानी गरेको र अर्को आर्थिक वर्षदेखि निर्माण सम्पन्न गर्नका लागि रकम भुक्तानी नगरी अधुरो रहन गएको देखिएको हुँदा के कति रकम बराबरको निर्माण गर्न बाँकी रहेको छ मुल्यांकन गरी आवश्यक बजेटको व्यवस्था गर्न र निर्माण सम्पन्न भइसके पश्चात निर्माण सम्पन्नको प्रमाण समितिमा पेश गर्न निर्देशन दिने । |
| ९ | **करिडोर निर्माण नगरेको -** बजेट वक्तव्यमा उल्लेख गरेका कार्यक्रमहरूको कार्यान्वयन गर्नुपर्दछ । प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई, धनगढी मार्फत कार्यान्वयन गर्ने गरी खक्रौला टीकापुर कणाली पर्यटन करिडोर, महाकाली नदी करिडोर आदी ५ करिडोर निर्माण गर्न रु. ३ करोड बजेट विनियोजन गरेकोमा करिडोर निर्माणको कार्य गरेको देखिएन । बजेटमा उल्लिखित कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ । | अब उपरान्त बजेट वक्तव्यमा उल्लेख गरिएका कार्यक्रमहरुको अनिवार्य कार्यान्वयन गर्न निर्देशन दिने । |
| १० | **औद्योगिक लगानी -** यस प्रदेशको आ.व. २०७६/७७ को वजेट वक्तव्यमा औद्योगिक वातावरणको निर्माण गरी स्वदेशी तथा विदेशी लगानी आकर्षण गर्ने व्यवस्था उल्लेख गरेकोमा सो काम गरेको छैन । | |

**निकायगत बेरुजु माथिका निर्णयहरु :** **बैठक संख्या : ३८, ३९, ४३** **मिति : २०८१/०२/२४,३०,५/१३ गते**

३.७ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**निर्णयहरु :**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली अनुसार मन्त्रालयले आफ्ना कार्यजिम्मेवारी पुरा गर्न कृषि, पशु विकास तथा खाद्य पोषण, कृषि तथा पशुपन्छी बीमा, चरन तथा खर्क, कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादि र सुक्ष्म पोषणयुक्त वस्तुको उपयोग र व्यवस्थापन, भूमि व्यवस्थापन, भूमिहिन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरुवा चरुवा, सरकारी जग्गा भाडामा दिने, जग्गा एकीकरण, गुठी तथा गुठीजग्गा व्यवस्थापनसँग सम्बन्धित नीति, ऐन, नियम कार्यविधि तथा मापदण्ड तर्जुमा गर्नुपर्नेमा गरेको छैन । | सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावलीमा मन्त्रालयलाई तोकिएका ३२ विषय क्षेत्र मध्ये हालसम्म तर्जुमा गर्न बाँकी रहेका ऐन, नियम, कार्यविधि तथा मापदण्डहरु तर्जुमा गर्न के कति समय लाग्छ सो सम्बन्धी कार्यतालिका बनाई समितिमा पठाउने र उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| २ | **बजेट वक्तव्यको कार्यान्वयन -** प्रदेशको बजेट बक्तव्यमा कृषि क्षेत्रको आधुनिकिकरण, विशिष्टिकरण र व्यवसायिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन गर्ने, एकल महिला तथा विपन्न महिला लक्षित आय आर्जन कार्यक्रम सञ्चालन गर्ने, हाल सञ्चालनमा रहेका माटो परीक्षण, बाली संरक्षण र विउ विजन प्रयोगशालाहरूलाई एकिकरण गरी स्तरीय प्रयोगशाला निर्माण गर्ने, खेतीयोग्य जमिनको चक्ला बन्दी गरी व्यवसायीक एवम् ठूलो परिमाणको खेती तर्फ प्रोत्साहन गर्न मापदण्डमा आधारित अनुदान दिने, कोल्ड चेम्बर, कोल्ड स्टोरेज, राईपेनिङ च्याम्बर निर्माण तथा मेसिन उपकरण खरिदमा सहयोग गर्ने, पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई सबै जिल्लामा विस्तार गर्ने लगायत उल्लेख भएकोमा कार्यक्रम कार्यान्वयन गरेको छैन । | अब उपरान्त पूर्व तयारी भएका कार्यक्रमहरु मात्र बजेट वक्तव्यमा समावेश गर्ने र वक्तव्यमा समावेश भएका सम्पूर्ण कार्यक्रमहरु अनिवार्य रुपमा कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | **बजेट अवण्डा -** सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, | हाललाई मन्त्रालयले बजेट अबण्डा राख्ने नगरेको हुँदा लगत |

| | | |
|---|---|---|
| | २०७४ को दफा १६ मा विनियोजन ऐन अनुसार विनियोजित रकम ऐन जारी भएको ७ दिनभित्र बाँडफाँट गरिसक्नु पर्ने व्यवस्था छ । मन्त्रालयले २१ कार्यक्रममा रु.१० करोड ९२ लाख अवण्डा राखेको बजेट कार्यान्वयन गर्न समय नै नभएको अवस्थामा आषाढ मसान्तमा निकासा दिएको छ । ऐनको प्रतिकूल अवण्डा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नु पर्दछ । | कट्टा गर्ने । |
| ४ | **फलफुल प्रशोधन -** कृषि ज्ञान केन्द्र, डडेल्धुराले एक फलफुल प्रशोधन उद्योगसँग गरेको सम्झौता अनुसार कार्य सम्पन्न भएपछि अनुदान उपलब्ध गराउनु पर्नेमा कार्यसम्पन्न नहुँदै २०७७।०३।३० मा रु.४६ लाख ७५ हजार अनुदान उपलब्ध गराई सो उद्योगको बैंक खाता रोक्का राखेको देखियो । स्थलगत निरीक्षणमा सो फलफुल प्रशोधन केन्द्रले उत्पादन शुरु गरेको छैन । उत्पादन शुरु गरी उद्देश्य प्राप्ति नभएमा उक्त अनुदान फिर्ता गर्नुपर्दछ । | कृषि ज्ञान केन्द्र, डडेल्धुराले आर्थिक वर्ष २०७६/०७७ मा दोगडा भूमिराज फलफुल प्रशोधन उद्योग, अमरगढी-५, डडेल्धुरालाई रु ४६,७५,०००। (अक्षेरेपि छयालिस लाख पचहत्तर हजार मात्र) उपलब्ध गराउदा सम्झौताको शुरु प्रक्रिया देखि भुक्तानीसम्म प्रचलित ऐन, नियमको प्रतिकुल हुने गरी गरेको साथै उक्त उद्योग अर्को व्यक्तिको नाममा नामसारी समेत गरेको खुलेकाले सम्झौता गर्दाका बखत ऐन, नियम प्रतिकुल कार्य गराउने जिम्मेवार कर्मचारी/उद्योगलाई प्रचलित कानून बमोजिम कारबाही गरी दुई महिना भित्र समितिमा जानकारी दिन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने । |
| ५ | **अनुदान वितरण -** मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम, प्रदेश स्तरीय कृषि व्यवसाय प्रर्वधन, यन्त्र औजार वितरण, सहकारी खेती, साना सिँचाइ लगायत कार्यक्रम सञ्चालनको लागि कृषि ज्ञान केन्द्र, डडेल्धुराले विभिन्न कृषक समुह, फर्म, ब्लक, पकेट क्षेत्रलाई ५० देखि शत प्रतिशतसम्म अनुदान बापत रु. ११ करोड ५५ लाख २४ हजार उपलब्ध गराएको छ । कृषि ब्यबसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ को बुँदा नं ११ अनुसार यसरी विभिन्न ब्लक, पकेट क्षेत्रमा प्रथम किस्ता भुक्तानी गरे पश्चात दोस्रो किस्ता माग गर्दा सम्झौता अनुसार जुन जुन प्रयोजनका लागि अनुदान गएको हो सो अनुसारको सामाग्री खरिद लगायतका कार्यक्रम कार्यान्वयन गरी अनुदानको उपयोग गर्नुपर्दछ । कार्यालयबाट प्राविधिकले स्थलगत अनुगमन गरी अनुदानको सदुपयोग गरेको यकिन गरेर दिएको | रु २५ लाखका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतका विभिन्न १५ वटा ब्लक संचालक समितिहरुलाई कानून विपरीत उपलब्ध गराएको व्यवस्थापन खर्च रु ७,२६,६२५। (अक्षेरेपि सात लाख छब्बिस हजार छ सय पच्चीस मात्र) र बैठक खर्च रु ९,००,०००। (अक्षेरेपि नौ लाख मात्र) गरी जम्मा १६,२६,६२५। (अक्षेरेपि सोह्र लाख छब्बीस हजार छ सय पच्चीस मात्र) र रु ५ लाखका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतका विभिन्न फर्महरुलाई उपलब्ध गराएको व्यवस्थापन खर्च वापतको रकम रु |

| | | |
|---|---|---|
| | प्रतिवेदनका आधारमा अन्तिम किस्ता भुक्तानी दिनुपर्नेमा वर्षान्तमा अधिकांश अनुदानग्राहीलाई एकै पटक सम्झौतामा उल्लेख गरेको अनुदान भुक्तानी भएको छ । अनुदानको अनुगमन तथा मूल्याङ्कन गरी उद्देश्यभन्दा फरक हुने गरी खर्च दावी गरेको रकम यकिन गरी असुल गर्नु पर्दछ । | ७,५०,४६०। (अक्षरेपि सात लाख पचास हजार चार सय साठी मात्र) सम्बन्धित जिम्मेवार कर्मचारीहरुबाट दुई महिना भित्र असुल गरी यस समितिलाई जानकारी गराउन भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने । |
| ६.१ | कैलाली र कञ्चनपुर जिल्लामा कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरूलाई कृषि विकासका लागि प्रदान गरिने अनुदान कार्यक्रम सञ्चालन गर्दा कार्यविधि अनुसार ३ किस्तामा भुक्तानी गर्नुपर्ने, प्रथम किस्ता भुक्तानी गर्नुभन्दा अगाडी २० प्रतिशत कार्य गरेको हुनुपर्ने, अन्तिम किस्ता भुक्तानी गर्नुभन्दा अगाडी कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने व्यवस्था छ । ३४ वटा व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) लाई रु.५० लाख सम्मले हुने रु. १६ करोड ४७ लाख १५ हजारको लागत अनुमान तयार गरी सोको ५० प्रतिशत भित्र रहने गरी रु.७ करोड ७२ लाख १ हजार अनुदान संचालक समितिको खातामा जम्मा गरेको छ । तीन किस्तामा दिनुपर्ने अनुदान प्रकृया पुरा नगरी एकै किस्तामा निकासा दिएको छ ।<br>त्यसैगरी कैलाली र कञ्चनपुर जिल्लामा तरकारी, धान, मकै, गहुँ उत्पादन पकेट कार्यक्रम कार्यान्वयन गर्न ११८ कृषक समूहलाई ५० प्रतिशत लागत साझेदारीमा प्रतिसमूह ५ लाखसम्म अनुदान उपलब्ध गराउने गरी रु. ११ करोड ६१ लाख ३४ हजारको लागत अनुमान तयार गरी सो को ५० प्रतिशतभित्र रहने गरी रु.७ करोड ७२ लाख १ हजार अनुदान दिएको छ । उक्त रकमबाट विउ, किटनाशक औषधी, कृषि औजार आदि खरिद गरेको देखिएकोमा उपरोक्त कार्यविधि पुरा नगरी बिलको आधारमा एकमुष्ट भुक्तानी दिएको छ । | कृषि विकासका लागि प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम गरेको कामको आधारमा प्रथम, दोश्रो र तेश्रो किस्ता रकम भुक्तानी गर्नुपर्नेमा पेश गरेको बिलको आधारमा एकमुष्ट भुक्तानी दिएको देखिएकोले अब उपरान्त कार्यविधिको अनिवार्य पालना गरी कार्यक्रम संचालन गर्न र उक्त अनुदान रकमको सदुपयोग भए नभएको सम्बन्धमा कार्यसम्पन्न गरेको प्रमाण पेश गरी सम्परीक्षण गर्न निर्देशन दिने । |
| ६.२ | **कृषि हाटबजार निर्माण -** कृषि बजार निर्माण तथा सञ्चालन कार्यविधि, २०७७ को नियम ३ मा कृषि बजार व्यवस्थापनका लागि कृषि उपज र पशुपन्छी खरीद बिक्रीका लागि सेड, सूचना कक्ष, कोल्ड चेम्बर, चिस्यान केन्द्र, डेरी संरचना, मासु पसल, वधशाला, ग्रेडिङ्ग प्याकेजिङ्ग केन्द्र निर्माणका लागि अनुदान उपलब्ध गराउने उल्लेख छ । कार्यविधिको दफा ८ (२) मा सार्वजनिक खरिद ऐन तथा नियमावली | **<u>निर्देशनहरु :</u>**<br>१. मन्त्रालयबाट संचालन गरिने विभिन्न अनुदान कार्यक्रम कार्यान्वयनमा स्थानीय तहहरुलाई समेत जिम्मेवार र जवाफदेही बनाउन, आपसी समन्वय र सहकार्यमा संचालन गर्ने गरी |

| | | |
|---|---|---|
| | अनुसार उक्त काम बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था छ । कैलाली जिल्लाका ६ स्थानमा हाटवजार निर्माण गर्न गठित समितिहरूको खातामा रु. १ करोड १२ लाख २ हजार निकासा दिएको छ । उक्त काम सम्पन्न भएको पुष्टाई हुने प्राविधिक प्रतिवेदन पेश भएको छैन साथै संरचना निर्माण गर्दा कार्यविधि अनुसार प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गरेको छैन । अनुदान उपलब्ध गराउँदा कार्यविधिको पालना गर्नुपर्ने र उपयोग सुनिश्चित गर्न कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ । | ऐन/नियम/कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने ।<br>२. मन्त्रालयबाट वितरण गरिने अनुदान कार्यक्रमहरु न्यूनतम समयावधिसम्म संचालन गर्नु पर्ने र संचालन नगरेमा अनुदान रकम फिर्ता गर्नु पर्ने गरी कानूनी व्यवस्था गर्ने ।<br>३. वास्तविक किसानको हकहितमा अनुदान रकमको सदुपयोग भए नभएको सुनिश्चित गर्न कार्य सम्पन्न पश्चात न्यूनतम समयावधिसम्म निरन्तर स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्ने गरी कानूनी व्यवस्था गर्ने ।<br>४. टिकापुर नगरपालिका वडा नं. १ मा रहेको कृषि बजार व्यवस्थापन समितिले निर्माण गरेको कृषि हाटबजार नियमित संचालनमा रहेकाले भुक्तानी भएको रकम रु १४,१०,०००। (चौध लाख दश हजार मात्र) लगत कट्टा गर्ने ।<br>५. कृषि हाटबजार तथा संस्कृति संरक्षण समिति, लम्कीचुहा न.पा-८, प्रगतिशिल हाटबजारका लागि ट्रस सहितको स्टल निर्माण उपभोक्ता समिति, बर्दगोरिया गा.पा-५, नगरस्तरीय कृषि हाटबजार तथा व्यवस्थापन समिति, घोडाघोडी न.पा.-१, कृषि उपज संकलन कृषक समूह, गौरीगंगा न.पा.-९ र सामुदायिक कृषि तथा पशु हाटबजार, धनगढी-१८ मा निर्माण गरिएको कृषि हाटबजारहरु निर्माण भएदेखि संचालनमा नआउदा वितरण गरिएको अनुदान रकमको दुरुपयोग भएको देखिएको हुँदा उक्त हाटबजारहरुलाई अनुदान वितरणको उद्देश्य बमोजिम तीन महिना भित्र संचालनमा ल्याउने र सो को प्रतिवेदन समितिमा पेश गर्ने । |

| | | |
|---|---|---|
| ६.३ | **लागत अनुमानभन्दा बढी खरिद -** कृषि ज्ञान केन्द्र, कञ्चनपुरले ९ कृषक समूहसँग रु. ३ करोड ५८ लाख ९८ हजार लागत अनुमानको कार्यक्रम सञ्चालन गर्न ५० प्रतिशत अनुदान दिने गरी सम्झौता गरेको छ । कृषक समूहले सम्झौता तथा लागत अनुमानमा उल्लेख गरे अनुसारका सामान खरिद गर्नु पर्नेमा रजवारा गहुँ ब्लक कृषक समूहले लागत अनुमानमा नपरेको रु.२६ लाख ४० हजारको इन्जिन र पावर ट्रिलर खरिद गरेको छ । कृषक समूहले लागत अनुमानमा उल्लेख गरेको भन्दा बढी संख्यामा पावर ट्रिलर, मोटर, इन्जिन, ट्र्याक्टर, मोटर सेटसमेत रु. १ करोड ३ लाख ५१ हजारका विभिन्न सामग्री खरिद गरी भुक्तानी दिएको छ । कतिपय समूहले लागत अनुमानको दरभन्दा फरक दरमा सामान खरिद गरेका छन् । सम्झौता अनुसारका कामहरू लागत अनुमानको आधारमा सम्पादन गर्नुपर्दछ । | अब उपरान्त कार्यालयले तयार पार्ने लागत अनुमान बजार दररेटको गहन अध्ययन गरी वस्तुनिष्ठ बनाउन निर्देशन दिने । |
| ७ | **अधुरो कार्य -** भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले भेटेरिनरी अस्पताल भवनको डिपीसी र पहिलो तलाको पिल्लरहरू निर्माण गर्न रु.५७ लाख ४० हजार लागत तयार गरी रु. २३ लाख ६१ हजारमा कार्य गराएको छ । भवनको बाँकी कामको लागि आर्थिक वर्ष २०७७/७८ मा बजेट विनियोजन नभई अधुरो रहेको छ । अधुरो निर्माण कार्य शीघ्र पुरा गर्नुपर्दछ । | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको भवन निर्माण सम्पन्न भइसकेको प्रमाण पेश गरी सम्परीक्षण गर्ने । |
| ८ | **लागत अनुमान वेगरको खर्च -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० र ११ मा निर्माण कार्यको स्वीकृत नर्म्सको आधारमा र खरिदको हकमा स्थानीय दरभाउ, सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षमा गरेको समान प्रकृतिको खरिदको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाजुराले यो वर्ष मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम अन्तर्गत अछाम र बाजुराका विभिन्न १३ समुहलाई पशुपालनको भौतिक संरचना निर्माण गर्न लागत अनुमान तयार नगरी कामको नापजाँच वेगर रु.६ करोड १० लाख ६७ हजार भुक्तानी गरेको देखियो । सम्पादन भएको काम एकीन गरी नाँपजाँच गरिनु पर्दछ । | अछाम र बाजुराका विभिन्न १३ समूहलाई पशुपालनको भौतिक संरचना निर्माण गर्न रु ६ करोड १० लाख ६७ हजार भुक्तानी गरेको सम्बन्धी लागत अनुमान, कार्यसम्पन्न गराएको प्रमाण पेश गरी लगत कट्टा गर्ने । |

**निकायगत बेरुजु माथिका निर्णयहरु** :  **वैठक संख्या : ४३, ४४, ४५, ४९**  **मिति : २०८१/०५/१३,१४,१६,६/१० गते**

३.८ भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**निर्णयहरु** :

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको लागि तोकिएका कार्य सम्पादनका लागि आवश्यक पर्ने उर्जा, सिँचाइ, भवन, खानेपानी, पूर्वाधार क्षेत्रसँग सम्बन्धित २ दर्जनभन्दा बढी ऐन र नियमहरू निर्माण गर्न बाँकी रहेका छन् । | सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम तोकिएका कार्यहरु अविलम्ब निर्माण गर्न निर्देशन दिने । |
| २ | **योजना तथा कार्यक्रम तर्जुमा -** प्रदेश योजना तर्जुमा दिग्दर्शन २०७५ मा बजेट तथा स्रोत समितिले तयार गरेको बजेट सीमा भित्र रही प्रादेशिक मन्त्रालयले मातहतका निकाय तथा कार्यालयलाई बजेट सीमा र मार्गदर्शन पठाउनु पर्ने र सोही सीमा भित्र रही मातहतका कार्यालयहरूले अनुसूची १० को ढाँचामा विशेषण सहित योजना तथा कार्यक्रम प्रस्ताव गर्नु पर्ने, प्रस्तावित योजनाहरू आयोजना बैंकमा समावेश भएको हुनुपर्ने उल्लेख छ । खानेपानी डिभिजन कार्यालय डोटीलाई प्रदेश सरकार अन्तर्गतका १२६ योजनाहरू र शहरी विकास तथा भवन कार्यालय डोटीका ५० योजना प्रदेश योजना तर्जुमा दिग्दर्शन २०७५ मा उल्लेखित प्रक्रिया पूरा नगरी मन्त्रालय आफैले छनौट गरेको देखियो । उक्त दिग्दर्शन पालना गरेर योजनाहरूको छनौट तथा कार्यान्वयन गर्नु पर्दछ । | हाल PLMBIS प्रणाली लागु भइ सकेको हुँदा केही गर्नु नपर्ने । |
| ३ | **बजेट कार्यान्वयन -** प्रदेशको बजेट वक्तव्यमा ४ विद्युत आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने, सार्वजनिक निजी साझेदारीमा मझौला स्तरका प्रदेश गौरवका जलविद्युत आयोजना निर्माण गर्ने, प्रदेशका ९ जिल्लामा एक/एक नमूना सिँचाइ आयोजना सञ्चालन गर्ने. प्रदेश यातायात प्राधिकरण गठन गरी प्रदेश यातायात सेवा सञ्चालन गर्ने, कैलाली जिल्लाको गोदावरीमा प्रदेशको प्रस्तावित राजधानीको | अब उपरान्त योजना वैकमा समावेश भएका आयोजनाहरु प्राथमिकीकरणका आधारमा मात्र बजेट विनियोजन गर्ने। |

| | | |
|---|---|---|
| | भौतिक पूर्वाधार विकासका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने व्यवस्था गरेकोमा कार्यान्वयन गरेको छैन । कार्यान्वयन योग्य योजना तथा कार्यक्रम बजेटमा समावेश गरी कार्यान्वयन गर्नु पर्दछ । | |
| ४ | **अवण्डा बजेट -** सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १६ मा विनियोजन ऐन अनुसार विनियोजित रकम ऐन जारी भएको ७ दिनभित्र बाँडफाँट गरिसक्नुपर्ने व्यवस्था छ । मन्त्रालयले अवण्डा राखेको रु.९० करोड ३ लाखबाट योजनाहरूको डी.पी.आर. तयारी, विद्युतीकरण, नदी नियन्त्रण, लिफ्ट सिँचाइ जस्ता ९ नयाँ तथा पुराना योजनाहरूमा आषाढ महिनामा बजेट बाँडफाँट गरी निकासा गरेको छ । आषाढमा गरेको निकासाबाट प्रचलित कानूनी प्रक्रिया पुरा गरी खर्च गर्न सम्भव छैन । | हाल अबण्डा बजेट राख्ने नगरिएकोले केही गर्नु नपर्ने । |
| ५ | **प्रगति समिक्षा -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ अनुसार मातहतका सबै कार्यालयबाट चौमासिक प्रगति विवरण प्राप्त भएपछि मन्त्रालयले त्यसको भौतिक र वित्तीय प्रगतिको समिक्षा गरी प्रगति कम हुनुका प्रमुख कारणहरू र सो को निमित्त जिम्मेवार व्यक्ति समेतको पहिचान गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उपर्युक्त व्यवस्था बमोजिम मातहत कार्यालयबाट वित्तीय तथा भौतिक प्रगति प्राप्त गरी समिक्षा गरेको छैन । समिक्षा मार्फत् सुधार र समस्याहरूको समाधान गर्नुपर्दछ । | हाल वार्षिक प्रगति समिक्षा गर्ने गरिएकोले केही गर्नु नपर्ने । |
| ६ | **प्रदेश गौरवका आयोजना -** प्रदेश गौरवका आयोजनाहरू बजेट र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ । मन्त्रालयले यस वर्ष सुर्नयागाड, नौगाड, अपर सुर्नया र ठुलीगाड खुटिया डाइभर्सन जलविद्युत आयोजनाको विस्तृत परियोजना प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण गरी रु. ६८ लाख ९८ हजार खर्च गरेको छ । प्राप्त प्रतिवेदनहरूको मूल्याङ्कन तथा स्वीकृती गर्ने कार्य गरेको छैन । प्रदेश सरकारको नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्यमा रणनैतिक महत्त्वका ९ सडकहरू र ४ जलविद्युत योजनालाई प्रदेश गौरवका योजनाका रूपमा सञ्चालन गर्ने गरी रु.५२ करोड ३१ लाख बजेट विनियोजन गरेकोमा रु. १५ करोड ८० लाख खर्च गरेको | मन्त्रालयले सुर्नयागाड, नौगाड, अपर सुर्नया र ठुलीगाड खुटिया डाइभर्सन जलविद्युत आयोजनाको स्वीकृत विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन पेश गरी लगत कट्टा गर्ने । |

| | | |
|---|---|---|
| | छ । दुई सडक आयोजनाको काम शुरु गरेको देखिएन । जलविद्युत आयोजनातर्फ विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्य गरेको छ । प्रदेश राजधानीको पूर्वाधार निर्माणको कार्य प्रारम्भ हुन सकेको छैन । प्रदेश गौरवका योजनाहरू प्राथमिकतापूर्वक कार्यान्वयन गर्नु पर्दछ । | |
| ७ | **हस्तान्तरित योजना** - सङ्घीय तहबाट प्रदेशमा हस्तान्तरण भई आएका २ हजार ८७४ सङ्घीय योजनाहरू आर्थिक वर्ष २०७५।०७६ देखि प्रदेशमा हस्तान्तरण भएका मध्ये १ हजार ३६६ योजना सम्पन्न भई १ हजार ५०८ योजनाहरू प्रदेश सरकारको बजेट विनियोजन नभएका र अधुरा योजनामध्ये २६ योजनाहरूका लागि यस वर्ष बजेट बिनियोजन गरेको देखिएन । | संघीय सरकारबाट हस्तान्तरण भई आएका एक हजार पाँच सय आठ अधुरा योजनाहरु मध्ये हालसम्म सम्पन्न नभएका योजनाहरु सम्पन्न गर्न लाग्ने समय सहितको कार्ययोजना समितिमा पेश गर्ने । |
| ८ | **परामर्श सेवा** - मन्त्रालयले नर्म्स बेगर परामर्श सेवाको रु.२० लाख भित्रको टुक्रा टुक्रा लागत अनुमान तयार गरी आर्थिक प्रस्ताव मात्र लिई सुर्नयागाड र नौगाड जलविद्युतको डि.पि.आर. तयारी छुमछुमगाड जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण, पथरैया सिँचाइ योजनाको डि.पि.आर. तयारी समेतका ७ आयोजनाको विस्तृत सर्भे डिजाइन तथा लागत अनुमान तयार गराई परामर्शदातालाई रु. १ करोड ३२ लाख ३६ हजार भुक्तानी गरेको छ । मन्त्रालयले पेश भएका प्रतिवेदनहरूको मूल्याङ्कन तथा स्वीकृती गरेको पनि छैन । | सुर्नयागाड र नौगाड जलविद्युतको डि.पि.आर. तयारी, छुमछुमगाड जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण, पथरैया सिँचाई योजनाको डि.पि.आर. तयारी समेत गरी ७ आयोजनाहरुको विस्तृत सर्भे, डिजाइन तथा लागत अनुमान तयार गराई परामर्शदातालाई रु १ करोड ३२ लाख ३६ हजार रकम भुक्तानी गरेको तर उक्त प्रतिवेदनहरु स्वीकृति नभएकोले स्वीकृत प्रतिवेदनहरु दुई दिनभित्र यस समितिमा पेश गर्ने । |
| ९ | **जनसहभागिता** - सिँचाइ र खानेपानी सम्बन्धी ३ कार्यालयका २४ योजनामा रु.७५ लाख ५१ हजार जनसहभागिताबाट गर्नुपर्ने कार्यको रकम नै कार्यालयहरूले भुक्तानी गरेको देखिन्छ । | जनसहभागिताबाट गर्नु पर्ने कामको रकम समेत कार्यालयले भुक्तानी गरेको देखिएकोले भुक्तानी गरिएको रकम रु ७५ लाख ५१ हजार असुल गरी लगत कट्टा गर्ने र अब उपरान्त जनसहभागिताबाट गर्ने काम सम्झौताबाटै छुट्याई गरेको कामको नापजाँच पनि अलग अलग गर्न कानूनी व्यवस्था गर्ने। |
| १० | **गुणस्तर नियन्त्रण तथा परीक्षण** - पूर्वाधार विकास कार्यालयहरुले निर्माण कार्यको गुणस्तर परीक्षण नगरेको, स्पेशिफिकेसनमा तोकिएको सङ्ख्यामा सामाग्रीको परीक्षण नगरेको र प्रयोगशाला स्थापना नगरेको। | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ बमोजिम सम्झौता तथा स्पेशिफिकेसन अनुसारको गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था बमोजिम भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतका कार्यालयहरुले कार्यक्रम कार्यान्वयनको |

| | | |
|---|---|---|
| | | सन्दर्भमा सो नगरेको देखिएकोले प्रत्येक जिल्लामा कम्तिमा एक वटा गुणस्तर परीक्षण प्रयोगशाला अविलम्ब निर्माण गरी संचालनमा ल्याउने र गुणस्तर परीक्षणलाई अनिवार्य गर्ने । |
| ११ | **जटिल संरचना निर्माण -** सहमतिवेगर पुर्वाधार विकास कार्यालय, कैलालीले सडक आर.सि.सी, कल्भर्ट, भवन निर्माण लगायतका जटिल उपकरण चाहिने ५ कार्य उपभोक्ता समितिबाट गराई रु.८८ लाख ५१ हजार भुक्तानी गरेको छ । | अब उपरान्त सार्वजनिक खरिद ऐन तथा नियमावलीको पूर्ण कार्यान्वयन गर्ने र नियम विपरीत गर्ने कार्यहरुमा सुधार गर्ने । |
| १२ | **डिजाइन परिवर्तन -** पूर्वाधार विकास कार्यालय, कैलालीले उपमहानगरपालिकाका सडक किनारका घरहरू समेत हटाई एक सडक निर्माण गर्न रु. २२ लाख ५९ हजारमा ठेक्का सम्झौता गरी रु. १३ लाख ८२ हजार भुक्तानी गरेकोमा घरहरूको क्षति हुने कारण देखाई स्वीकृत डिजाइन बमोजिमका कार्य घटाई बाटो निर्माण गर्दा सडकको डिजाइन र लागत अनुमान परिवर्तन गरेको छैन । सोही कार्यालयले हुलाकी सडक जोड्ने एक सडक निर्माण गर्न रु. २६ लाख ५९ हजारमा सम्झौता गरी रु.२३ लाख ९२ हजार भुक्तानी गरेको छ । ठेक्का सम्झौता अनुसार ५.५ मिटर चौडा र २२९.२ मिटर लामो सडक निर्माण गर्नुपर्नेमा डिजाइन तथा लागत अनुमान संशोधन नगरी ७ मिटर चौडा १६९ मिटर लामो सडक निर्माण गरेको छ । | अब उपरान्त डिजाइन परिवर्तन गर्नु पर्दा नियमानुसार गर्ने । |
| १३ | **अधुरा/रुग्ण ठेक्काहरू -** कैलाली, कञ्चनपुर, डडेल्धुरा, अछाम, बझाङ्ग, बैतडीका रु. २ अर्ब ८ करोड ९९ लाख ८१ हजारका ३७ ठेक्काहरूको रु. १ अर्ब २२ करोड ३० लाख ८१ हजारको काम बाँकी रहन गई पटक पटक म्याद थप गर्दा पनि अधुरा रहेको देखिन्छ । निर्माण व्यवसायीहरूलाई खरिद कानुन तथा सम्झौतानुसार कारबाही नगरेको कारण ठेक्का सम्पन्न गर्ने अवधि बढदै गई ठेक्काको कामबाट सेवा प्राप्त हुन सकेको छैन । | कैलाली, कंचनपुर, डडेल्धुरा, अछाम, बझाङ्ग र बैतडीमा २ अर्ब ८ करोड ९९ लाख ८१ हजारका ३७ ठेक्काहरुको हालको अवस्था खुलाई सम्पन्न भइसकेको हकमा सम्पन्न मिति र अधुरा रहेकाको हकमा के कति कारणले अधुरा रहन गए र अधुरा योजनाहरु सम्पन्न गर्न लाग्ने समय समेत खुल्ने गरी दुई दिनभित्र यस समितिमा पठाउने । |
| १४.१ | पूर्वाधार विकास कार्यालय, अछामले बार्जुगाड मोटरेवल पुल निर्माण गर्न २०७५।३।१५ सम्म कार्य सम्पन्न गर्ने गरी ठेक्का अङ्क रु. २ करोड २९ लाख १९ हजारमा मिति २०७३।३।१० मा सम्झौता गरी ०७४।०७५ सम्म दोश्रो | पूर्वाधार विकास कार्यालय, अछामले बार्जुगाड मोटरेवल पुल निर्माणका लागि २ करोड २९ लाख १९ हजारमा कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको पुलको निर्माण सम्पन्न गरेको प्रमाण दुई |

| | | |
|---|---|---|
| | रनिङ बीलबाट दायाँ एवुटमेन्टको कामको रु.६४ लाख ७७ हजार भुक्तानी गरी २८ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ । उक्त पुलको जगमा माटो भेटिएकोले पुनः डिजाइन गरेपछि पनि २०७६।०७७ मा काम नगरेको, मिति २०७६।३।३१ पछि म्याद थप नभएको र निर्माण व्यवसायीकै कारणले काममा ढिलाई भएको देखिंदा रु. २२ लाख ९१ हजार पूर्व निर्धारित क्षतिपूर्ति लगाइ असुल गर्नु पर्दछ । | दिन भित्र यस समितिमा पेश गर्ने । |
| १४.२ | पुर्वाधार विकास कार्यालय अछामले दर्ना सडक निर्माण कार्यको एक ठेक्काको निर्माण व्यवसायीसँग २०७६।३।३० सम्म कार्य सम्पन्न गर्ने गरी कबोल अङ्क रु. ६८ लाख ५ हजारमा २०७६।२।३० मा सम्झौता भएकोमा ठेक्काको म्यादसम्म रु. २० लाख ३६ हजार भुक्तानी भएकोले ३० प्रतिशत मात्र वित्तीय प्रगति देखिएको छ । यो वर्ष काम नगरेकोले निर्माण व्यवसायीको ढिलासुस्तीको कारण काम अधुरो रहन गएको देखिदा रु.६ लाख २ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नु पर्दछ । | पूर्वाधार विकास कार्यालय, अछामले दर्ना सडक निर्माण कार्यको कार्यसम्पन्न गरेको प्रमाण दुई दिन भित्र यस समितिमा पेश गर्ने । |
| १५ | **मूल्य समायोजन** - पूर्वाधार विकास कार्यालय, बैतडीले मोबिलाइजेशन पेस्की र प्रोभिजनल समको रकम नघटाई मूल्य समायोजन रकम गणना गरेर दुई निर्माण व्यवसायीलाई रु. ६८ लाख २४ हजार बढी मुल्य समायोजन भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नु पर्दछ । | सम्परीक्षण भइसकेकोले लगत कट्टा गर्ने । |
| १६ | **बढी भूक्तानी** - पूर्वाधार विकास कार्यालय, बैतडीले प्राइम कोट लगायतका अन्य आइटममा रु. १ करोड ७९ लाख ११ हजार भेरिएसन गरेको छ । भेरिएसनबाट थप गरेको प्राइम कोटको दर सम्झौताको साबिकको प्रति लि. रु. १३४ लाई आधार मान्नु पर्नेमा सो दरमा वृद्धि गरी रु.२०३.६३ कायम गरेकोले थप भएको प्राइम कोट ५१ हजार ६८४ व.मि.को लागि फरक दर रु.६९.६३ ले बढी भुक्तानी दिएको रु. ३५ लाख ९९ हजार असुल गर्नु पर्दछ । | बढी भुक्तानी दिएको रु ३५ लाख ९९ हजार रकम असुल गर्ने। |
| १७.१ | **भेरिएसन** - भेरिएसन आदेश स्वीकृत बेगर ठेक्का अङ्कको ६.५ प्रतिशतले रु.७८ लाख ७५ हजार भुक्तानी भएको । | सम्परीक्षण भइसकेकोले केही गर्नु नपर्ने । |
| १७.२ | प्राविधिक पुष्ट्याँई वेगर रु. १ करोड ८२ लाख २७ हजारको ( अर्थात् ८.५२ प्रतिशत) अनियमित रुपले भेरिएशन आदेश जारी गरेको । | अब उपरान्त कानूनी प्रक्रिया पुरा गरी भेरिएशन गर्ने । |

| | | |
|---|---|---|
| १८ | **उपभोक्ताले ठेक्काबाट कार्य गराएको -** पूर्वाधार विकास कार्यालय, बैतडीले पाटन पञ्चेश्वर सडक निर्माण गर्न रु.५७ लाख ६० हजारमा उपभोक्ता समितिसँग सम्झौता गरी रु. ५६ लाख ८४ हजार भुक्तानी गरेको छ । उपभोक्ता समितिले उक्त सडक निर्माण कार्य एक निर्माण व्यवसायीसँग सब-कन्ट्र्याक्ट गरी सम्पन्न गरेकोमा नियमावली अनुसारको कारबाही गरेको छैन। | सम्परीक्षण भइसकेकोले केही गर्नु नपर्ने । |
| १९ | **गुणस्तर परीक्षण -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय डोटी, डडेल्धुरा र बैतडीले उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत गराइएका रु.५२ करोड २१ लाख ६२ हजारका १२८ योजनामा प्रयोग भएका ग्याबियन तार, सिमेण्ट, कंक्रिट क्यूब, पाइप, माटो, ढुंगा, गिट्टी, बालुवा आदिको गुणस्तर परीक्षण गराएको छैन । | अब उपरान्त गुणस्तर परीक्षण कार्यलाई अनिवार्य गर्ने र उल्लेखित बेरुजुको लगत कट्टा गर्ने । |
| २० | **सोझै खरिद** - खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कैलाली, बैतडी र डडेल्धुराले प्रतिस्पर्धा बेगर एकमुष्ट बजेट टुक्रा पारी लागत अनुमानको हाराहारीमा रु. ११ करोड ६१ लाख ७७ हजारको पाइप तथा फिटिङ्गस सोझै खरिद गरेको छ । | सार्वजनिक खरिद कार्य गर्दा पारदर्शिता, मितव्ययीता कायम गर्दै प्रतिस्पर्धाको लाभ नागरिकले लिन पाउने अधिकार सुनिश्चित गर्नका लागि प्याकेज बनाएर वा अन्य विधिको प्रयोग गरी खरिद कार्यलाई प्रतिस्पर्धी बनाउन निर्देशन दिने । |
| २१ | **पाइप मौज्दात -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कैलाली र डोटीले आर्थिक वर्षको अन्तमा रु.७ करोड ८७ लाख २७ हजारको खानेपानीका पाइप र फिटिक्स खरिद गरी मौज्दात राखेका छन् । | आयोजनाहरुको लागि पाइप फिटिङ्सहरु खरिद गर्दा विस्तृत मुल्यांकन गरी आवश्यकताको आधारमा मौज्दात नरहने गरी खरिद गर्ने । |
| २२ | **पाइप जडान नभएको -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कैलाली र डडेल्धुराले विभिन्न ६४ आयोजनामा विभिन्न साइजको रु.७ करोड ९७ लाख ८८ हजार मुल्यका पाइपहरू सम्बन्धित योजनामा जडान नगरी खर्च लेखेको छ । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कैलाली र डडेल्धुराले विभिन्न ६४ आयोजनामा विभिन्न साइजका ७ करोड ९७ लाख ८८ हजार मुल्यका पाइपहरु सम्बन्धित योजनामा जडान नगरी खर्च लेखेको सम्बन्धमा विस्तृत विवरण खुल्ने गरी सम्बन्धित कागजातहरु दुई दिनभित्र यस समितिमा पठाउने । |
| २३ | **पाइप सापटी -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कैलाली र डडेलधुराले ५६ खानेपानी आयोजनाको लागि अन्य आयोजनाको लागि खरिद गरेको रु.९४ लाख ७६ हजारको पाइप तथा फिटिङ्गस सापटी ल्याई खर्च गरेको देखाएको छ । सापटी | अब उपरान्त खरिद गरिएको र खर्च गरिएका सामाग्रीको हिसाब मिलान समयमै अनिवार्य गर्ने । |

| | | |
|---|---|---|
| | दिएको र प्राप्त गरेको हिसाव अद्यावधिक गरेको छैन । | |
| २४ | **मापदण्डको पालना -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय डोटीले मापदण्ड बमोजिम कम्तिमा ३ हजार देखी ५ हजार सम्मको जनसङ्ख्यालाई खानेपानी योजना कार्यान्वयन गर्नुपर्नेमा २०० भन्दा कम जनसङ्ख्या भएका ४ खानेपानी योजना कार्यान्वयन गरेको छ । | मापदण्डको पूर्ण पालना गरी आयोजना कार्यान्वयन गर्न निर्देशन दिने । |
| २५ | **अधुरा आयोजना -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कैलालीले उपलब्ध गराएको विवरण अनुसार लागत अनुमान रु. २ करोड ६२ लाख ८८ हजारका र रु. ३९ लाख १४ हजार १६२ आयोजना बिगत पाँच वर्ष अघिदेखि शुरु भएकोमा यस आर्थिक बर्षसम्म पनि पूरा भएका छैनन् । ती आयोजनाहरूमा लागत अनुमानको तुलनामा ०.१७ प्रतिशतदेखि ९३.४८ प्रतिशतसम्म खर्च भएको छ । सालवसाली रूपमा नयाँ आयोजनामा रकम विनियोजन हुने तर पुराना आयोजनाहरू प्राथमिकताको अभावमा अधुरा रहने कारणले अधुरा योजनाहरूको सङ्ख्या बढ्दै गई प्रतिफल प्राप्तिमा ढिलाई हुने गरेको छ । | क्रमागत योजनाहरु प्राथमिकतामा भए नभएको एकिन गरी प्राथमिकता प्राप्त योजनामा अनिवार्य आवश्यक बजेट विनियोजन गर्ने र तोकिएको म्याद भित्र सम्पन्न गर्न निर्देशन दिने । |
| २६ | **उपभोक्तालाई सीमा भन्दा बढीको काम -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बैतडीले रु. १ करोड भन्दा बढी लागत अनुमानका रु.३ करोड ८१ लाख ६७ हजार सम्झौता अङ्कका ३ खानेपानी योजनाहरू उपभोक्ता समिति मार्फत् कार्यान्वयन गरेको छ । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बैतडीले रु १ करोड भन्दा बढी लागत अनुमानका रु ३ करोड ८१ लाख ६७ हजार सम्झौता अङ्कका ३ खानेपानी योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गराएको सन्दर्भमा विस्तृत विवरण खुल्ने गरी पाँच दिनभित्र जवाफ पेश गर्न निर्देशन दिने । |
| २७ | **गुणस्तर परीक्षण र नियन्त्रण -** जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय कैलाली र कञ्चनपुरले निर्माण व्यवसायीलाई गुणस्तर आश्वस्तता योजना पेश गर्न लगाई त्यसको आधारमा सिमेण्ट, डण्डी, इट्टा, गिट्टी, ढुंगा, बालुवा, जि.आइ.तार, माटो, सिमेन्ट, कंक्रिट क्यूब आदीको परीक्षण गराउनु पर्नेमा नगराई ३८ सिँचाइ योजनाहरूमा रु.२२ करोड ६७ लाख १९ हजार खर्च गरेको छ । गुणस्तर परीक्षण गर्न गराउन कार्यालयमा जनशक्ति सहितको प्रयोगशाला स्थापना गर्नुपर्नेमा स्थापना | अब उपरान्त गुणस्तर परीक्षण अनिवार्य गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| | गरेको छैन । निर्माण सामाग्रीको गुणस्तर परीक्षण गरी ती सामाग्री प्राप्त गर्ने स्थान तोक्नु पर्नेमा तोकेको छैन । | |
| २८ | **योजना हस्तान्तरण -** जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय कैलाली र कञ्चनपुर लगायत ४ कार्यालयले यस वर्ष सम्पन्न भएका रु. ७५ करोड ८० लाख ६७ हजारका योजनाहरू हस्तान्तरण गरेका छैनन् । | सम्पन्न भईसकेका योजनाहरु उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्थालाई अनिवार्य र समयमै कार्यान्वयन गर्ने । |
| २९ | **मापदण्ड पालना -** जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय डोटीले मापदण्ड बमोजिम पहाडी क्षेत्रमा कम्तिमा ५० हेक्टर देखि १०० हेक्टर सम्मको सिँचाइ सेवा पुऱ्याउने आयोजना मात्र संचालन गर्नुपर्नेमा ६ देखि ३५ हेक्टरका १० सिँचाइ योजनाहरू कार्यान्वयन गरेको छ । | मापदण्डको पूर्ण परिपालना हुने गरी सिँचाई योजनाहरु कार्यान्वयन गर्न निर्देशन दिने र उल्लेखित बेरुजु लगत कट्टा गर्ने । |
| ३०.१ | **अधुरो ठेक्का -** जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कञ्चनपुरले जोगबुढाले नदी नियन्त्रण कार्यको लागि एक निर्माण व्यवसायीसँग रु. १५ करोड ८२ लाख ७५ हजारमा २०७६।३।२६ सम्म निर्माण सम्पन्न गर्ने गरी २०७४/३/२८ मा सम्झौता गरी ३ पटकमा ३०० प्रतिशत समय थप गर्दा समेत रु.५ करोड ५४ लाख ६४ हजारको काम बाँकी रहेको छ । | जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, कंचनपुरले जोगबुढा नदी नियन्त्रण कार्यका लागि एक निर्माण व्यवसायीसँग रु १५ करोड ८२ लाख ७५ हजारमा सम्झौता गरी प्रतिवेदनको अवधिसम्म निर्माण सम्पन्न नभएको देखिएकोले हालसम्म निर्माण सम्पन्न भए नभएको व्यहोरा खुल्ने गरी सम्बन्धित कागजातहरु संलग्न गरी पाँच दिनभित्र यस समितिमा पठाउन निर्देशन दिने । |
| ३०.२ | **अधुरो ठेक्का -** जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, डडेल्धुराले रंगुन नदी नियन्त्रणको प्याकेज नं ५ कार्यको लागि एक निर्माण व्यवसायीसँग रु.८ करोड ६३ लाख ९६ हजारमा मिति २०७४/३/१९ सम्म निर्माण सम्पन्न गर्ने गरी २०७२/९/२० मा सम्झौता गरी ३ पटकमा २०० प्रतिशत भन्दा बढी समय थप गर्दा समेत रु.८ करोड ३७ लाख २७ हजारको काम बाँकी रहेको छ । | जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, डडेल्धुराले रंगुन नदी नियन्त्रणको प्याकेज नं. ५ कार्यका लागि एक निर्माण व्यवसायीसँग रु ८ करोड ६३ लाख ९६ हजारमा सम्झौता गरी प्रतिवेदनको अवधिसम्म निर्माण सम्पन्न नभएको देखिएकोले हालसम्म निर्माण सम्पन्न भए नभएको व्यहोरा खुल्ने गरी सम्बन्धित कागजातहरु संलग्न गरी पाँच दिनभित्र यस समितिमा पठाउन निर्देशन दिने । |
| ३०.३ | **अधुरो ठेक्का -** जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कैलालीले ११ उपभोक्ता समितिसँग रु.५ करोड ३३ लाख ४२ हजारका ११ सिँचाइ योजनाहरूको | जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, कैलालीले ११ उपभोक्ता समितिसँग ५ करोड ३३ लाख ४२ हजारका ११ |

| | | |
|---|---|---|
| | निर्माण गर्न सम्झौता गरेकोमा रु. १ करोड ८ लाख १० हजारको काम बाँकी रहेको पाइयो । | सिँचाई योजनाहरुको निर्माण गर्न सम्झौता गरेकोमा प्रतिवेदनको अवधिसम्म निर्माण सम्पन्न नभएको देखिएकोले हालसम्म निर्माण सम्पन्न भए नभएको व्यहोरा खुल्ने गरी सम्बन्धित कागजातहरु संलग्न गरी पाँच दिनभित्र यस समितिमा पठाउन निर्देशन दिने । |
| ३१ | **पाइप खरिद** - जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, डडेल्धुराले उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाको लागि रु. १ करोड ८३ लाख ५ हजारको पाइप खरिद गरेको छ । खरिदमध्ये रु.७६ लाख ८२ हजारको पाइप प्रयोग गरेर रु. १ करोड ६ लाख २३ हजारको पाइप हालसम्म कार्यालयमा मौज्दात रहेको छ । | आयोजनाहरुको लागि पाइप खरिद गर्दा विस्तृत मुल्यांकन गरी आवश्यकताको आधारमा मौज्दात नरहने गरी खरिद गर्ने । |
| ३२ | **सिमा नाघी उपभोक्तालाई योजना** - जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कैलाली र कञ्चनपुरले रु. १ करोड भन्दा बढी लागत अनुमानका ९ नदी नियन्त्रणको काम रु.९ करोड २९ लाख १० हजारमा उपभोक्ता समिति मार्फत कार्यान्वयन गरेको छ । | जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, कैलाली र कंचनपुरले रु १ करोड भन्दा बढी लागत अनुमानका ९ नदी नियन्त्रणको काम रु ९ करोड २९ लाख १० हजारमा सम्झौता गरी उपभोक्ता समिति मार्फत कार्यान्वयन गराएको सन्दर्भमा विस्तृत विवरण खुल्ने गरी पाँच दिनभित्र जवाफ पेश गर्न निर्देशन दिने । |
| ३३ | **जटिल संरचना निर्माण** - जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कैलाली र कञ्चनपुर अन्तरगत १२१ उपभोक्ता समितिले तटबन्ध, सिँचाइ संरचना र भवन निर्माण लगायतका काम गर्दा उपकरण प्रयोग गर्ने सहमति नलिई कार्य गरेकोमा पनि रु. २७ करोड ५९ लाख ६५ हजार भुक्तानी गरेको देखियो । | अब उपरान्त सार्वजनिक खरिद ऐन तथा नियमावलीको पूर्ण कार्यान्वयन गर्ने र नियम विपरीत गर्ने कार्यहरुमा सुधार गर्ने । |
| ३४ | **रोयल्टी बिल** - जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कञ्चनपुर र कैलालीले २९ उपभोक्ता समितिलाई नदी नियन्त्रण कार्यको लागि प्रयोग गरेका ढुंगाको रोयल्टी रु.२६ लाख ६६ हजार सम्बन्धित स्थानीय तहमा बुझाएको प्रमाण वेगर भुक्तानी दिएको । | उक्त रोयल्टी बापतको रकम रु २६ लाख ६६ हजार सम्बन्धित स्थानीय तहलाई बुझाएको प्रमाण पाँच दिन भित्र समितिमा पेश गर्न निर्देशन दिने । |
| ३५ | **उपकरण खरिद र जडान** - जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, बैतडीले लमसम मुल्यको आधारमा ३ लिफ्टिङ्ग सिँचाइ योजनाको लागि सोलार उपकरणको | जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, बैतडीले ३ लिफ्टिङ्ग सिँचाई योजनाको लागि सोलार उपकरण रु १ करोड २४ |

| | | |
|---|---|---|
| | लागत अनुमान तयार गरी सोही आधारमा रु. १ करोड २४ लाख ९१ हजारको खरिद गरेको छ । उक्त सामानहरू जडान नगरी मौज्दात रहेकोले उपकरणहरू जडान गरी प्रयोग गर्नु पर्दछ । | लाख ९१ हजारमा खरिद गरी मौज्दात राखेको सम्बन्धमा पाँच दिन भित्र स्पष्ट विवरण खुल्ने गरी विवरण समितिमा पेश गर्ने । |
| ३६ | **योजना तथा कार्यक्रम तर्जुमा -** मन्त्रालयले जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, बैतडीलाई सम्भाव्यता अध्ययन गरी पेश गरेका सिँचाइ योजनाहरूमा प्राथमिकताको आधारमा बजेट विनियोजन नगरी एकमुष्ट रु. २३ करोड १० लाख वजेट विनियोजन गरेर क्रमागत तथा प्राथमिकतामा नपरेका सिँचाइ योजनामा समेत बजेट बाँडफाँट गरी खर्च गरेको छ । | मध्यकालीन खर्च संरचनामा आवद्ध भएका योजनाहरु समावेश हुने गरी बजेट विनियोजन गर्ने । |
| ३७ | **डिप ट्युबवेल निर्माण कार्य -** भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कैलालीले समृद्ध तराई मधेश सिँचाइ विकास कार्यक्रम तथा भूमिगत स्यालो तथा डिप ट्युबवेल सिँचाइ कार्यक्रमका डिप ट्युबवेलहरू छनौट गर्दा उल्लिखित प्रक्रिया अवलम्बन गरेको छैन । डीप ट्युबवेल निर्माण, पम्प खरिद तथा जडान, विद्युतीकरण र पानी वितरण प्रणाली निर्माण गर्ने डिप ट्युबवेल सिँचाइ प्रणालीका काम प्रतिस्पर्धाबाट गर्न सकिनेमा २३ उपभोक्ता समिति मार्फत गराई रु.५ करोड ७९ हजार खर्च गरेको छ । रिंग मेसिन जस्तो भारी उपकरण प्रयोग गर्नुपर्ने कार्य प्राविधिक जनशक्ति नभएका उपभोक्ता समितिबाट गराउन सम्भव पनि देखिँदैन । | हाल जटिल प्रकृतिका सम्पूर्ण कार्यहरु ठेक्कापट्टाबाट मात्र गर्ने गरिएकोले लगत कट्टा गर्ने । |
| ३८ | **अधुरो सिँचाई योजना -** कैलालीको टेडी नदी सिँचाई योजनाको निर्माण कार्य करिव २० वर्ष अघि शुरु गरिएकोमा हालसम्म अधुरो रहेको छ । सो योजनामा यस वर्ष मूल नहर लाइनिङ गर्ने र हेडवर्क्सको तल्लो तटीय क्षेत्र संरक्षणको लागि जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय कैलालीले रु. ३ करोड ३३ लाख १२ हजार खर्च गरेको छ । योजना सम्पन्न नहुँदै योजनाको हेडवर्क्स बिग्रिएर मर्मत गर्नुपर्ने अवस्था स्थलगत अवलोकनमा देखियो । हाल प्रत्येक वर्ष विनियोजित बजेटबाट सिँचाई प्रणाली सञ्चालन गर्ने कार्य भई रहेकोमा समग्र प्रणालीको निर्माण तथा मर्मतसम्भार गरी योजना सञ्चालन गर्नुपर्दछ । | हाल संचालनमा आइरहेको यस योजनालाई समयमै सम्पन्न गरी प्रभावकारी रुपमा संचालन गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| ३९ | **सम्भाव्यता अध्ययन -** जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, कैलालीले जरुवा पानी संकलन गरी सिँचाई सेवा उपलब्ध गराउने गरी सुर्मिनाला सिँचाई योजना निर्माण गरेपछि सम्भाव्यता अध्ययनमा समावेश नगरेको कमल तालको पानी जोड्न प्रदेश सरकारको रु. १६ लाख २७ हजार खर्च गरेको छ । यसबाट योजनाको अनुमानित लागतको तुलनामा बढी खर्च हुन गएको छ । पर्याप्त प्राविधिक अध्ययन गरेर मात्र योजना कार्यान्वयन गर्नुपर्दछ । | अब उपरान्त सम्भाव्यता अध्ययन गरेर कानूनी प्रक्रिया पुरा गरी योजना कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४० | **कार्यक्षेत्र बाहिरको कार्य -** राजनैतिक व्यक्तिहरूको नामका प्रतिष्ठान, शहिद गेट, समूदायद्वारा सञ्चालित सहकारी भवन, सङ्ग्रहालय, पत्रकार महासंघका जिल्ला स्थित कार्यालय भवन लगायत कार्य क्षेत्र वाहिरका २६ संरचनाहरू उपभोक्ता समिति मार्फत ठेक्का सम्झौता गरी कार्यान्वयन गरेर यस वर्ष रु. ४ करोड ४३ लाख ८६ हजार खर्च गरेको छ । कार्यक्षेत्र बाहिर बजेट बिनियोजन तथा कार्यान्वयन गर्नेलाई कारवाही गर्नु पर्दछ । | कार्यक्षेत्र भित्र पर्ने विषयमा आवश्यकताका आधारमा योजना छनौट गरी बजेट विनियोजन गर्न निर्देशन दिने । |
| ४१ | **योजना तथा कार्यक्रम तर्जुमा -** शहरी विकास तथा भवन कार्यालय दिपायल, डोटीले जनता आवास कार्यक्रम बाहेकका ५१ योजनाहरू मध्ये योजना दिग्दर्शनले तोके अनुसारको प्रक्रिया अवलम्वन गरी छनौट गरेको र बाँकी ५० योजना दिग्दर्शनको प्रक्रिया पुरा नगरी मन्त्रालय आफैले छनौट गरेको देखियो । | योजनाहरु छनौट गर्दा अनिवार्य रुपमा कानूनी व्यवस्था तथा मापदण्डको अबलम्बन गरी छनौट गर्ने । |
| ४२ | **अधुरा जनता आवास -** जनता आवास कार्यक्रम अन्तर्गत आवास निर्माण गर्न शहरी विकास तथा भवन निर्माण कार्यालय डोटीलाई प्रथम चरणमा ८९ घरको लागि प्रति घर रु. २ लाख ३४ हजार तथा दोस्रो फेज अन्तर्गत ७८ घरको लागि रु.३ लाख ३२ हजारका दरले १६७ लाभग्राहीसँग २०७४ सालमा सम्झौता भई पहिलो किस्ता भुक्तानी भएकोमा लेखापरीक्षण अवधिसम्म ५ आवासले दोस्रो, ९ आवासले तेस्रो र ६९ आवासले अन्तिम किस्ता प्राप्त गरेका छैनन् । कार्यालयले कार्यक्रमको प्रभावकारी कार्यान्वयन नगरेको कारण अधुरा रहेका आवासको निर्माण कार्य प्राथमिकताका साथ सम्पन्न गराउनु पर्दछ । | अधुरा रहेका जनता आवास कार्यक्रम अन्तरगतका आवासहरु अनिवार्य निर्माण सम्पन्न गर्ने र बाँकी रहेकाको हकमा आवश्यक स्रोतको सुनिश्चितता गरी कार्यान्वयन गर्ने । |

| | | |
|---|---|---|
| ४३ | **बीमा नगरेको -** शहरी विकास तथा भवन कार्यालय, धनगढीले ११ विभिन्न निर्माण कार्यको रु. २ करोड ४ लाख ८१ हजारको ठेक्का सम्झौता भएकोमा निर्माणाधीन संरचना, उपकरण तथा कामदार र तेस्रो पक्षको बिमा नगराई रु.१ करोड १५ लाख ८६ हजार भुक्तानी भएको छ । | हाल निर्माणाधीन संरचनाको बीमा अनिवार्य गर्नुपर्ने कानूनी व्यवस्था भएकाले केही गर्नु नपर्ने । |
| ४४ | **गुणस्तर परीक्षण नगरेको -** शहरी विकास तथा भवन कार्यालय धनगढीले रु.२ करोड ८० लाख ८६ हजारका १९ ठेक्कामा सामानको गुणस्तर परीक्षण नगरी रु. १ करोड ९१ लाख ९० हजार भुक्तानी दिएको छ । गुणस्तरको विषयमा समेत उल्लेख गरिने स्पेसिफिकेशन सम्झोतामा संलग्न गर्नुपर्नेमा गरेको छैन । साथै गुणस्तर परीक्षणको लागि ठेक्कामा रकम समावेश गर्न सकिनेमा सो समेत गरेको छैन । | अब उपरान्त कानुनी व्यवस्था बमोजिम गुणस्तर परीक्षण कार्यलाई अनिवार्य गर्ने । |
| ४५ | **कार्य स्वीकार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार ठेक्काको काम पूरा भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गरी १३ महिनाको त्रुटी सच्याउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा विभिन्न १० ठेक्काको रु.७ करोड ६३ लाखको कामको सुरुमै कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । यसरी कार्यसम्पन्न गर्दा त्रुटी सच्याउने अवधिमा गर्नुपर्ने कामको सूची पनि जारी गरेको छैन । त्रुटि सच्याउने कामको लागि निर्माण व्यवसायीलाई उन्मुक्ति दिएको मनासिव देखिएन । | ठेक्काको काम पुरा भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गरी १३ महिनाको त्रुटी सच्याउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा विभिन्न १० ठेक्काको ७ करोड ६३ लाखको कामको शुरुमै कार्यसम्पन्न प्रतिवेदन तयार पारी निर्माण व्यवसायीलाई उन्मुक्ति दिएको सम्बन्धमा उक्त ठेक्काहरुको मर्मत सम्भारमा गरिएको खर्चको वास्तविक विवरण खुल्ने गरी सात दिन भित्र जवाफ सहितको विवरण माग गर्ने । |
| ४६ | **राजस्व आम्दानी -** यातायात कार्यालयहरुको सर्भर निरन्तर डाउन हुने, सवारी साधनको चक्रिय शुल्क जरीबाना स्वचालित रूपमा गणनाका लागि पोष्टिङ्ग गर्दा सफ्टवेयरले काम नगर्ने, धेरै वर्षको शुल्क जरिवाना बक्यौता भएपनि चालु वर्षको मात्र सफ्टवेयरबाट भुक्तानी गर्न मिल्ने भएको कम्प्युटर प्रणाली त्रुटिपूर्ण रहेको छ । | सफ्टवेयरमा सुधारको लागि केन्द्रीय मन्त्रालयसँग समन्वय गर्ने। |

<u>निकायगत बेरुजु माथिका निर्णयहरु</u> : **वैठक संख्या : ४६, ५२** **मिति : २०८१/०५/१७, ७/२६ गते**

३.९ सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

<u>निर्णयहरु</u> :

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले विभिन्न ५८ विषयमा नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन तथा नियमनको जिम्मेवारी समाजिक विकास मन्त्रालयलाई तोकेकोमा प्रदेशस्तरीय विश्वविद्यालय तथा उच्च शिक्षा, विद्यालय तहको शिक्षक व्यवस्थापन, महिला हक, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार, सँस्कृति विकास, स्वास्थ्य सेवा तथा पोषण र रोजगार प्रवर्द्धनसँग सम्बन्धित ऐन, नियम, नीति, मापदण्ड तथा कार्यविधि तर्जुमा गरेको छैन । | सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम आफ्नो कार्यक्षेत्र भित्र पर्ने सम्पूर्ण कानूनहरु यथाशिघ्र निर्माण गर्ने । |
| २ | **बजेट वक्तव्यको कार्यान्वयन -** प्रदेशको बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम मध्ये मन्त्रालयले प्रत्येक निर्वाचन क्षेत्रमा निर्माणाधीन खेलमैदान सम्पन्न गर्ने, निवृत्त खेलाडी कल्याणकारी कोषको व्यवस्था गर्ने, सार्वजनिक पूर्वाधारहरू बालमैत्री एवम् अपाङ्गमैत्री बनाउने, हरेक जिल्लामा ५ का दरले ४५ सामूदायिक लघु सङ्ग्रहालय स्थापना गर्ने, मुख्य मन्त्री प्रदेश स्वयमसेवक शिक्षक परिचालन कार्यक्रम सञ्चालन गर्ने, प्रदेश विश्वविद्यायल र प्रदेश पोलिटेक्निक इन्स्टिच्युट स्थापना गर्ने, शिप विकास तालिम केन्द्र मार्फत २ हजार युवाहरूलाई तालिम दिई स्वरोजगार बनाउने, बर्थिङ सेन्टर नभएका ३२ स्थानीय तहमा बर्थिङ सेन्टर स्थापना एवम् सञ्चालन गर्ने लगायतका कार्यक्रम बजेट अभावको कारणले सञ्चालन हुन सकेको देखिएन । बजेट वक्तव्य तथा कार्यक्रम छनौट बीच तादम्यता कायम हुन नसक्दा कार्यान्वयनमा समस्या देखिएको छ । | अब उपरान्त पूर्व तयारी भएका कार्यक्रमहरु मात्र बजेट वक्तव्यमा समावेश गर्ने र वक्तव्यमा समावेश भएका सम्पूर्ण कार्यक्रमहरु अनिवार्य रुपमा कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | |
|---|---|---|
| ३ | **कार्यक्रम कार्यान्वयन** - मातहतका निकायहरूबाट सञ्चालन गर्नुपर्ने सामुदायिक पुस्तकालय अनुदान निकासा, साधारण तथा प्राविधिक तर्फ उच्च शिक्षा लक्षित छात्रवृत्ति सहयोग कार्यक्रम, विभिन्न किसिमका तालिम, अक्सिजन प्लान्ट निर्माण लगायतका कार्य सञ्चालन स्तरका कार्यक्रम मन्त्रालय आफैले सञ्चालन गरी रु.१९ करोड ९३ लाख ३८ हजार खर्च गरेको छ । | उल्लेखित कार्यक्रमहरु मातहत निकायहरुबाट मात्र संचालन गर्ने र मन्त्रालय नीति निर्माण, योजना तर्जुमा, समन्वय र नियमन तर्फ केन्द्रित रहन निर्देशन दिने । |
| ४ | **अण्डा बजेट** - मन्त्रालयले अण्डा राखेको रु.६४ करोड ७४ लाख विभिन्न २१ कार्यक्रमको लागि असार मसान्तमा निकासा दिएको छ । यसरी निकासा दिएको रकमबाट खरिद ऐन तथा नियमावलीको प्रक्रिया पूरा गरी कार्यक्रम सञ्चालन गर्न सम्भव देखिँदैन । | हाल अवण्डा बजेट नराख्ने गरिएकोले केही गर्नु नपर्ने । |
| ५ | **कोभिड १९ नियन्त्रण तथा व्यवस्थापन** - विश्वव्यापी रूपमा फैलिएको कोरोना माहामारी नियन्त्रण गर्न मन्त्रालयले मातहतका निकायहरुलाई अस्पताल निर्माण तथा व्यवस्थापन, प्रयोशाला निर्माण वा स्तरोन्नति, क्वारेण्टिन निर्माण, क्वारेण्टिनको खाना खर्च, आइसोलेशन व्यवस्थापन, औषधि तथा औषधिजन्य सामाग्री खरिद लगायतमा निकासा दिएकोमा असार मसान्तसम्म सेती प्रादेशिक अस्पताल बाहेक अन्यत्र प्रयोगशाला सञ्चालन गर्न नसक्नु र उपलब्ध १५ बेडको कोभिड आइ.सि.यु अपर्याप्त हुनु, भारतबाट फर्केका नेपालीहरूको कोभिड परीक्षण र होल्डिङ सेन्टर समयमै स्थापना नगरिनु, कोभिड ल्यावमा बिग्रिएका पि.सि.आर मेसिन मर्मत नगर्नु आदि पक्षलाई हेर्दा यस प्रदेशको कोभिड नियन्त्रण तथा व्यवस्थापनको पूर्व तयारी सहितका काममा प्रभावकारिता देखिएन । | अब उपरान्त अकस्मात आइपर्न सक्ने माहामारी नियन्त्रण तथा विपद् पूर्व तयारीलाई प्रभावकारी रुपमा संचालन गर्न मन्त्रालयले विस्तृत कार्ययोजना बनाउने र आइसकेको जोखिम नियन्त्रण गर्न आवश्यक पर्ने संरचनालाई चुस्त दुरुस्त राख्ने । |
| ६ | **अनुपातिक अंश** - शिक्षा पूर्वाधार विकास कार्यक्रमको लागि सङ्घीय तथा प्रादेशिक अनुदान अन्तर्गत भएका सम्झौतामा १० प्रतिशत लागत लाभग्राही उपभोक्ता समितिले व्यहोर्नु पर्ने उल्लेख छ । निर्देशनालयबाट लाभग्राही समुदायहरू मार्फत निर्माण भएका भौतिक संरचनाको लागि विभिन्न ४६ उपभोक्ता समितिहरूलाई जनसहभागिताको रकम कट्टा गरी रु. ४ करोड ९ लाख २७ हजार भुक्तानी | शिक्षा विकास निर्देशनालयबाट लाभग्राही समुदायहरु मार्फत निर्माण भएका भौतिक संरचनाको लागि विभिन्न ४६ उपभोक्ता समितिहरुलाई रु ४ करोड २० लाख ७२ हजार भुक्तानी गर्दा तोकिए भन्दा कम अनुपातिक अंश कट्टा भएको रकम रु ११ लाख ४७ हजार मध्ये ११,२४,९०४। सम्परीक्षण भईसकेकोले |

| | | |
|---|---|---|
| | गर्नुपर्नेमा रु. ४ करोड २० लाख ७२ हजार भुक्तानी गरेकोले भुक्तानी गर्दा तोकिए भन्दा कम अनुपातिक अंश कट्टा भएको देखिएकोले नपुग रु. ११ लाख ४७ हजार सम्बन्धित उपभोक्ता समितिहरूबाट रकम असुल हुनुपर्दछ । | लगत कट्टा गर्ने र बाँकी रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्ने । |
| ७ | **बीमा नगरेको** - निर्देशनालयले कैलाली, कन्चनपुर, डोटी, अछाम र डडेल्धुरामा रु.६० लाख भन्दा माथिका ११ छात्रावास तथा विद्यालय भवन निर्माण गर्न विभिन्न ९ निर्माण व्यवसायीसँग रु. ६ करोड ७८ लाख ४४ हजारको सम्झौता गरेकोमा नियमावलीमा उल्लेख भए बमोजिम सबै निर्माण कार्यको बीमा गरेको छैन । | अब उपरान्त कानून बमोजिम अनिवार्य बिमा गर्न निर्देशन दिने । |
| ८ | **कामको नापी** - निर्देशनालयले यो वर्ष ८४ विद्यालयका ट्रस भवनको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई रु. ४ करोड २३ लाख १९ हजार भुक्तानी भएको छ । नापी किताव तथा विल विजकमा ट्रस भवनमा प्रयोग भएका निर्माण सामाग्रीहरूको परिमाणात्मक विवरण स्पष्ट नखुलाई "ट्रस एक सेट" भन्ने मात्र उल्लेख भएबाट वास्तविक प्रयोग भएको निर्माण सामाग्रीको परिमाण यकिन भएन । अतः सम्पादित कामको परिमाण र मूल्य खुल्ने नापी किताब पेश गर्नुपर्दछ। | श्री शक्ति आधारभूत विद्यालय, कमलबजार-२, अछामको दुई कोठे ट्रस भवन निर्माणका लागि शिक्षा विकास निर्देशनालयबाट प्रथम किस्ता बापत रु ३,२०,०००। (अक्षरेपि तीन लाख बीस हजार मात्र) रकम उपलब्ध गराइएकोमा सम्झौता अनुसारको काम नगरी पेश्की फछ्यौट गर्न समेत नआएको र निर्देशनालयले पटक पटक ताकेता गर्दा समेत जवाफ नदिएकाले उक्त पेश्की रकम असुल गर्ने। |
| ९ | **अनुगमन** - निर्देशनालयले सुदूरपश्चिम प्रदेशका ८ जिल्लाका ४४ विद्यालयहरूलाई प्रति विद्यालय रु.५ लाखका दरले कम्प्युटर ल्याव निर्माण गर्न रु.२ करोड २० लाख अनुदान दिएकोमा सम्झौता अनुरुप अनुगमन गरेको छैन । प्राप्त विवरण अनुसार कैलाली, डोटी, बाजुरा र बझाङका १२ विद्यालयहरूले एउटै फोटो प्रमाणित गरी पेश गरेको आधारमा रु. ६० लाख भुक्तानी दिएको देखिएकोले पेश गरेका कागजातको यथार्थता यकिन हुन सकेन । यसको अनुगमन गरी यथार्थता छानविन गर्नुपर्दछ । | Specification बमोजिम 1 Mbps क्षमताको Internet जडान नगरेका तपसिलका प्रत्येक विद्यालयहरुबाट विलमा उल्लेख भएको रकम रु १८,०००। (अक्षरेपि अठाह्र हजार मात्र) का दरले असुल गर्ने ।<br>१.श्री तमैराज आधारभूत विद्यालय, जोगीकोइराली लेकम-४, दार्चुला<br>२.श्री भैरव माध्यामिक विद्यालय, गौरीगंगा-६, कैलाली<br>३.श्री जनता राष्ट्रिय माध्यामिक विद्यालय, धनगढी-१३, कैलाली<br>४.श्री कन्या माध्यामिक विद्यालय, बटुलसेरा, बु.न.पा.-६, बझाङ्ग<br>५.श्री भवानी आधारभूत विद्यालय, बुँगल-६, बझाङ्ग |

| | | |
|---|---|---|
| | | ६.श्री महादेव माध्यामिक विद्यालय, अठपाली, बुँगल-७, बझाङ्ग |
| १० | **भुक्तानीमा कर** - निर्देशनालयले ८८ स्थानीय तहको लागि ग्रामिण अल्ट्रा साउण्ड मेसिन खरिदको लागि अन्तराष्ट्रिय स्तरको खुला बोलपत्रको माध्यमबाट छनौट भएको हस्पिटेक ईन्टरप्राइजेज काठमाडौंसँग अमेरिकी डलर १० लाख २४ हजार मा सम्झौता गरी रु. ११ करोड २७ लाख ३८ हजारमा खरिद भएको देखियो । निज आपुर्तिकर्तासँग १ जुलाई २०१९ मा भएको सम्झौतामा सबै प्रावधान नेपाल कानुन अनुसार नै हुने उल्लेख भएकोले ऐन बमोजिम रु. १६ लाख ९१ हजार अग्रिम कर असुल गर्नुपर्दछ। | ऐन बमोजिम रु १६ लाख ९१ हजार रकम अग्रिम कर असुल गर्ने । |
| ११ | **टुक्रा पारी खरिद** - केन्द्रले कोभिड १९ सँग सम्बन्धित बाहेकका नियमित प्रयोजनका आयुर्वेदिक औषधिहरू एउटै आपूर्तिकर्ताबाट २ सिलबन्दी दरभाउपत्र मार्फत खरिद गरी रु.८६ लाख २० हजार र आधारभूत स्वास्थ्य सेवा तथा बाल एवम् मातृ स्वास्थ्यका औषधिहरू १४ टुक्रामा सोझै खरिद गरी रु. १ करोड ५२ लाख ४४ हजार समेत रु. २ करोड ३८ लाख ६४ हजारको औषधी प्रतिस्पर्धा वेगर टुक्रा पारी खरिद गरेको छ । | अब उपरान्त खरिद कार्यलाई प्रतिस्पर्धी हुने गरी गर्ने र सार्वजनिक खरिद ऐन तथा नियमावलीको अनिवार्य पालना गर्ने। |
| १२ | **उपयोग नहुने सामाग्री खरिद** - प्रयोगशालाले कोभिड/१९ को नियन्त्रण र उपचारको लागि २ हजार पिस आर.डी. टी. कीट मिति २०७७।२।२ मा एक आपूर्तकसँग खरिद गरी रु. १६ लाख ९५ हजार भुक्तानी गरेकोमा सबै किटहरू तोकिएको गुणस्तर कायम नभएको जनाई प्रयोग गरेका छैनन् । गुणस्तर समेत यकिन नगरी खरीद गर्ने र प्रयोग गर्न नमिल्ने किटहरू सम्बन्धित आपूर्तकलाई फिर्ता नगर्ने कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनुपर्दछ । | कोभिड १९ को नियन्त्रण र उपचारका लागि २ हजार पिस आर.डि.टी. कीट कुन मितिमा कुन निर्देशिका बमोजिम खरिद गरिएको हो र खरिद गरिसके पश्चात जारी गरिएको नयाँ निर्देशिका सहित पाँच दिन भित्र यस समितिमा खुलाई पठाउने । |
| १३ | **औषधीको गुणस्तर** - रु.२ करोड ५२ लाख ९९ हजारको औषधि गुणस्तर परीक्षण बेगर खरिद गरेको । | गुणस्तर परीक्षण नगरी रु २ करोड ५२ लाख ९९ हजारको औषधी खरिद गरिएको सम्बन्धमा प्रमाण कागजात सहित पाँच दिन भित्र खुलाई पठाउने । |

| | | |
|---|---|---|
| १४ | **अतिरिक्त समय भत्ता** - अस्पतालमा कार्यरत कर्मचारीहरूलाई अतिरिक्त समय भत्ता, राती काम गरेको भत्ता तथा सट्टा बिदाको रकम भुक्तानी दिँदा काम गर्ने व्यक्तिहरू र काम गरेको मिति एवम् समय खुल्ने विवरण संलग्न गर्नु पर्नेमा सो नगरी रु. ८ लाख २३ हजार भुक्तानी गरेको छ । सो अनुसारका कागज प्रमाणहरू पेश गर्नुपर्दछ । | अतिरिक्त समयमा काम गरेको विवरण खुल्ने प्रमाण पेश गरी लगत कट्टा गर्ने । |
| १५ | **अस्पताल भवन निर्माण** - अस्पताल भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७७।१२।११ मा सम्पन्न गर्ने गरी रु. १५ करोड ९३ लाखमा २०७७।३।१४ मा सम्झौता गरी रु.२८ लाख पेस्की दिएको देखिन्छ । लेखापरीक्षणको क्रममा २०७७ पौषमा निर्माणस्थल निरीक्षण गर्दा जगको काम भईरहेको पाईयो । सम्झौता अवधि ९ महिनामा सम्पन्न गर्नुपर्ने कामको ६ महिनामा जगको काम पनि पूरा 'नगरेको देखिँदा निर्माण कार्यलाई शीघ्रता दिनुपर्दछ । | अस्पताल भवन निर्माण सम्बन्धमा हालसम्मको अवस्था समेत खुल्ने गरी सम्पूर्ण विवरण खुलाई पठाउने । |
| १६ | **भौतिक संरचना** - विभिन्न ईकाईबाट प्रदान गर्ने सेवाको लागि सञ्चालन कार्यविधि तयार गरी लागु गर्नु पर्नेमा सो गरेको पाईएन। अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रूपमा सफासुग्घर राखिएको हुनुपर्नेमा अस्पताल निरीक्षण गर्दा सरसफाईको अवस्था कमजोर देखियो । स्त्रीरोग, बालरोग, बहिरंग विभागहरू रहेको भवन पुरानो र जिर्ण देखियो । सञ्चालित २५० शैय्याको कम्तीमा १२ शैय्या आई.सि.यू हुनुपर्नेमा ५ बेडमात्र रहेका छन् । | अब उपरान्त अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफासुग्घर रहने गरी सुधार गर्ने । |
| १७ | **हेमोडाइलासिस** - अस्पताल र एक प्राइभेट लिमिटेडबीच सम्पन्न सम्झौता बमोजिम २०७५ जेठबाट सञ्चालित हेमोडाइलासिस सेवामा १० मेसिन जडान गरी सेवा सञ्चालन गर्नुपर्नेमा स्थलगत निरीक्षण गर्दा सात मेसिनबाट सेवा दिएको पाईएकोले नपुग मेसिन थप गराउनुपर्दछ । | हेमोडाइलासिस सेवामा आवश्यक पर्ने मेसिनहरु जडान गरी सेवा सुचारु गर्ने । |
| १८ | **दरबन्दी तथा पदपूर्ति** - कार्यालयको काम प्रभावकारी रूपले सञ्चालन गर्न स्वीकृत दरबन्दी पदपूर्ति गर्नुपर्दछ । यस कार्यालयमा १९२ दरबन्दी रहेकोमा १४१ | दरबन्दी अनुसारको रिक्त पदको पदपूर्तिका लागि यथाशिघ्र आवश्यक पहल गर्ने । |

| | | |
|---|---|---|
| | पदपूर्ति भई प्रमुख कन्सल्टेन्ट (चिकित्सक) ३ जना सहित चिकित्सक १९ जना, नर्सिङ ६ जना, पारामेडिक्स ८ जना र अन्य १८ जना सहित कुल ५१ दरबन्दी रिक्त रहेकोले रिक्त अस्पतालमा रहेका सम्पुर्ण पदहरू पदपूर्ति गरी कार्यसम्पादन प्रभावकारी बनाउनु पर्दछ । | |
| १९ | **कोभिड कोष र खर्च -** अस्पतालको कोभिड कोषमा सङ्घीय सरकारबाट ५ करोड ८१ लाख ५ हजार र प्रदेश सरकारबाट ३ करोड २६ लाख ६८ हजार समेत रु. ९ करोड ७ लाख ७३ हजार प्राप्त भई जनशक्ति परिचालन, औषधि एवम् स्वास्थ्य उपकरण तथा सामाग्री खरीद र उपचारका लागि भर्ना भएका विरामीका सरसफाईका सामान खरीदमा कुल ६ करोड ३९ लाख २२ हजार खर्च भएको छ । | केही गर्नु नपर्ने । |
| २० | **महामारीको पुर्वतयारी -** कोभिड १९ को महामारी नियन्त्रण गर्न पूर्व तयारीको रूपमा उपकरण, शैय्या, भवन, जनशक्तिको व्यवस्थापन गर्नुपर्नेमा उपचार कक्ष निर्माण र आई. सि. यू व्यवस्थापनमा रु. ३४ लाख ९० हजार खर्च गरिए पनि पर्याप्त व्यवस्था हुन नसकेको र ५० बेडको आईसोलेसन केन्द्र निर्माण गरिए पनि वेड, अक्सिजन लगायतका सुविधा उपलब्ध नभएकोले समयमा सञ्चालन हुन नसक्दा भिड नियन्त्रण तथा रोकथामको पूर्व तयारी पर्याप्त र प्रभावकारी नभएको । | अब उपरान्त अकस्मात आइपर्न सक्ने माहामारी नियन्त्रण गर्न पूर्व तयारीको रुपमा उपकरण, शैय्या, भवन, जनशक्तिको व्यवस्था तथा उपचार कक्ष लगायत आवश्यक पर्न सक्ने अन्य तयारी अवस्थामा रहने । |
| २१ | **उपयोग विहिन उपकरणहरु -** अक्सिजन कन्सन्ट्रेटर, एक्सरे मेसिन जस्ता विभिन्न स्वास्थ्य उपकरणहरू खरिदमा जिल्ला अस्पताल डोटीले रु. २९ लाख ३१ हजार र जिल्ला अस्पताल बाजुराले रु. २९ लाख ४० हजार समेत रु. ५८ लाख ७१ हजार खर्च लेखेका छन् । खरिद गरिएका उक्त उपकरणहरू कर्मचारी व्यवस्थापन लगायत अन्य प्रबन्धको अभावमा प्रयोगमा नआइ अस्पतालको एउटा कोठामा प्रयोग विहिन अवस्थामा रहेका छन् । | जिल्ला अस्पताल डोटीले रु २९ लाख ३१ हजार र जिल्ला अस्पताल बाजुराले रु २९ लाख ४० हजार समेत रु ५८ लाख ७१ हजार खर्च गरी खरिद गरेको लामो समयसम्म पनि प्रयोगमा नआएको सम्बन्धमा हाल उक्त उपकरणहरु प्रयोगमा आए नआएको सम्बन्धमा ५ दिन भित्र खुलाई पठाउने । |
| २२ | **घटी सेवा शुल्क असुली -** जिल्ला अस्पताल डोटीको अस्पताल व्यवस्थापन समितिबाट प्राप्त सेवा शुल्कको दर तथा प्रदान गरिएको सेवाको विवरणको आधारमा | जिल्ला अस्पताल डोटीले अस्पताल व्यवस्थापन समितिबाट छुट दिएको रकमबाट रु २६ लाख ५४ हजार दाखिला हुनु पर्नेमा रु |

| | | |
|---|---|---|
| | रु.२७ लाख २३ हजार सेवा शुल्कमध्ये छुट दिएको रु.६९ हजार घटाई रु. २६ लाख ५४ हजार दाखिला हुनु पर्नेमा रु.१९ लाख ८५ हजार मात्र दाखिला गरेको देखिएकोले घटी दाखिला भएको रु.६ लाख ६९ हजारको सम्बन्धमा छानविन गरी यकिन गर्नुपर्दछ । | १९ लाख ८५ हजार मात्र दाखिला गरेकोले घटी दाखिला गरेको रकम रु ६ लाख ६९ हजार रकम असुल उपर गर्ने । |
| २३ | **राजस्व बक्यौता** - अस्पतालका सर्टर भाडामा उपलब्ध गराए बापत टिकापुर अस्पताल, कैलालीले रु.८ लाख ८१ हजार र सेती प्रादेशिक अस्पताल, कैलालीले रु. १ करोड ६६ लाख ७७ हजार समेत रु. १ करोड ७५ लाख ५८ हजार भाडा असुल गर्न बाँकी रहेको देखियो । सम्झौतामा उल्लिखित शर्तको अधिनमा रहि सम्बन्धित निकायसँग ब्याज सहित असुल गर्नुपर्दछ । | सर्टर भाडामा उपलब्ध गराए वापत टिकापुर अस्पतालले रु ८ लाख ८१ हजार र सेती प्रादेशिक अस्पतालले रु १ करोड ६६ लाख ७७ हजार गरी जम्मा १ करोड ७५ लाख ५८ हजार असुल उपर गरी लगत कट्टा गर्ने । |
| २४ | **मूल्य अभिवृद्धि कर समायोजन** - विभिन्न फर्महरूबाट मालसामान खरिदको रकम भुक्तानी गर्दा भुक्तानी हुने मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत कट्टा नगरी पुरै भुक्तानी हुँदा जिल्ला अस्पताल बझाङले रु. २ लाख १० हजार, महाकाली अस्पताल कन्चनपुरले रु.१ लाख ७२ हजार र जिल्ला अस्पताल बैतडीले रु. ६ लाख ७८ हजार समेत कूल रु. १० लाख ६० हजार मूल्य अभिवृद्धि कर सम्बन्धित फर्महरूलाई नै भुक्तानी भएको देखियो । तसर्थ सम्बन्धित फर्महरूबाट मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनु पर्दछ । | जिल्ला अस्पताल बझाङले रु २ लाख १० हजार, महाकाली अस्पताल कंचनपुरले रु १ लाख ७२ हजार र जिल्ला अस्पताल बैतडीले रु ६ लाख ७८ हजार समेत कुल १० लाख ६० हजार मुल्य अभिवृद्धि कर सम्बन्धित फर्महरुलाई भुक्तानी गरेको सम्बन्धमा कर समायोजन गरेको प्रमाण पाँच दिन भित्र माग गर्ने । |
| २५ | **सोझै खरिद** - महाकाली अस्पताल महेन्द्रनगर कन्चनपुरले ४ आपुर्तिकर्ताहरूबाट पटक पटक रु. १ करोड २५ लाख ३५ हजारको औषधिजन्य मालसामानहरू सोझै खरिद गरेको । | अब उपरान्त प्रतिस्पर्धात्मक र पारदर्शी हुने गरी खरिद गर्ने । |
| २६ | **अनुगमन** - गत वर्षको प्रतिवेदनमा दरबन्दी तथा पदपुर्ति व्यवस्थापन, खरिदमा प्रतिस्पर्धा र बढी भुक्तानी लगायतको व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिँदा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ । | अब उपरान्त सुधार गर्ने । |
| २७ | **कोषको हिसाब** - आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्ष कोषमा प्रदेश सरकारबाट रु.४० करोड र विभिन्न पदाधिकारी कर्मचारी उद्योगी | हिसाब मिलानका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग समन्वय गर्ने । |

| | | |
|---|---|---|
| | व्यापारी तथा व्यक्तिहरूबाट रु.३ करोड ७७ लाख ६० हजार समेत कूल रु ४३ करोड ७७ लाख ६० हजार आम्दानी भएकोमा संघीय निकायहरू मार्फत रु. १ करोड ४० लाख, प्रदेश कार्यालयहरू मार्फत रु.२० करोड ४० हजार र स्थानीय तहमार्फत रु. २१ करोड ३० लाख ४४ हजार समेत कूल रु. ४२ करोड ७० लाख ८४ हजार (९८.५५ प्रतिशत) खर्च भई रु. १ करोड ६ लाख ७५ हजार बाँकी रहेको देखियो । बैङ्क स्टेटमेन्ट अनुसार रु. १ करोड ९ लाख ३२ हजार मौज्दात देखिएकोले फरक परेको मौज्दात रु.२ लाख ५७ हजारको हिसाब मिलान हुनु पर्दछ । | |
| २८ | **कोषको खर्च लेखाङ्कन** - आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेश सरकारले यसवर्ष ८८ वटा स्थानीय तहलाई आइसोलेशन र राहतको लागि रु. २१ करोड ३० लाख ४४ हजार ९ जिल्लाका जिल्ला प्रहरी कार्यालयहरू, सशस्त्र प्रहरी गणहरू, राष्ट्रिय अनुसन्धान विभागका कार्यालयहरू र नेपाली सेनाका गण तथा गुल्महरू समेत ४४ निकायलाई रु. १ करोड ४० लाख र प्रदेश समाजिक विकास मन्त्रालयलाई रु.२० करोड ४० हजार निकासा दिएकोमा मन्त्रालयले खर्च एवं बचत रकमको विवरण अध्यावधिक गरेको छैन । | आन्तरिक मामिला मन्त्रालयसँग समन्वय गरेर विवरण अद्यावधिक गर्ने । |
| २९ | **जोखिम आङ्कलन र पुर्वतयारी** - सुदूरपश्चिम प्रदेश कोरोना रोग नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना २०७७ अनुसार प्रदेश स्तरमा प्रदेश संकट व्यवस्थापन केन्द्र, प्रदेश आपतकालिन संचालन केन्द्र, जिल्ला स्तरमा जिल्ला आपतकालिन संचालन केन्द्र, र्‍यापिड रेस्पोन्स टिम तथा स्थानीय स्तरमा स्थानीय कोभिड रोकथाम समूह र वडा अध्यक्षको संयोजकत्वमा ३ सदस्यीय अनुगमन समिति गठन गर्ने उल्लेख छ । त्यसै गरी प्रदेश संकट व्यवस्थापन केन्द्रको निर्णय अनुसार जिल्ला स्तरमा ३०० देखि ५०० बेड सम्मको क्वारेन्टिन र स्थानीय तहमा १०० देखि २०० बेड सम्मको क्वारेन्टिन निर्माण गर्ने, जिल्ला भित्र प्रवेश गर्ने व्यक्तिहरूलाई अनिवार्य रुपमा अलग्गै बस्न लगाउने र सीमा नाकामा स्वास्थ्यकर्मी परिचालन गरी कोभिड परीक्षणलाई अनिवार्य र व्यवस्थित बनाउने, जोखिमपूर्ण स्थानहरू पहिचान गर्ने र क्रमशः सील गर्दै जाने लगायतका कार्ययोजना रहेकोमा सो अनुरुप नगरेको देखिन्छ । | अब उपरान्त कुनै पनि समयमा आइपर्न सक्ने माहामारीबाट हुन सक्ने जोखिम न्यूनीकरण गर्न र पूर्व तयारी अवस्थामा रहनका लागि आवश्यक पर्ने भौतिक, संरचनागत र जनशक्तिगत व्यवस्थालाई सबल तुल्याउने कार्य गर्ने । |

<u>निकायगत बेरुजु माथिका निर्णयहरु</u> : वैठक संख्या : ३६ मिति : २०८१/०२/२२ गते

३.१० मुख्यन्यायाधिवक्ताको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

<u>निर्णयहरु</u> :

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **मुद्दाको स्थिति -** मुख्य न्यायधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ अनुसार मुख्य न्यायाधिवक्ताको तर्फबाट सर्वोच्च अदालतमा १६, उच्च अदालतमा १३ समेत कूल २९ मुद्दा सम्बन्धी लिखित जवाफ प्रस्तुत गर्ने, बहस पैरवी गर्ने प्रतिरक्षा गर्ने, निवेदन मस्यौदा गर्ने समेतका कार्य सम्पादन भएकोमा सो मध्ये ९ मुद्दा फस्र्योट भई २० मुद्दा बाँकी रहेका छन् । ६८. ९७ प्रतिशत मुद्दा फस्र्योट हुन नसकेको अवस्था रहेकाले न्याय सम्पादनको कार्य समय सीमा भित्र हुनुपर्दछ । | हालसम्म के कति मुद्धा फछ्यौट भए सो को जानकारी समितिमा पठाउने र अब उपरान्त प्रत्येक आर्थिक वर्षमा मुद्धा फछ्यौट गर्ने व्यवस्थाका लागि आवश्यक पहल गर्न निर्देशन दिने । |
| २ | **कानुनी राय -** प्रदेश सरकारले तोके अनुसारको राय सल्लाह दिनु मुख्य न्याधिवक्ताको कर्तव्य हुने व्यवस्था मुख्य न्यायधिवक्ताको काम कर्तव्य अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ मा उल्लेख भए अनुसार यस बर्ष कार्यालयले कानुनी राय उपलब्ध गराएको विवरण पेश गरेको छैन। | उक्त आर्थिक वर्षमा कुनै पनि निकायबाट राय माग भई नआएकोले लगत कट्टा गर्ने । |
| ३ | **हिरासत तथा थुनुवा कक्ष -** हिरासत तथा थुनुवा कक्ष अनुगमन निर्देशिकामा सङ्घीय सरकार वा प्रदेश सरकारका तर्फबाट हिरासत वा थुनुवा कक्षामा रहेका नागरिक उपर मानवोचित व्यवहार भए नभएको वा नागरिक हकको हनन भए नभएको वा त्यस्तो अधिकारको हनन् हुन नदिन हिरासत तथा थुनुवा कक्षको आवधिक, मासिक अनुगमन गरी प्रतिवेदन गर्नु पर्ने व्यवस्था छ । उक्त कार्यको थालनी सम्म भएको व्यहोरा प्रगति प्रतिवेदनमा औंल्याए तापनि सोको प्रगति प्रतिवेदन पेश नगरिनुका साथै सन्तोषजनक प्रगति भएको छैन । | अब उपरान्त हिरासत तथा थुनुवा कक्ष अनुगमन निर्देशिकामा भएको व्यवस्था बमोजिम थुनुवा कक्षको आवधिक, मासिक रुपमा प्रभावकारी अनुगमन गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

**विभिन्न समयमा गठन भएका उपसमितिका प्रतिवेदनहरु**

## प्रदेश सभा

# सार्वजनिक लेखा समिति

# भिडियो प्रकरण सम्बन्धमा छानबिन उपसमितिको

# प्रतिवेदन, २०८०


**प्रस्तुतकर्ता**

| | |
|---|---|
| माननीय मान बहादुर धामी | - संयोजक |
| माननीय खेमा देवी विष्ट | - सदस्य |
| माननीय टिका थापा | - सदस्य |
| माननीय बिर बहादुर थापा | - सदस्य |
| माननीय बेल बहादुर रानामगर | - सदस्य |

**सचिवालय कर्मचारीहरु**

| | |
|---|---|
| श्री भीम बहादुर ऐर | - समिति सचिव |
| श्री प्रेम कटेल | - कम्प्युटर अधिकृत |
| श्री जगदिशचन्द्र जोशी | - क्यामेरामेन |


२०८० भदौ

# मन्तव्य

मानननीय सभापतिज्यू
सार्वजनिक लेखा समिति, सुदूरपश्चिम प्रदेश ।

समितिको मिति २०८०/०५/०४ गते बसेको ७ औं वैठकको निर्णयानुसार सुदूरपश्चिम प्रदेशको वन निर्देशनालय, धनगढी, कैलालीमा कार्यरत निमित्त वन निर्देशक श्री कृष्ण दत्त भट्टको सार्वजनिक भएको भिडियो प्रकरण सम्बन्धमा समितिमा उजुरी परेकाले यस माथि छानविन गरी १५ दिन भित्र समितिमा प्रतिवेदन पेश गर्ने गरी गठित यस उपसमितिले आफुलाई प्राप्त कार्यादेश बमोजिम जिम्मेवारी निर्वाह गर्ने क्रममा विभिन्न समयमा वैठक बसी निमित्त वन निर्देशक कृष्ण दत्त भट्टलाई समितिमा आमन्त्रण गरी सोधपुछ गरेको थियो । सोधपुछका क्रममा निजले सामाजिक संजालमा भएको भिडियोमा आफु आफ्नो क्वाटरमा रहेको, भिडियोमा देखिएको दृष्य आफ्नो भए तापनि प्रस्तुत आवाज आफ्नो नरहेको बयान दिएका थिए ।

अभियुक्तले विभिन्न जिल्लाहरुबाट रकम असुली सम्बन्धमा सोध्दा आफुले यस्तो कार्य नगरेको र उपसमितिले उक्त जिल्लाहरुमा गई बुझ्न समेत अनुरोध गरेका छन् । निज कृष्ण दत्त भट्टले डडेल्धुरा जिल्लाको अजयमेरु गाउँपालिका वडा नं. ३ स्थित भद्रपुर एकीकृत कृषि तथा पशुपंक्षी फर्मका लागि आफ्नो श्रीमती जानकी चटौत समेतका नाममा निर्देशकको प्रभावमा आफैले प्रस्ताव लेखि एकदमै गरिव जनताको लागि छुट्याइएको कृषि अनुदान रकम रु.५० लाख आफ्नै जग्गामा लगानी गरेको बारे बुझ्दा निजले आफ्नो श्रीमतीको उक्त फर्ममा कुनै संलग्नता नरहेको जानकारी दिएका छन् । यस सम्बन्धमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग यस बारे जवाफ माग गर्दा उक्त मन्त्रालयबाट समेत निजकी श्रीमती जानकी चटौतको उक्त फर्ममा कुनै पनि संलग्नता नरहेको जानकारी प्राप्त भयो । यस सम्बन्धमा उजुरीकर्ताको उजुरी र बयान समेत बाँझिन गएकाले यसबारे स्थलगत अवलोकन गर्ने उपसमितिको मिति २०८०/०५/१३ गते बसेको वैठकको निर्णय बमोजिम उपसमिति स्थलगत अवलोकन गरेको थियो ।

स्थलगत अवलोकनका क्रममा उपसमितिले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, डडेल्धुरामा गई वितरण गरिएको अनुदान सम्बन्धमा जानकारी लिएको थियो । भद्रपुर एकीकृत कृषि तथा पशुपंक्षी फर्मको दर्ता प्रमाणपत्र लगायतका कागजात हेर्दा कमला कुमारी पाण्डेय, बिस्ना देवी भट्ट र जानकी चटौत समेत गरी जम्मा ३(तीन) जनाको संचालक समिति रहेको देखियो । यसरी हेर्दा कृष्ण दत्त भट्टले दिएको बयान र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जवाफबाट जानकी चटौत संचालक नरहेको भनिए तापनि स्थलगत अवलोकनका क्रममा उक्त विवरणहरु झुट्टा भएको देखियो । उक्त फर्मलाई उपलब्ध गराइएको अनुदान रकमको सदुपयोग भए नभएको सम्बन्धमा स्थलगत अवलोकन गर्दा फर्मसँग भेटेरिनरी अस्पताल

तथा पशुसेवा विज्ञ केन्द्र, डडेल्धुराको कार्यसम्झौता अनुसार माउ बाख्रा र बोका खरिद, मेशिनरी उपकरण खरिद, खोर निर्माण, आहाराका लागि नर्सरी निर्माण लगायतका कार्यहरु भई ईष्टिमेट अनुसारको कार्य भएको देखियो ।

अन्त्यमा, उपसमितिको कार्यमा मार्गदर्शन गर्नुहुने माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु, उपसमितिको काममा समन्वयात्मक सहयोग पुऱ्याउने समिति सचिवालयका कर्मचारीहरु र उपसमितिको यस कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सबैमा उपसमितिको तर्फबाट म हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु ।

धन्यवाद ।

मिति : २०८० भदौ

मान बहादुर धामी
संयोजक
भिडियो प्रकरण सम्बन्धमा छानबिन उपसमिति

**पृष्ठभूमिः**

सुदूरपश्चिम प्रदेश सरकारलाई उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारका कामकारबाहीहरुलाई अनुगमन र मुल्यांकन गरी राय, सल्लाह र सुझाव मार्फत आर्थिक सुशासन कायम गराउन नेपालको संविधान बमोजिम प्रदेश सभामा विभिन्न विषयगत समितिहरु रहने व्यवस्था सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १५० ले गरेको छ । सोही नियमावलीको नियम १५३ मा विषयगत समितिहरुको काम, कर्तव्य र अधिकार सम्बन्धमा विस्तृतीकरण गरिएको छ भने नियम १४८ मा सार्वजनिक लेखा समितिको कार्यक्षेत्र बारे उल्लेख गरिएको छ । समितिले उक्त नियममा उल्लेखित कार्यक्षेत्र बमोजिम आफ्ना कामकारबाहीहरु संचालन गर्दै आएको छ ।

वन निर्देशनालय, धनगढी, कैलालीका निमित्त वन निर्देशक कृष्ण दत्त भट्टले आफु मातहतका विभिन्न जिल्लाहरुबाट मासिक मोटो रकम असुल्ने गरेको कुरा निज स्वयंले सामाजिक संजालमा सार्वजनिक भएको भिडियोमा बोलेको, वहालवाला उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीलाई अस्लिल गाली गलौज गरेको हुँदा निजामती सेवा ऐन विपरित अनुशासनहीन र गैर जिम्मेवार कार्य समेत गरेको छ । यस बाहेक निजले आफ्नो श्रीमती जानकी चटौत समेतका नाममा निमित्त वन निर्देशकको प्रभावमा आफैले प्रस्ताव लेखी गरिब र विपन्न वर्गका किसानका लागि छुट्याइएको अनुदान रकम निजले आफ्नै जग्गामा लगानी गरी सरकारी अनुदानको दुरुपयोग गरेकोले छानबिन गरी कारबाहीका लागि भनी निज बिरुद्ध समिति उजुरी परेको थियो । ततपश्चात सार्वजनिक लेखा समितिको मिति २०८०/०५/०४ गते बसेको वैठकमा उक्त उजुरी माथि व्यापक छलफल भए पश्चात पाँच सदस्यीय उपसमिति गठन गर्ने निर्णय गरेको थियो ।

**उपसमितिको गठन :**

सार्वजनिक लेखा समितिको मिति २०८०/०५/०४ गते बसेको आठौं वैठकबाट सुदूरपश्चिम प्रदेशको वन निर्देशनालय, धनगढी, कैलालीमा कार्यरत निमित्त वन निर्देशक कृष्ण दत्त भट्टको सार्वजनिक भएको भिडियो प्रकरण सम्बन्धमा छानबिन गरी कारबाहीका लागि समितिमा उजुरी परेकाले सो सम्बन्धी अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न माननीय मान बहादुर धामीको संयोजकत्वमा माननीय बेल बहादुर राना मगर, माननीय खेमा देवी विष्ट, माननीय टिका थापा र माननीय बिर बहादुर थापा रहेको एक उपसमिति गठन गर्ने निर्णय गरेको थियो ।

**उपसमितिको गठनको उद्देश्य, कार्यक्षेत्र र समयावधि :**

सुदूरपश्चिम प्रदेशको वन निर्देशनालय, धनगढी, कैलालीमा कार्यरत निमित्त वन निर्देशक कृष्ण दत्त भट्टले विभिन्न जिल्लाहरुबाट रकम असुल सम्बन्धमा सार्वजनिक भएको भिडियो प्रकरण र डडेल्धुरा जिल्ला अजयमेरु गाउपालिका वडा नं. ३ मा अवस्थित भद्रपुर एकीकृत कृषि तथा पशुपन्छी फर्मका संचालक निज

कृष्ण दत्त भट्टकी श्रीमती जानकी चटौत रहेको उक्त फर्ममा गरिब र विपन्न वर्गका किसानका लागि छुट्याइएको अनुदान रकमको दुरुपयोग सम्बन्धमा छानबिन गरी सोको निष्कर्ष र समितिले लिनुपर्ने निर्णय र दिनुपर्ने निर्देशन सम्बन्धमा समितिमा सुझाव पेश गर्नु रहेको थियो ।

निमित्त वन निर्देशक कृष्ण दत्त भट्टको भिडियो प्रकरण र भद्रपुर एकीकृत कृषि तथा पशुपन्छी फर्मलाई आर्थिक वर्ष २०७९/०८० मा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट वितरण गरिएको अनुदान रकम सम्बन्धमा छानबिन गरी सुझाव सहित १५(पन्ध्र) दिनभित्र समितिमा प्रतिवेदन पेश गर्ने ।

<u>भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, डडेल्धुरामा अनुदान सम्बन्धी कागजातहरुको अध्ययन तथा छलफल</u> :

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुरामा गई भद्रपुर एकीकृत कृषि तथा पशुपन्छी फर्मलाई वितरण गरिएको अनुदान सम्बन्धी कागजातहरु अध्ययन गर्दा निम्न बमोजिमको अवस्था रहेको छ :

- भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र डडेल्धुराले मिति २०७९/०४/२४ गते पशुपन्छी विकास कार्यालयको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना प्रकाशित गरेको ।
- मिति २०७९/०८/१९ गते पशु चिकित्सक श्री देव राज भट्टको अध्यक्षतामा अनुदान व्यवस्थापन समितिको वैठक बसी कमला कुमारी पाण्डेय, जानकी चटौत र विस्ना देवी भट्ट गरी जम्मा तीन जना संचालक रहेको भद्रपुर एकीकृत कृषि तथा पशुपन्छी फर्मलाई छनोट गर्ने निर्णय गरेको ।
- उक्त फर्मसँग मिति २०७९/०९/११ गते सम्झौता गरी सोही मितिमा २०७९ साल चैत्र मसान्तसम्म कार्यसम्पन्न गर्ने गरी कार्यादेश दिइएको ।
- फर्मले कार्यसम्पन्न गरे पश्चात कार्यसम्पन्न प्रतिवेदन (मिति नखुलेको) पेश गरी सम्झौता बमोजिम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराबाट रु ११,२१,२००। (एघाह्र लाख एक्काइस हजार दुई सय मात्र) रकम भुक्तानी लिएको ।

<u>भद्रपुर एकीकृत कृषि तथा पशुपन्छी फर्म, डडेल्धुरामा स्थलगत अवलोकन</u> :

यस फर्मको स्थलगत अवलोकन गर्दा संचालक कमला पाण्डेयका श्रीमान् रमेश भट्टका अनुसार हाल साना र ठुला गरी जम्मा बाख्राको संख्या ३९ रहेका छन्, नर्सरी व्यवस्थापनका लागि २ जना कामदार

र बाख्रालाई चरन तथा खोरको रेखदेखका लागि २ जना कामदार रहेको छन् । यस्तै अवलोकन गर्दा देहाय बमोजिमको अवस्था रहेको देखियो ।

- बाख्राको बासस्थानका लागि खोर संख्या-१ निर्माण भएको,
- प्रजननका लागि बोका संख्या-१ रहेको,
- मोटरेबल च्यापकटर संख्या-१ रहेको,
- Disinfect Machine संख्या-१ रहेको,
- डिपिङ टयाङ्क ट्रे रहेको,
- फिडर ड्रिङ्कर ट्र रहेको,
- विभिन्न जातका विरुवाहरु जस्तै श्रीखण्ड, रक्तचन्दन, ओखड, बोदिचित्त, जापनिज कटुस, अगरउड, बाँस, कोइरालो टाँकी, निम, बकाइनो, सतुवा लगायत विभिन्न जातका विरुवाहरु उत्पादन भइरहेका ।

संचालक कमला पाण्डेयका श्रीमान् रमेश भट्टसँग अन्तरक्रिया गर्दा हाल चार जना मात्र कामदार रहेकोमा थप २ जना कामदार थप्ने योजना रहेको बताउनु भयो । सरसर्ती हेर्दा बाख्रा पालनका लागि उपयुक्त वातावरण समेत रहेको देखियो ।

**<u>स्थलगत अवलोकनको निष्कर्ष तथा सुझाव</u> :**

**<u>निष्कर्ष</u> :**

- भद्रपुर एकीकृत कृषि तथा पशुपन्छी फर्म, आलीताल-३, डडेल्धुरालाई भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, डडेल्धुरा बीच आर्थिक वर्ष २०७९/०८० मा प्रथम पक्षले ११,४०,०००। र दोश्रो पक्षले ११,४०,०००। व्यहोर्ने गरी खोर निर्माण, मेशिनरी उपकरणहरु खरिद, माउ बाख्रा तथा बोका खरिद, नर्सरी निर्माण लगायतका लागि सम्झौता भई फर्मले विभिन्न जातका विरुवाहरु जस्तै श्रीखण्ड, रक्तचन्दन, ओखड, बोदिचित्त, जापनिज कटुस, अगरउड, बाँस, कोइरालो टाँकी, निम, बकाइनो, सतुवा लगायतका विरुवाहरु उत्पादन भइरहेको हुँदा सम्झौता बमोजिमका कार्यहरु गरेको देखियो ।

- कृष्ण दत्त भट्टको सार्वजनिक भएको भिडियो प्रकरण सम्बन्धमा निजलाई उपसमितिमा बोलाई सोधपुछ गर्दा निजले भिडियोमा देखिएको व्यक्ति आफु भएको, भिडियो आफ्नो क्वाटरमा खिचिएको हो तर भिडियोमा भएको अडियो आफ्नो नभएको भन्ने बयान दिएका छन् । भिडियोमा देखिएको हावभाव र अडियोको अध्ययन गर्दा निज कृष्ण दत्त भट्ट स्वयंको भएको जस्तो देखिए तापनि अहिलेको युग प्रविधिको युग भएको र प्रविधिको दुरुपयोग गरी जस्तो सुकै अडियो पनि राख्न सकिने सम्भावनालाई मध्येनजर गर्दै यसलाई प्रमाणित गर्नका लागि ल्याब टेष्ट नै गर्न आवश्यक देखिएको छ ।

**<u>सुझावहरु</u> :**

सामाजिक संजालबाट सार्वजनिक भएको निमित्त वन निर्देशक कृष्ण दत्त भट्टको भिडियो प्रकरण सम्बन्धी अध्ययनबाट उपसमितिले सार्वजनिक लेखा समितिबाट देहाय बमोजिमका निर्देशन तथा सुझावहरु दिन उपयुक्त हुने निष्कर्ष निकालेको छ :

- कृष्ण दत्त भट्टले भिडियोमा देखिएको व्यक्ति आफु भए तापनि आवाज आफ्नो नभएको भन्ने बयान उपसमितिलाई दिएकाले यस सम्बन्धमा भिडियोमा भएको अडियो निज कृष्ण दत्त भट्टको हो वा होइन परीक्षण गरी आवश्यक कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सिफारिस गर्ने ।

- कृष्ण दत्त भट्टको भिडियो प्रकरण सम्बन्धमा छानबिन नटुङ्गिएसम्म निजलाई आर्थिक दायित्व सहितको जिम्मेवारीबाट बन्चित गराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले डडेल्धुरा जिल्ला अजयमेरु गाउपालिका वडा नं. ३ मा अवस्थित भद्रपुर एकीकृत कृषि तथा पशुपन्छी फर्मको संचालकमा कृष्ण दत्त भट्टकी श्रीमती जानकी चटौतको सहभागिता नरहेको भनी झुट्टा विवरण उपसमितिमा पेश गरेकाले उक्त मन्त्रालयलाई सचेत गराउने ।

## स्थलगत अवलोकनका दृष्यहरु :






भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र डडेल्धुरामा छलफल गर्दै









प्रजननका लागि बोका









**<u>प्रतिवेदन प्रस्तुतकर्ता :</u>**

| | |
|---|---|
| माननीय मान बहादुर धामी | - संयोजक |
| माननीय खेमा देवी विष्ट | - सदस्य |
| माननीय टिका थापा | - सदस्य |
| माननीय बिर बहादुर थापा | - सदस्य |
| माननीय बेल बहादुर रानामगर | - सदस्य |

प्रदेश सभा

# सार्वजनिक लेखा समिति

# बेरुजु अध्ययन उपसमितिद्वारा तयार गरिएको

# प्रतिवेदन, २०८१

## प्रस्तुतकर्ता

| | |
|---|---|
| माननीय सन्तोष कुमारी शर्मा थापा | - संयोजक |
| माननीय अक्कल बहादुर रावल | - सदस्य |
| माननीय खेमा देवी विष्ट | - सदस्य |
| माननीय गीता देवी माल | - सदस्य |
| माननीय बेल बहादुर राना मगर | - सदस्य |

## सचिवालय कर्मचारीहरु

श्री प्रेम कटेल - कम्प्युटर अधिकृत

२०८१ कार्तिक

# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु अध्ययन उपसमिति
## सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

प.सं. :- २०८१/०८२

च.नं. :-

मिति :- २०८१/०७/२१

माननीय सभापतिज्यू,

सार्वजनिक लेखा समिति, सुदूरपश्चिम प्रदेश ।

**विषय :- प्रतिवेदन पेस गरिएको बारे ।**

प्रस्तुत विषयमा सार्वजनिक लेखा समितिको मिति २०८१/०५/२५ गते बसेको ४७ औं वैठकबाट महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदनमा उल्लेखित सामाजिक विकास मन्त्रालयको दफा ८ र दफा ९ साथै समितिको मिति २०८१/०६/०६ गते बसेको वैठकबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको दफा ४ र दफा ५ माथि अध्ययन गरी प्रतिवेदन पेस गर्न यस उपसमितिको गठन गरिएकोमा कार्यसम्पन्न गरी तयार पारिएको प्रतिवेदन समिति समक्ष पेस गरेका छौं ।

सन्तोष कुमारी शर्मा थापा
संयोजक

| | | |
|---|---|---|
| अक्कल बहादुर रावल<br>सदस्य | खेमा देवी विष्ट<br>सदस्य | गीता देवी माल<br>सदस्य |

बेल बहादुर राना मगर
सदस्य

# बेरुजु अध्ययन उपसमिति

**गठन मिति : २०८१/०५/२५**

**कार्यारम्भ मिति : २०८१/०५/२५**

**थप जिम्मेवारी तोकिएको मिति : २०८१/०६/०६**

**उपसमितिका माननीय सदस्यहरु :**

| क्र.सं. | नाम,थर | पद | कैफियत |
|---|---|---|---|
| १ | माननीय सन्तोष कुमारी शर्मा थापा | संयोजक | |
| २ | माननीय अक्कल बहादुर रावल | सदस्य | |
| ३ | माननीय खेमा देवी विष्ट | सदस्य | |
| ४ | माननीय गीता देवी माल | सदस्य | |
| ५ | माननीय बेल बहादुर राना मगर | सदस्य | |

**उपसमितिमा आमन्त्रित माननीय सभापति :**

| क्र.सं. | नाम,थर | पद | कैफियत |
|---|---|---|---|
| १ | माननीय विक्रम सिंह धामी | समिति सभापति | |

उपसमिति सचिवालयमा कार्यरत कर्मचारीहरु :

| क्र.सं. | नाम,थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री प्रेम कटेल | कम्प्युटर अधिकृत | |

संलग्न विज्ञ परामर्शदाता :

| क्र.सं. | नाम,थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री बालकृष्ण जोशी | पूर्व लेखा अधिकृत | |

# मन्तव्य

माननीय सभापतिज्यू,

सार्वजनिक लेखा समितिको मिति २०८१/०५/२५ गते बसेको ४७ औं वैठकबाट महालेखापरीक्षकको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदनमा उल्लेखित सामाजिक विकास मन्त्रालयको दफा ८ मा शिक्षा विकास निर्देशनालयले ८४ विद्यालयका ट्रस भवनको निर्माण कार्य गरी रु ४ करोड २३ लाख १९ हजार भुक्तानी गरेको सम्बन्धमा र दफा ९ मा उल्लेखित कैलाली, डोटी, बाजुरा र बझाङका १२ विद्यालयहरुले एउटै फोटो प्रमाणित गरी पेश गरेको आधारमा रु ६० लाख भुक्तानी दिएको सम्बन्धमा स्थलगत अवलोकन गरी वास्तविक वस्तुस्थिति विवरण सहित १५ (पन्ध्र) दिन भित्र समितिमा प्रतिवेदन पेश गर्न पाँच सदस्यीय बेरुजु अध्ययन उपसमितिको गठन गरेकोमा विविध कारणले समयमै कार्यसम्पन्न गर्न नसकेको हुँदा मिति २०८१/०६/०६ गते बसेको समितिको वैठकबाट यस उपसमितिलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको दफा ४ र दफा ५ सम्बन्धमा समेत अध्ययन गरी प्रतिवेदन पेश गर्न थप कार्यजिम्मेवारी सहित दुई महिनाको लागि समयावधि तोकिएको थियो । तत् पश्चात यस उपसमितिले विभिन्न समयमा कार्यालयका कर्मचारीहरुसँग, स्थलगत अवलोकन तथा सर्वसाधारण नागरिकहरुसँग समेत औपचारिक तथा अनौपचारिक रुपमा छलफल गरी सम्बद्ध विषयको बारे सूचना तथा जानकारी प्राप्त गर्ने कार्य गरेको थियो ।

माननीय सभापतिज्यू,

उपसमितिले सर्वप्रथम सामाजिक विकास मन्त्रालयको दफा ८ मा उल्लेखित ८४ विद्यालयका ट्रस भवनहरु निर्माणमा रु ४ करोड २३ लाख १९ हजार भुक्तानी गरेको सम्बन्धमा र दफा ९ मा १२ वटा विद्यालयहरुले एउटै फोटो प्रमाणित गरी रु ६० लाख भुक्तानी दिएको सम्बन्धमा शिक्षा विकास निर्देशनालयबाट कागजातहरु झिकाई अध्ययन गरेको थियो । उपसमितिले तपसिलका ट्रस भवनहरुको स्थलगत अवलोकन गरेको थियो :

१. राष्ट्रिय आधारभूत विद्यालय, महाकाली-७, कंचनपुर
२. गौरीशंकर आधारभूत विद्यालय, भिमदत्त-३, कंचनपुर
३. सु.प.समावेशी आधारभूत विद्यालय, गोदावरी-२, कैलाली
४. जनता प्रा.वि., गौरीगंगा-६, कैलाली
५. आदर्श आधारभूत विद्यालय, मौहुलिया, गौरीगंगा-७, कैलाली
६. भूमिराज आधारभुत विद्यालय, दोगडाकेदार-२, बैतडी
७. अरुणोदय आधारभुत विद्यालय, उडितोला, दि.सि.न.पा.-१३, डोटी
८. वैजनाथ आधारभुत विद्यालय, अमरगढी-४, डडेल्धुरा
९. नवदुर्गा आधारभुत विद्यालय, बान्निगडी जयगढ-२, अछाम

उपसमितिको मिति २०८१/०६/११ गते बसेको बैठकको निर्णयानुसार मिति २०८१/०६/१३ गतेदेखि मिति २०८१/०६/१९ गतेसम्म डोटी जिल्लास्थित शिक्षा विकास निर्देशनालयमा गई ८४ वटै विद्यालयहरुको सक्कलै कागजातहरुको अध्ययन गरेको थियो । अध्ययनको क्रममा अछाम जिल्लाको कमलबजार-२ मा श्री शक्ति आधारभूत विद्यालयको दुई कोठे ट्रस भवन निर्माणका लागि निर्देशनालयबाट प्रथम किस्ता बाफत रु ३,२०,०००। (तीन लाख बीस हजार मात्र) रकम उपलब्ध गराइएकोमा सम्झौता अनुसारको काम नगरी पेश्की फछ्यौट गर्न समेत नआएको देखिन्छ । निर्देशनालयले उक्त बेरुजु रकम फछ्यौटका लागि पत्राचार गर्दा समेत विद्यालय व्यवस्थापन समितिबाट बेवास्ता गरेकाले उक्त रकम असुल उपर गर्नुपर्ने देखिन्छ । श्री भूमिराज आधारभूत विद्यालय, दोगडाकेदार-२, बैतडीले भवन निर्माणाधीन रहेको अवस्थामा पहिरोको कारण भवनको पर्खाल भत्किन गएकाले समयमै कार्य सम्पन्न नहुँदा रु १२,८८,००० (बाह्र लाख अठासी हजार मात्र) रकम भुक्तानी भएको र बाँकी रकम फ्रिज भएको देखिन्छ । सुदूरपश्चिम प्रदेश सरकारको अनुदान तथा सहायता रकम निकासा एवम् कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा ४ को खण्ड (च) मा शैक्षिक संस्थाले कुल लागतको पाँच प्रतिशत श्रमदान जुटाउनु पर्ने व्यवस्था बमोजिम उक्त विद्यालयले सम्पन्न गरेको कार्यमा श्रमदान बाफत हुन आउने रकम रु ६४,४००। (चौसठी हजार चार सय) बराबरको कार्य नगरेको देखिन्छ । यस उपसमितिले उक्त विद्यालयको स्थलगत अवलोकन गर्दा जम्मा विद्यालयमा तीन कक्षासम्म पढाई हुने, एक जना बालविकास तर्फ र एक जना स्थानीय तहबाट तलब भत्ताको व्यवस्था हुने गरी एक शिक्षक, जम्मा विद्यार्थी संख्या-१२ जना र कक्षामा बेन्च, डेक्सको समेत व्यवस्था नभएको देखियो । १०-१२ घरधुरी रहेको उक्त क्षेत्रमा विद्यार्थीहरु पढ्नका लागि नजिकैको माध्यामिक विद्यालयमा जाने गरेकोले उक्त विद्यालयलाई बालविकाससम्म मात्र अध्ययन गराउने योजना रहेको जानकारी पाइयो ।

अन्य विद्यालयहरुको स्थलगत अवलोकन गर्दा सबै विद्यालयहरुमा सम्झौता बमोजिम दुई कोठे ट्रस भवनहरु निर्माण गरिएको देखिन्छ । कुनै विद्यालयहरुले सामाजिक विकास मन्त्रालयबाट सहमति लिई ट्रस नबनाई ल्यान्टर गरेको र हाल विद्यार्थीहरुले पठन पाठन गरिरहेको देखिन्छ ।

स्थलगत अवलोकन गरिएका दफा ९ सँग सम्बन्धित विद्यालयहरु :

१. श्री जनता राष्ट्रिय माध्यामिक विद्यालय, धनगढी-१३ कैलाली गाउँ, कैलाली
२. श्री अमर माध्यामिक विद्यालय, वनबेहडा, गौरीगंगा-६, कैलाली
३. श्री फुलबारी आधारभूत विद्यालय, धनगढी-१९, कैलाली
४. श्री नवजीवन प्रा.वि. गौरीगंगा-१, कैलाली
५. श्री भैरव माध्यामिक विद्यालय, गौरीगंगा-६, कैलाली

शिक्षा विकास निर्देशनालयले विभिन्न मितिमा १२ वटा विद्यालयहरुले एउटै फोटो प्रमाणित गरी पेश गरेको आधारमा रु ६० लाख भुक्तानी गरेको सम्बन्धमा स्थलगत अवलोकन गरी प्रतिवेदन पेस गर्न

निर्देशनालयका कर्मचारीहरुलाई जिम्मेवारी तोकी निजहरुले पेश गरेको प्रतिवेदन सहित उपसमितिले अन्य कागजातहरुको अध्ययन तथा स्थलगत अवलोकन गर्दा बाह्र मध्ये ६ वटा विद्यालयहरुले Specification मध्ये 1 Mbps क्षमताको Internet जडान नगरेको देखिएकाले उक्त विद्यालयहरुबाट सो बापत विलमा उल्लेख भएको रकम रु १८,०००। (अठाह्र हजार मात्र) असुल उपर गर्नु पर्ने देखिन्छ ।

माननीय सभापतिज्यू,
अध्ययनकै क्रममा उपसमितिले कृषि ज्ञान केन्द्र, डडेल्धुरामा गई उक्त कार्यालयबाट दोगडा भूमिराज फलफुल प्रशोधन उद्योग, अमरगढी -५, डडेल्धुरालाई वितरण गरिएको अनुदान रकमको सम्बन्धमा सम्पूर्ण कागजातहरुको अध्ययन गर्ने कार्य गरिएको थियो । अध्ययनका क्रममा कार्यालयबाट सम्झौता गर्दा देखि रकम भुक्तानीको प्रक्रियासम्म अपनाउनु पर्ने सामान्य प्रक्रिया पनि पालना नगरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको विपरीत कार्यहरु गरेको देखियो । तर उक्त प्रशोधन केन्द्र वरपरका नागरिकहरुसँग सोधपुछ गर्नुका साथै स्थलगत अवलोकन गर्दा प्रशोधन केन्द्रको भवन निर्माण भएको, सामाग्रीहरु खरिद गरी जडान गरिएको तथा २-३ पटक संचालन समेत गरिसकेको देखिन्छ ।

आर्थिक वर्ष २०७६/०७७ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत विभिन्न ब्लक कार्यक्रम संचालन गर्नका लागि कृषि ज्ञान केन्द्र, डडेल्धुराबाट १५ वटा ब्लक संचालक समितिहरुलाई प्रति संचालक समिति रु २५ लाखका दरले अनुदान रकम वितरणका लागि सम्झौता गर्दा कार्यविधि विपरीत हुने गरी ब्लक संचालक समितिहरुलाई व्यवस्थापन खर्च र वैठक खर्च उपलब्ध गराएको देखिन्छ । त्यस्तै विभिन्न फर्महरुलाई तरकारी पकेट, फलफुल पकेट, कफी पकेट लगायत संचालनका लागि रु ५ लाखका दरले अनुदान उपलब्ध गराउदा समेत अनुदान कार्यविधि विपरीत हुने गरी व्यवस्थापन खर्च उपलब्ध गराएको देखिन्छ । त्यसैले रु २५ लाख बराबरको अनुदान उपलब्ध गराइएका १५ वटा ब्लक संचालक समितिहरुबाट व्यवस्थापन खर्च र वैठक खर्च वापत जम्मा रु १६,२६,६२५। (सोह्र लाख छब्बिस हजार छ सय पच्चीस मात्र) र रु ५ लाख बराबरको अनुदान उपलब्ध गराइएका फर्महरुबाट व्यवस्थापन खर्च वापत रु ७,५०,४६०। (सात लाख पचास हजार चार सय साठी मात्र) असुल उपर गर्नु पर्ने व्यहोरा प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

अन्तमा, यस उपसमितिले विभिन्न माध्यमबाट गरेको अध्ययनबाट शिक्षा विकास निर्देशनालय, डोटीबाट जम्मा ४,२८,०००। (चार लाख अठाइस हजार मात्र) र कृषि ज्ञान केन्द्र, डडेल्धुराबाट जम्मा २३,७७,०८५। (तेइस लाख सतहत्तर हजार पचासी मात्र) गरी कुल जम्मा २८,०५,०८५। (अठाइस लाख पाँच हजार पचासी मात्र) रकम असुल गर्नुपर्ने देखिएको हुँदा यस कार्यमा आफ्नो अमुल्य समयका

बावजुत उपसमितिमा रहेर समितिले तोकेको कार्यदिश बमोजिम नतिजामा पुग्न योगदान गर्नु हुने यस उपसमितिका माननीय सदस्यज्यूहरु, उपसमिति सचिव प्रेम कटेल, विभिन्न समयमा सल्लाह सुझाव प्रदान गर्नुहुने समितिका सभापति माननीय विक्रम सिंह धामीलाई हृदयदेखि नै धन्यवाद व्यक्त गर्दछु ।
२०८१ कार्तिक २१

सन्तोष कुमारी शर्मा थापा
संयोजक
बेरुजु अध्ययन उपसमिति

## असुल उपर गर्नुपर्ने रकमको विवरण :

**दफा ८ सँग सम्बन्धित विद्यालयका ट्रस भवन अन्तरगत :**

अछाम जिल्लाको कमलबजार-२ मा अवस्थित श्री शक्ति आधारभूत विद्यालयको दुई कोठे ट्रस भवन निर्माणका लागि निर्देशनालयबाट प्रथम किस्ता बाफत रु ३,२०,०००। (तीन लाख बीस हजार मात्र) रकम उपलब्ध गराइएकोमा सम्झौता अनुसारको काम नगरी पेश्की फछ्यौट गर्न समेत नआएको र निर्देशनालयले पटक पटक ताकेता गर्दा समेत जवाफ नदिएकाले उक्त पेश्की रकम असुल गर्नुपर्ने देखिन्छ ।

**रकम असुल गर्नु पर्ने विद्यालयको विवरण :**

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|
| १ | श्री शक्ति आधारभूत विद्यालय | कमलबजार-२, अछाम | ३,२०,०००। |

**दफा ९ सँग सम्बन्धित विद्यालयहरु अन्तरगत :**

यस सम्बन्धमा शिक्षा विकास निर्देशनालयबाट सम्बन्धित कागजातहरु मगाई अध्ययन गरिएकोमा निर्देशनालयले यस सम्बन्धी स्थलगत अवलोकन गरी प्रतिवेदन पेस गर्न निर्देशनालयका कर्मचारीहरुलाई जिम्मेवारी तोकेको थियो । सो सम्बन्धमा उक्त बाह्र वटा विद्यालयहरुमध्ये स्थलगत अवलोकनबाट ६ वटा विद्यालयहरुमा Specification बमोजिम 1 Mbps क्षमताको Internet जडान नगरेको र उक्त विद्यालयहरुबाट विलमा उल्लेख भएको रकम रु १८,०००। (अठाह्र हजार मात्र) असुल गर्ने भनी प्रतिवेदन पेश गरेको देखिन्छ । उपसमितिले समेत कागजातहरु अध्ययन गर्दा र केही विद्यालयहरुमा स्थलगत अवलोकन गर्दा सोही बमोजिम रहेको देखिएकोले तपसिल बमोजिमका विद्यालयहरुबाट उल्लेखित रकम असुल उपर गर्नु पर्ने देखिन्छ ।

**तपसिल :**

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | असुल गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री तमैराज आधारभूत विद्यालय | जोगीकोइराली लेकम-४, दार्चुला | १८,०००। | |
| २ | श्री भैरव माध्यामिक विद्यालय | गौरीगंगा-६, कैलाली | १८,०००। | |
| ३ | श्री जनता राष्ट्रिय माध्यामिक विद्यालय | धनगढी-१३, कैलाली | १८,०००। | |
| ४ | श्री कन्या माध्यामिक विद्यालय | बटुलसेरा, बु.न.पा.-६, बझाङ्ग | १८,०००। | |
| ५ | श्री भवानी आधारभूत विद्यालय | बुँगल-६, बझाङ्ग | १८,०००। | |

| | | | | |
|---|---|---|---|---|
| ६ | श्री महादेव माध्यामिक विद्यालय | अठपाली, बुँगल-७, बझाङ्ग | १८,०००। | |
| जम्मा | | | १,०८,०००। | |

कृषि ज्ञान केन्द्र, डडेल्धुराले विभिन्न ब्लक संचालक समिति तथा फर्महरुलाई सम्झौता गरी कानून विपरीत व्यवस्थापन खर्च र वैठक खर्च उपलब्ध गराएकोले तपसिल बमोजिमको रकम उक्त ब्लक तथा फर्महरुबाट असुल उपर गर्नु पर्ने देखिन्छ ।

**रु २५ लाखका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतका ब्लक संचालक समितिहरुबाट असुल गर्नुपर्ने रकमको विवरण :**

| क.सं. | संचालक समितिको नाम | ठेगाना | व्यवस्थापन खर्च | वैठक खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | घण्टेश्वर तरकारी ब्लक | जोरायल-१, डोटी | - | ७५,०००। | |
| २ | सलोन आलु ब्लक | परशुराम-१, डडेल्धुरा | ३०,२००। | ९०,०००। | |
| ३ | बिरबेताल मकै उत्पादन ब्लक | अजयमेरु-२, डडेल्धुरा | ७०,०००। | ४०,०००। | |
| ४ | जोरायल धान ब्लक | जोरायल-३,४ डोटी | ६७,०००। | ९०,०००। | |
| ५ | परिगाउँ धान उत्पादन ब्लक | परशुराम-५ डडेल्धुरा | ६७,०००। | ९०,०००। | |
| ६ | शिखर धान उत्पादन ब्लक | शिखर-८,१० डोटी | ६७,०००। | ९०,०००। | |
| ७ | जनसहारा केरा उत्पादन ब्लक | आलिताल-७ डडेल्धुरा | ३५,०००। | ५०,०००। | |
| ८ | हम्तड मकैबाली उत्पादन | आलिताल-८ डडेल्धुरा | २०,०००। | - | |
| ९ | बैजनाथ मसला बाली उत्पादन ब्लक | अजयमेरु-२, डडेल्धुरा | ४०,०००। | ४५,०००। | |
| १० | बडीकेदार अदुवा बेसार ब्लक | बडीकेदार-५ डोटी | १,००,०००। | ७५,०००। | |
| ११ | सिमचौर अदुवा ब्लक | बोगटान फुडसिल-१ डोटी | १,००,०००। | ७५,०००। | |
| १२ | सिताराम तरकारी ब्लक | के.आई.सिं-६ डोटी | - | ७५,०००। | |
| १३ | डागेश्वरी भटमास ब्लक | अजयमेरु-६ डडेल्धुरा | ३०,०००। | ६०,०००। | |
| १४ | सवडी भटमास ब्लक | बोगटान फुडसिल-४ डोटी | ४२,७५०। | ४५,०००। | |
| १५ | सालमुनी बहुद्देश्यीय कृषि तथा पशुपन्छी फर्म | दि.सि.न.पा.-३ डोटी | अन्य विविध खर्च ५७,६७५। | - | |
| कुल जम्मा | | | ७,२६,६२५। | ९,००,०००। | |

**रु ५ लाखका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतका विभिन्न फर्महरुबाट असुल गर्नुपर्ने रकमको विवरण :**

| क.सं. | फर्मको नाम | ठेगाना | व्यवस्थापन खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | कैलपाल कृषि पशुपन्छी तथा जडिबुटी | भागेश्वर-४ डडेल्धुरा | ७,५००। | |
| २ | कैलपाल बहुउद्देश्यीय कृषि फर्म | गन्यापधुरा-४ डडेल्धुरा | २०,०००। | |
| ३ | दाजुभाई कृषि तथा पशुपन्छी फर्म | भागेश्वर-२ डडेल्धुरा | १२,५००। | |
| ४ | भागेश्वर बहुउद्देश्यीय | गन्यापधुरा-१, डडेल्धुरा | ७,५००। | |
| ५ | डोगडी अदुवा पकेट | आलीताल-६, डडेल्धुरा | छैन | |
| ६ | शिवनाथ तरकारी उत्पादन पकेट | अ.न.पा.-१, डडेल्धुरा | ७,५००। | |
| ७ | निम्तोला मकै उत्पादन | नवदुर्गा-१, डडेल्धुरा | ३,५००। | |
| ८ | कमैसिल मौरी पकेट | नवदुर्गा-१, डडेल्धुरा | ७,५००। | |
| ९ | लक्षी कृषि तथा पशुपालन व्यवसाय | अजयमेरु-६, डडेल्धुरा | ५,०००। | |
| १० | समैजी कलेना केरा संचालक समिति | परशुराम-१, डडेल्धुरा | ७,५००। | |
| ११ | केदारनाथ कृषि तथा पशुपालन फर्म | आलीताल-६, डडेल्धुरा | १०,०००। | |
| १२ | मकवानपुर मकै उत्पादक पकेट | आलीताल-५, डडेल्धुरा | १०,०००। | |
| १३ | शैलेश्वर ताजा तरकारी प्याकेट | अमरगढी-७, डडेल्धुरा | १०,०००। | |
| १४ | भागेश्वर गणेश शम्भु कृषि तथा पशुपन्छी फर्म | भागेश्वर-४, डडेल्धुरा | ७,५००। | |
| १५ | ससरङ्गी कृषक तोरी पाकेट | परशुराम-६, डडेल्धुरा | ११,५००। | |
| १६ | शिवशक्ति कृषि तथा पशुपन्छी फर्म | दि.सि.न.पा.-४ डोटी | २,५००। | स्थानीय तहको सिफारिस नभएको |
| १७ | भुमिराज कृषि तथा पशुपन्छी पालन फर्म | अमरगढी-८, डडेल्धुरा | ३,५००। | |
| १८ | ढुवाली खेत आलु उत्पादन पकेट | आलीताल-८, डडेल्धुरा | १५,०००। | |
| १९ | मष्टा भटमास पाकेट | गन्यापधुरा-३, डडेल्धुरा | १५,०००। | |
| २० | गौडेश्वर तरकारी पाकेट | नवदुर्गा-१, डडेल्धुरा | ९,५००। | |
| २१ | धारी तरकारी उत्पादन पाकेट | अजयमेरु-४, डडेल्धुरा | ७,५००। | |
| २२ | हरियाली ताजा तरकारी उत्पादन | अजयमेरु-४, डडेल्धुरा | ७,५००। | |
| २३ | कैलपाल मसला उत्पादन पकेट | भागेश्वर-५, डडेल्धुरा | २५,०००। | |
| २४ | साउँद बहुउद्देश्यीय कृषि फर्म | दि.सि.न.पा.-९ डोटी | छैन | |
| २५ | कालिका फलफुल पकेट | जोरायल-६, डोटी | छैन | |
| २६ | नमुना महिला साना तरकारी उत्पादन | जोरायल-३, डोटी | छैन | |
| २७ | लक्ष्मी अदुवा बाली पकेट | पूर्वीचौकी-३, डोटी | ४,७५०। | |
| २८ | खप्तड आलु पाकेट | पूर्वीचौकी-२, डोटी | छैन | |
| २९ | मष्टा आलु बाली पकेट | बोगटान-१, डोटी | १०,०००। | |
| ३० | प्रगतिशिल तरकारी बाली पकेट | बोगटान-६, डोटी | १२,७५०। | |
| ३१ | समैजी साना आलु उत्पादन | जोरायल-२, डोटी | १४,०००। | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | आदर्श महिला अदुवा उत्पादन | बडिकेदार-५, डोटी | ३,०००। | |
| ३३ | नमुना प्रगतिशिल मौरीपालन | बडिकेदार-५, डोटी | छैन | |
| ३४ | लालीगुराँस माहुरी पकेट संचालन | बोगटान-१, डोटी | छैन | |
| ३५ | काफली गन्यास फलफुल तथा तरकारी फर्म | जोरायल-५, डोटी | छैन | |
| ३६ | सिर्जनशिल तरकारी पकेट संचालन समिति | दि.सि.न.पा.-४, डोटी | छैन | |
| ३७ | मल्लो तरकारी फर्म | जोरायल-१, डोटी | ६,६००। | |
| ३८ | सिद्धनाथ तरकारी उत्पादन पकेट | शिखर-११, डोटी | ६,२५०। | |
| ३९ | हरियाली तरकारी पाकेट | आदर्श-५, डोटी | ६,०००। | |
| ४० | ठुलदाई कृषि फर्म | शिखर-१०, डोटी | छैन | |
| ४१ | आगन कृषि फर्म | बोग्टान-२, डोटी | छैन | |
| ४२ | बहादुर रोकाया कृषि प्रा.लि. | आदर्श-३, डोटी | ४,०००। | |
| ४३ | सानीखैगाड मकै पकेट | जोरायल-१, डोटी | ५,९५०। | |
| ४४ | मष्टा तरकारी बाली पकेट | शिखर-९, डोटी | छैन | |
| ४५ | विमला बहुउद्देश्यीय कृषि फर्म | सायल-५, डोटी | छैन | गोबर मलको दर उच्च रहेको |
| ४६ | चौफाल अदुवा बेसार खेती | शिखर-६, डोटी | ४,७५०। | |
| ४७ | देव कृषि तथा पशुपन्छी पालन फर्म | दि.सि.न.पा-८, डोटी | ५,०००। | |
| ४८ | अर्गानिक मह उत्पादन पकेट | आलीताल-४, डडेल्धुरा | ७,५००। | |
| ४९ | एस.बि. कृषि तथा पशुपालन फर्म | अजयमेरु-२, डडेल्धुरा | १२,६२५। | |
| ५० | भित्रीसैन मकै उत्पादन पाकेट | आलीताल-५, डडेल्धुरा | २०,०००। | |
| ५१ | जहल तिलेता आलु उत्पादन पकेट | आलीताल-५, डडेल्धुरा | १५,०००। | |
| ५२ | बिरबेताल बहुउद्देश्यीय फर्म | अजयमेरु-३, डडेल्धुरा | १७,०००। | |
| ५३ | भैरव तरकारी पकेट संचालन | अजयमेरु-२, डडेल्धुरा | छैन | |
| ५४ | रुपाल मकै पकेट | भागेश्वर-२, डडेल्धुरा | छैन | |
| ५५ | बटेत तरकारी पकेट | नवदुर्गा-३, डडेल्धुरा | ७,३००। | |
| ५६ | दुर्गादेवी अदुवा बाली पकेट | जोरायल-२, डोटी | २५,०००। | |
| ५७ | वनस्पति तथा कृषि नरसरी उत्पादन | अमरगढी-४, डडेल्धुरा | छैन | |
| ५८ | देवराज सुन्तला जात नरसरी | भागेश्वर-५, डडेल्धुरा | २,८००। | |
| ५९ | जनचाहाना तरकारी पकेट | भागेश्वर-४, डडेल्धुरा | छैन | |
| ६० | कैलपाल बहुउद्देश्यीय तरकारी पकेट | गन्यापधुरा-३, डडेल्धुरा | १३,५००। | |
| ६१ | लालीगुराँस भटमास पकेट | पूर्वीचौकी-१, डोटी | ८,०००। | |
| ६२ | कालीका तरकारी पकेट | पुर्वीचौकी-१, डोटी | ३,०००। | |
| ६३ | मालिका फलफुल तरकारी पकेट | सायल-६, डोटी | १२,७५०। | |
| ६४ | बडिकेदार पशुपालन कृषि तथा जडिबुटी फर्म | बडिकेदार-४, डोटी | १३,२५०। | |
| ६५ | एलिसा कृषि तथा पशुपन्छी फर्म | दि.सि.न.पा-१, डोटी | ४,४१०। | |

| | | | | |
|---|---|---|---|---|
| ६६ | मोहन्याल भटमास पकेट | के.आई.सिं-२, डोटी | १२,०००। | |
| ६७ | छडिमेलछडी मसला बाली पकेट | बडिकेदार-५, डोटी | ४,७५०। | |
| ६८ | स्वाबलम्बन मकै पकेट | के.आई.सिं-१, डोटी | १२,०००। | |
| ६९ | नवदुर्गा बहुउद्देश्यीय सुन्तला पकेट | बोगटान-७, डोटी | १३,२५०। | |
| ७० | सुर्यज्योती कृषि तरकारी फर्म | के.आई.सिं-६, डोटी | ११,८२५। | |
| ७१ | ढुम्के कृषि तथा पशुपन्छी फर्म | दि.सि.न.पा-७, डोटी | छैन | |
| ७२ | सवडी तरकारी पकेट | बोगटान-४, डोटी | ६,२५०। | |
| ७३ | देहिमाण्डौं सिर्जनशील कृषि तथा पशुपालन फर्म | आदर्श-३, डोटी | १५,७००। | |
| ७४ | जनचेतना तरकारी पकेट संचालक समिति | सायल-५, डोटी | ४,०००। | |
| ७५ | सफल अदुवा बाली पकेट | सायल-३, डोटी | ४,७५०। | |
| ७६ | उवादेउ तरकारी बाली पकेट | बोगटान-४, डोटी | छैन | |
| ७७ | त्रिवेणी आलु पकेट संचालक समिति | सायल-३, डोटी | १०,०००। | |
| ७८ | जयश्री मष्टा बहुउद्देश्यीय कृषि तथा पशुपन्छी पालन फर्म | के.आई.सिं-३, डोटी | छैन | |
| ७९ | जनजाती मसला बाली पकेट | बडिकेदार-४, डोटी | ४,७५०। | |
| ८० | ओली उत्थान तरकारी पकेट | के.आई.सिं-३, डोटी | ३,०००। | |
| ८१ | भगवती तरकारी बाली पकेट | के.आई.सिं-५, डोटी | ४,०००। | |
| ८२ | सफल तरकारी पकेट | दि.सि.न.पा-५, डोटी | १०,०००। | |
| ८३ | उदिप कृषि तथा भेटनरी फर्म | नवदुर्गा-४, डडेल्धुरा | ७,०००। | |
| ८४ | समैजी कलेना केरा पकेट | परशुराम-१, डडेल्धुरा | ७,५००। | |
| ८५ | तेकुण्डाडा केरा उत्पादन पकेट | आलीताल-८, डडेल्धुरा | १०,०००। | |
| ८६ | करेनी धनुके आलु उत्पादन | परशुराम-८, डडेल्धुरा | १५,०००। | |
| ८७ | कोलखान सुन्तला पकेट | परशुराम-१, डडेल्धुरा | २०,०००। | |
| ८८ | केदार बाख्रापालन तथा कृषि तरकारी | अजयमेरु-४, डडेल्धुरा | २०,०००। | |
| ८९ | सुरपाल तोरी उत्पादन पकेट | परशुराम-११, डडेल्धुरा | ७,५००। | |
| ९० | नवदुर्गा मकै पकेट | नवदुर्गा-१, डडेल्धुरा | ७,५००। | |
| ९१ | कोटेली आलु उत्पादन पकेट | नवदुर्गा-१, डडेल्धुरा | २२,५००। | |
| ९२ | बाँजकोटी मकै पकेट | पूर्वीचौकी-३, डोटी | १५,०००। | |
| ९३ | बडिमालिका ताजा तरकारी उत्पादन पकेट | के.आई.सिं-६, डोटी | ५,०००। | |
| ९४ | कैलपाल कृषि तथा भैंसीपालन फर्म | गन्यापधुरा-१, डडेल्धुरा | ७,०००। | |
| ९५ | लोपा अदुवा उत्पादन पकेट | परशुराम-३, डडेल्धुरा | २२,०००। | |
| ९६ | कोदो उत्पादन पकेट | आदर्श-३, डोटी | १०,०००। | |
| ९७ | गणेशायनमः कृषि फर्म | अमरगढी-१, डडेल्धुरा | छैन | |
| **जम्मा** | | | ७,५०,४६०। | |

## दोगडा भूमिराज फलफुल प्रशोधन उद्योग, अमरगढी -५, डडेल्धुरा

उपसमितिले यस सम्बन्धमा कृषि ज्ञान केन्द्र, डडेल्धुरामा कागजातहरुको अध्ययन गर्दा तपसिल बमोजिम रहेको देखियो :

१. कार्यालयले प्रथम पटक मिति २०७६/१०/२९ गते २१ दिने सूचना प्रकाशन गरेको :- उक्त सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन नगरेको ।
२. प्रथम प्रकाशित सूचनाबाट कुनै पनि आवेदन नपरेकाले पुनः ३० दिनपछि मिति २०७६/१२/०१ मा ३० दिने सूचना प्रकाशन गरिएकोमा कुन पत्रिकामा प्रकाशित भएको हो उल्लेख नगरेको ।
३. मिति २०७७ साल वैशाख ३१ गते मात्र बलदेव भट्टको निवेदन पेश भएको र कार्यालयले पनि सोही दिन दर्ता गरेको, ६० औं दिनमा ।
४. सूचना प्रकाशित भएको म्याद समाप्त भएको १ महिना पछि मात्र दर्ता हुन आएको ।
५. प्रशोधन केन्द्रको छनौट गर्दा कृषिजन्य उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को दफा ४ को उपदफा (३) बमोजिमको समितिबाट अनुसूची ४ बमोजिम मुल्यांकन नगरेको ।
६. मिति २०७७/०२/१३ मा उक्त दोगडा भूमिराज फलफुल प्रशोधन उद्योग छनौट गरी सम्झौताको लागि १५ दिने म्याद दिई आह्वान गरिएको ।
७. मिति २०७७/०३/१० मा उक्त उद्योगसँग सम्झौता गरी सोही दिन कार्यालयले कार्यदिश दिइएको र मिति २०७७/०३/२५ भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको, वैंक ग्यारेन्टी समेत नलिएको ।
८. मिति २०७७/०३/३० गते गोश्वारा भौचर नं. ८२५ मा रु ५०,००,०००। (पचास लाख) बाट धरौटी रकम रु २,५०,०००। (दुई लाख पचास हजार) र अग्रिम आयकर रु ७५,०००। (पचहत्तर हजार) कट्टी गरी ४६,७५,०००। (छयालिस लाख पचहत्तर हजार) रकम एकमुष्ट भुक्तानी गरिएको पाइयो ।
९. कृषि ज्ञान केन्द्रबाट मिति २०७७/०४/२२ मा श्री नेपाल वैंक लिमिटेड, डडेल्धुरा शाखालाई दोगडा भूमिराज फलफुल प्रशोधन उद्योगको हि.नं. १६३००१०६८६२३८३००००01 मा रहेको रकम भुक्तानी रोक्का गरिएको देखिन्छ ।
१०. मिति २०७७/०३/२५ भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा मिति २०७७/०३/३० गते उक्त फर्मको प्रो. बलदेव भट्टले थप एक महिना भित्र सम्पन्न गर्नेछु भनी प्रतिवद्धता निवेदन पेश गरेकोबाट कार्यसम्पन्न नगरेको पुस्टी हुन्छ ।
११. मिति २०७७/०५/२१ मा उक्त फर्मबाट घर निर्माण भैरहेको, मेसिनरी उपकरणहरु निर्माण स्थलमा पुगिसकेकोले रोक्का रकमबाट हाललाई रु २५,००,०००। (पच्चीस लाख मात्र) भुक्तानी फुकुवा गरी पाउँ भनी निवेदन दिएको साथै सो निवेदनसँग कार्यसम्पन्न प्रतिवेदन तयार गरी मिति उल्लेख नै नगरी कहिले सम्पन्न भयो एकिन भएन ।
१२. मिति २०७७/०५/२२ मा कार्यालयले रु २५,००,०००। (पच्चीस लाख) फुकुवा गरिदिन भनी वैंकलाई पत्राचार गरेको देखियो ।

१३. मिति २०७७/०६/०८ मा पुनः खातामा बाँकी रहेको रकम रु २१,७५,०००। (एक्काइस लाख पचहत्तर हजार) फुकुवा गरिएको पाइयो । तर फर्मबाट उक्त रकम भुक्तानीको लागि निवेदन तथा केही आधार प्रमाण नलिएको ।

**<u>उपसमितको ठहर :</u>**

कृषि ज्ञान केन्द्र, डडेल्धुराले दोगडा भूमिराज फलफुल प्रशोधन उद्योग, अमरगढी -५, डडेल्धुरालाई अनुदान बापतको रकम रु ४६,७५,०००। (छयालिस लाख पचहत्तर हजार मात्र) उपलब्ध गराउदा सम्झौताको शुरु प्रक्रिया देखि भुक्तानीसम्म प्रचलित ऐन, नियमको प्रतिकुल हुने गरी गरेको देखिन्छ । उपसमितिले उक्त प्रशोधन केन्द्र वरपरका नागरिकहरुसँग सोधपुछ गर्नुका साथै स्थलगत अवलोकन गर्दा प्रशोधन केन्द्रको भवन निर्माण भएको, सामाग्रीहरु खरिद गरी जडान गरिएको तथा २-३ पटक संचालन समेत गरिसकेको देखिन्छ । यस सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा छानविनको क्रममा रहेको भनी मौखिक जानकारी हुँदा उपसमितिले उक्त आयोगको कार्यालय, टंगाल, काठमाडौंलाई पत्राचार गर्दा जवाफ प्राप्त नभएको र घरेलु तथा साना उद्योग कार्यालय, डडेल्धुरामा बुझ्दा मिति २०८०/०६/२३ गतेको निर्णयानुसार उक्त फर्म श्री बलदेव भट्टको नामबाट अमरगढी नगरपालिका वडा नं. ३ बस्ने श्री गणेश सिंह विष्ट सेटीको नाममा नामसारी भई फर्मको नाम समेत परिवर्तन गरी जय घटाल बाबा फलफुल प्रशोधन उद्योग कायम गरेको देखिएकाले अनुदान वितरणमा कानून विपरीतका कार्यहरु भएको देखिएको हुँदा थप छानविनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउनु पर्ने देखिन्छ ।

**<u>समस्या तथा कमीकमजोरीहरु</u> :**

१. कागजातहरुको अभिलेखीकरण व्यवस्थित रुपमा नगरिएको देखियो ।
२. योजना कार्यान्वयन गर्दा अपनाउनु पर्ने सामान्य प्रक्रिया पनि पुरा नगरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको विपरीत कार्यहरु गरेको देखियो ।
३. प्राङ्गारिक मल/गोठे मलको दररेट श्री घण्टेश्वर तरकारी ब्लक संचालक समिति, जोरायल-१, डोटी, विमला बहुउद्देश्यीय कृषि फर्म, सायल-५, डोटी, श्री एस.वि. कृषि तथा पशुपालन फर्म, अजयमेरु-२, डडेल्धुरा लगायतले प्रति के.जी. रु ३० देखि रु ३५ सम्म समेत अत्यन्त उच्च दर राखी भुक्तानी गरेको देखियो ।
४. विभिन्न ब्लक संचालक समितिहरुलाई कार्यविधि विपरीत हुने गरी व्यवस्थापन खर्च र वैठक खर्च भुक्तानी गरेको देखियो ।
५. विद्यालयहरुलाई उपलब्ध गराइएका कम्प्युटर उपकरणहरु केही विद्यालयहरुले चलाउन नजान्दा प्रयोगमा आउन नसकेको देखिन्छ ।

**<u>सुझावहरु</u> :**

१. रु ५ लाखका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतका विभिन्न फर्महरुलाई नियम विपरीत भुक्तानी गरिएको रकम रु ७,५०,४६०।- र रु २५ लाखका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतका ब्लक संचालक समितिहरुलाई व्यवस्थापन खर्च र वैठक भत्ता वापत नियम विपरीत भुक्तानी गरिएको रकम रु १६,२६,६२५।- लाई सम्बन्धित फर्म र ब्लक संचालक समितिहरुबाट असुल गर्ने ।

२. अछाम जिल्लाको कमलबजार-२ मा श्री शक्ति आधारभूत विद्यालयको दुई कोठे ट्रस भवन निर्माणका लागि निर्देशनालयबाट प्रथम किस्ता बाफत रु ३,२०,०००। (तीन लाख बीस हजार मात्र) रकम उपलब्ध गराइएकोमा सम्झौता अनुसारको काम नगरी पेश्की फछ्र्यौट गर्न समेत नआएकोले उक्त रकम सम्बन्धित विद्यालयबाट असुल गर्ने ।

३. शिक्षा विकास निर्देशनालयले विभिन्न मितिमा १२ वटा विद्यालयहरुले एउटै फोटो प्रमाणित गरी पेश गरेको आधारमा रु ६० लाख भुक्तानी गरेको सम्बन्धमा ६ वटा विद्यालयहरुले Specification मध्ये 1 Mbps क्षमताको Internet जडान नगरेकोले उक्त विद्यालयहरुबाट प्रति विद्यालय रु १८,०००। (अक्षरेपि अठाह्र हजार मात्र) का दरले जम्मा रु १,०८,०००।- असुल गर्ने ।




श्री गौरी शंकर आधारभूत विद्यालय


श्री आदर्श आधारभूत विद्यालय
BLOCK 'A'
कार्यालय
स्टोर




गौरीगंगा न.पा. - ४, राजीपुर, कैलाली
WELCOME
स्वागतम्




श्री सु.प. समावेशी आधारभूत विद्यालय
OFFICE ROOM
PROGRAM HALL




श्री बैजनाथ आधारभूत विद्यालय
अमरगढी-४ हरडी ,भलिया ,डडेल्धुरा
स्थापित २०४८











सार्वजनिक लेखा समितिका माननीय सदस्यज्यूहरु र समिति सचिवालयका कर्मचारीहरु

